श्रमिक साप्ताहिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३१ ✪ अङ्क ९ ✪ ६ चैत २०८०, मङ्गलबार ✪ 19 March, 2024, Tuesday ✪ मूल्य रू. १०।-


### ‘भवन निर्माण र वास्तुशास्त्र’ पुस्तक विमोचन

# तथ्यहरू विज्ञानसम्मत हुनुपर्नेमा सुझाव

भक्तपुर । ज्योतिष डा. वीरेन्द्रप्रसाद कायष्ठद्वारा लिखित ‘भवन निर्माण र वास्तुशास्त्र’ नामक पुस्तक नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले एक समारोहबिच शनिबार सार्वजनिक गर्नुभयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले ज्योतिषशास्त्रका धेरै कुरा भविष्यवाणी नभएर अनुभवका आधारमा अग्रजहरूले आफूले सिकेका ज्ञानलाई तथ्यको रूपमा प्रस्तुत गरिएको हुनसक्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, “मानिस स्वभावैले जिज्ञासु हुने भएकोले हरेक घटना र परिघटना किन, कसरी भयो भन्ने कारणको उत्तर खोज्ने क्रममा हरेक कुराको कारण ईश्वरसँग जोडिएर व्याख्या गर्ने परम्परा रहेको मानवशास्त्रीहरूको ठम्याइ रहेको र वैज्ञानिक सोच र विचारको विकास भएपछिमात्र यस्तो परम्परा अन्त भएको हो ।”

वाग्मती प्रदेश सांसद सृजना सैँजुले पुस्तकमा उल्लेख विषय अहिलेको भाषामा इन्टेरिअर डिजाइन र डेकोरेसनसँग सम्बन्धित भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “पुस्तकमा दिइएका तथ्यहरू अझ विज्ञानसम्मत ढङ्गले प्रस्तुत भएको भए सुनमा सुगन्ध हुने थियो ।”

इतिहास तथा संस्कृतिविद् डा.पुरुषोतमालोचन श्रेष्ठले पुस्तक समय सान्दर्भिक भएको र ज्योतिषशास्त्र र संस्कृतिका बारेमा डा. कायष्ठको पुस्तक प्रकाशित भइरहनु समाजकै लागि लाभदायक भएको बताउनुभयो ।

शिक्षक योगेन्द्रमान बिजुक्छेँले जोतिषशास्त्रमा विज्ञान र विश्वास दुवै भएकोले पुस्तकमा प्रस्तुत गरिएका अवधारणालाई विज्ञानसम्मत गर्न पाए पुस्तक बोझिलो हुने बताउनुभयो ।

भनपा वडा नं ९ का वडा अध्यक्ष रवीन्द्र ज्याख्वले हाम्रा अग्रजले हामीलाई मौखिकरूपमा सुनाउँदै आएको इतिहासलाई हामीले सुन्यौँ र मान्यौँ; अब हामी पछिका पुस्तालाई हामीले अझ तथ्यपरक र विज्ञानसम्मत तरिकाले बताउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा ज्योतिषशास्त्रमा आस्था राख्ने राजनीतिज्ञदेखि सर्वसाधारण तथा बुद्धिजीवीहरूको पनि सहभागिता थियो ।

# देशको अर्थतन्त्र कमजोर हुनुमा शासकहरू नै दोषी




भक्तपुर । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा नेपाल क्रान्तिकारी किसान सङ्घको सातौँ भक्तपुर नगर सम्मेलन गत शनिबार सम्पन्न भयो ।

उक्त कार्यक्रमको उद्घाटन गर्दै नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले देशका कलकारखाना तथा उद्योगहरू ध्वस्त पारेर, भारतसँग महँगोमा किन्न बाध्य पार्ने नेपाली शोषक र भारतीय शोषकहरूको विरोध गर्नुपर्नेमा जोड दिनुभयो ।

उत्पादन घट्दा देशलाई पनि घाटा हुने विचार व्यक्त गर्दै उहाँले नेपालीलाई बाहिर पठाएर भारतीय नागरिकहरू नेपालमा भित्र्याएर स्वदेशी पैसा विदेश पुऱ्याएर नेपालको अर्थतन्त्रलाई कमजोर पार्ने काम शासकहरूले गरिरहेको बताउनुभयो ।

पुँजीवादी सरकारले गरिब जनताको सेवा नगर्ने स्पष्ट पार्दै अध्यक्ष रोहितले भन्नुभयो, “जनताको सरकार आएमात्र गरिब जनताको सेवा हुन्छ ।”

ज्येष्ठ नागरिकहरूको लागि आदर निकेतन र बालबालिकाहरूको निम्ति शिशु स्याहार केन्द्र खोल्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले पुराना अग्रज किसान कार्यकर्ताहरूलाई किसान सङ्घले सम्झनुपर्ने र उनीहरूको अनुभव नयाँ पुस्तासमक्ष पुऱ्याउनुपर्नेमा जोड दिनुभयो ।

सम्पत्तिले ज्येष्ठ नागरिकहरूको आदर र सम्मान नहुने उल्लेख गर्दै उहाँले भन्नुभयो, “हामीले आफूमात्र जोगिने होइन अरूलाई पनि जोगाउनुपर्छ, सङ्गठन नभएको ठाउँ र देशमा आचरण, शिष्टता हुँदैन, कसैलाई कसैको मतलब हुँदैन । पुराना र नयाँ कार्यकर्ताहरूको बरोबर भेटघाट गरेर देश विदेशको विषयमा प्रशिक्षित पार्नुपर्छ ।”

नेमकिपाका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य सृजना सैँजुले देशको राजनीति भद्रगोल, अस्थिर र अर्थतन्त्रको स्थिति दयनीय हुनुमा शासकहरू नै जिम्मेवार छन् भन्नुभयो ।

कृषिप्रधान देशमा कृषकको आर्थिक र सामाजिक स्थिति कमजोर रहेको स्पष्ट पार्दै उहाँले मल कारखाना नखोली कमिसनको चक्करमा फसेको र कल कारखाना ध्वस्त गरेर देशमा बेरोजगारी समस्या निम्त्याएको बताउनुभयो ।

भारतबाट भन्सार नतिरी नेपालमा सामान भित्र्याउँदा नेपाली सामान महँगो भएर नबिकेको र राज्यले किसानलाई प्राथमिकता नदिँदा देशको अर्थतन्त्र कमजोर भएको स्पष्ट पार्दै उहाँले भारतसँग महँगोमा किन्ने नेपालको सस्तोमा बेच्ने देशको अर्थतन्त्र कस्तो भनी प्रश्न गर्नुभयो ।

नेपालमा कृषिमा सुधार नभएसम्म देश नबन्ने विचार व्यक्त गर्दै उहाँले देशको ऋण रु. २४ खरब पुगेको छ भन्नुभयो ।

देशमा भारतीय विस्तारवाद र भारतीय एकाधिकार पुँजीको प्रभाव बढिरहेकोमा चिन्ता व्यक्त गर्दै सांसद सैँजुले तिब्बतको नाका सरकारले खोलेको भए मललगायत अन्य दैनिक जनजीवनसित सम्बन्धित सामान भित्रिएर नेपाली जनताको जीवन सहज हुने बताउनुभयो ।

चीन विश्वमा आयात निर्यात गर्ने, ऋण नभएको देश भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, “चीन आफैँ उत्पादन र उपभोग गर्छ । चीनले १० करोड जनतालाई गरिबीबाट मुक्त गऱ्यो । ३३ वर्षको अवधिमा नेपाल ध्वस्त भयो तर चीन समृद्ध भयो । यसको कारण सिद्धान्त, विचार र त्यहाँको व्यवस्थापन नै हो ।”

अन्धविश्वास, कुरीति र विकृतिबाट जोगाउन महिलामाझ पनि राजनीतिक शिक्षा दिनुपर्छ, आ-आफ्ना सन्तानलाई आफ्नो अनुभव बताउन र सङ्गठनमा गएर काम गर्न उत्प्रेरित गर्नुपर्छ, उहाँले भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष गोविन्द दुवालले पार्टीको नीति निर्देशनमा किसान सङ्घर्ष अघि बढेको उल्लेख गर्दै किसान सङ्घ नै नेमकिपाको जग हो भन्नुभयो ।

*बाँकी पृष्ठ १२ मा*

### देशको सार्वभौमिकता रक्षाको लागि

# कर्मचारीहरू सक्षम र तयार रहन जोड




भक्तपुर । “देशको समानुपातिक विकासका लागि सांसद र कर्मचारीहरूले काठमाडौँमा घर बनाउन नपाउने कानुन बनाउनुपर्ने र तिनीहरूले आ-आफ्नै क्षेत्र तथा स्थानमा बसेर जनताको सेवा गर्नुपर्छ । काठमाडौँ उपत्यकालाई प्रदूषण मुक्त गर्न र अव्यवस्थित सहरीकरण व्यवस्थापन गर्न देशको राजधानी दाङमा सार्नु उपयुक्त हुने र प्रदेशको संरचनाअनुसार उद्योग, कलकारखाना, शैक्षिक संस्था र अस्पतालहरू बनाई जनतालाई आफ्नै क्षेत्रमा सेवा सुविधा उपलब्ध हुने व्यवस्था गर्नुपर्छ ।”

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० को अन्तरक्रिया तथा छलफल कार्यक्रममा बताउनुभएको हो । कर्मचारीहरू बुद्धिजीवी वर्गमा पर्ने भएकोले कर्मचारीले पनि आफ्नो जन्मथलोमा निवास बनाएर आफ्नो जन्मथलोको विकास गराउन लाग्नुपर्ने बताउँदै उहाँले काठमाडौँ उपत्यकालगायतको कृषिजन्य भूमिमा घरैघर हुँदा खानेपानीको हाहाकारका साथै वातावरण प्रदूषित भई रोगले आक्रान्त हुने दिन आएको छ, यसबारे कर्मचारीहरूले सोच्न ढिला भइसकेको छ भन्नुभयो ।

उहाँले एमाले, काङ्ग्रेस र माओवादीले कर्मचारीलाई भ्रष्ट बनाएको बताउँदै नेपाल कर्मचारी समाजसँग आबद्ध कर्मचारीहरू इमानदार, देशभक्त र अनुशासित हुनुपर्नेमा जोड दिनुभयो । उहाँले दार्चुलाका महिलाहरूले नेपालको भूमिमाथि अतिक्रमण गर्ने भारतीय सेना र प्रहरीसँग गुलेलीको सहायताले प्रतिकार गरेकोबाट सिकेर कर्मचारीहरूले पनि आवश्यक परेको बेला देशको सार्वभौमिकता रक्षाको लागि बन्दुक उठाउन समेत सक्षम र तयार हुनुपर्छ भन्नुभयो ।

सिंहदरबारभित्रका कर्मचारीहरूले जुलुस गर्दा केही गर्न नसक्ने सरकारले ‘कर्मचारीले राजनीति गर्न हुन्न’ भन्नु पनि राजनीति नै हो, पक्षपात हो भन्दै सचिव सुवालले कर्मचारीहरूले पार्टी प्रकाशनहरूको अध्ययन र अन्तरक्रिया

*बाँकी पृष्ठ १२ मा*

# बर्दियाको ठाकुरबाबा भुरी गाउँमा कार्यकर्ता भेला



बर्दिया । अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा ठाकुरबाबा नगरपालिकाको भुरी गाउँमा आइतबार कार्यकर्ता भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले देश र जनताको सेवा गर्नुपर्ने शासक दलहरूले विदेशीको दलाली गर्दा देशको नदीनालामात्रै होइन देश नै नरहने खालको एमसीसी, नागरिकता विधेयकजस्तो देशघाती सम्झौता गरेकोले देशघाती कदमको विरोधमा सबै पार्टीका इमानदार कार्यकर्ताले विरोध गर्नुपर्छ भन्नुभयो ।

उहाँले भन्नुभयो, “नेपालका लेन्डुप दोर्जे, जेलेन्स्की र नेतन्याहुजस्ता दलाल शासकहरू तयार गर्न अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद लागिपरेका छन् ।”

जनताको सुझबुझपूर्ण एकताले नै देश जोगाउन सकिने धारणा राख्दै केन्द्रीय सदस्य थापामगरले सबै क्षेत्रमा इमानदार भई काम गर्ने श्रम शक्ति तयार गर्न सके देश अगाडि बढ्ने बताउनुभयो ।

महिलालाई राजनीतिकरूपमा सचेत गराउन सके पुँजीवादी शासक दलहरूले विश्वासघात गर्ने नसक्ने उहाँले स्पष्ट पार्नुभयो ।

नेमकिपा बर्दियाका अध्यक्ष हरिलाल न्यौपानेले नेमकिपाको उद्देश्य भनेको नै देश र जनताको इमानदारीपूर्वक सेवा गरी समाजवादी व्यवस्था स्थापना गर्नु हो भन्नुभयो ।

महिला शिक्षित भए समाज परिवर्तन छिटो हुने धारणा राख्दै नयाँ पुस्तालाई शिक्षित र इमानदार बनाउनुपर्नेमा जोड दिनुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङले आफ्नो अधिकारको लागि शासक दलहरूसँग लड्नुपर्ने बताउनुभयो ।

निरन्तर सङ्घर्षले नै सफलता प्राप्त हुने चर्चा गर्दै उहाँले हाम्रा बालबालिकालाई असल व्यवहार र आचरण सिकाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, “प्रतिक्रियावादीहरूले जति दबाउन खोजे पनि हामीले जनतालाई शिक्षित पार्न छोड्नुहुन्न ।”

स्वास्थ्यकर्मी रविना सुवालले मानसिक रोगबारे जानकारी गराउँदै समय समयमा स्वास्थ्य परीक्षण गराउनुपर्ने बताउनुभयो ।

स्वास्थ्यबारे हेलचक्र्याइँ गर्नुहुन्न;, समयमा उपचार नगर्दा मानसिक रोगले विकराल समस्या निम्त्याउने खतरा भएकोले चिकित्सकहरूबाट समयमै परामर्श लिनुपर्छ”, उहाँले भन्नुभयो ।

नेमकिपा बर्दियाका धर्मराज आचार्यले समाजलाई अस्थिर हुनबाट जोगाउन गाउँलाई मदिरा निषेध क्षेत्र बनाउन आवश्यक भएको बताउनुभयो ।


नेक्रामहिला सङ्घ बर्दियाका अध्यक्ष पवित्रा शाही, थिरबहादुर ओली, सवित्रा थापालगायतले कार्यक्रममा बोल्नुभएको थियो ।


## बालमैत्री वातावरण बनाऔं

बालबालिकालाई:

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक वाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलव्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड



पेरिस कम्युनलाई हेरौं। त्यो विश्वमै सर्वहारावर्गको पहिलो हुकुम (शासन) थियो।

फ्रेडरिक एङ्गेल्स

## सम्पादकीय

# विवाह, नाफा र पेसा

विवाह दुई हृदयको मिलन मात्रै होइन, एक आर्थिक लेनदेन, नाफा, राज्य हत्याउने चालबाजी र राजनीतिक हतियार पनि हो। दास युग र सामन्तवादी कालमा विवाहको नाममा एक दास मालिकले अर्को दास मालिक र राज्यमा समेत हमलाको एउटा कारण बनाइएको हुन्छ। युरोपमा नेपोलियनको पालासम्म आफूले जितिएका राज्यका महारानीहरूलाई उनले आफ्ना महारानी बनाएका थिए। पहिले मिश्रमा पनि महारानीकै निम्ति लडाइँ भएको थियो।

रामायणलाई एक महाकाव्यको रूपमा लिँदा युद्धको हाँक दिन रावणले सीतालाई हरण गरेका थिए। महाभारतमा द्रौपदीको घमण्डको निहुँ राखी राजसभामा उनको बेइज्जती गरेर पाँच पाण्डवलाई लडाइँको निम्ति उत्तेजित गरेका थिए - दुर्योधन र दु:सासनहरूले।

एक राजाले अर्को राज्यका कन्या विवाह गरेर युद्धलाई टार्ने, युद्धको निहुँ बनाउने र कमजोर राज्यलाई आफूमा मिलाउन पनि विवाहको सन्देश दिन्थ्यो। स्पेनले बेलायतलाई आफ्नोमा मिलाउनकै निम्ति बेलायती कुमारी महारानीलाई विवाह गर्न असफल भएपछि स्पेनियाली राजाले त्यसबेला आफ्नो ठुलो जहाजी बेडाले बेलायतमाथि आक्रमण गरेको थियो। त्यस युद्धमा बेलायती सरकार र जनताले आफ्नो राज्य जोगाउन आफूभन्दा शक्तिशाली स्पेनलाई पराजित गरे।

अन्य देशहरूमा पनि विभिन्न जातजाति र भाषाभाषीहरूलाई आ-आफ्नो मातहतमा राख्न, समर्थन र सहयोग पाउन त्यहाँका कन्याहरूसँग विवाहको नाटक गर्थे र 'मित मानेर' राज्य हत्याउँथे। शाह र राणाहरूले धेरै पछिसम्म पनि विवाहलाई हतियार बनाए। प्रजातन्त्रवादी र गणतन्त्रवादीहरूले पनि दास मालिक, सामन्त र पुँजीपतिवर्गको विवाहको सिलसिलालाई चालु राखे। एउटा पुँजीवादी कम्पनीका मालिकले अर्को कम्पनीको मालिक परिवारको बिचमा व्यापारको प्रतिस्पर्धाबाट दुवै घाटामा पुग्ने देखेर दुई परिवारमा विवाह वा सामाजिक सम्बन्ध राख्छन् - आर्थिक कारण र नाफाको निम्ति !

'राधा र कृष्ण', 'सत्यवान र सावित्री', 'रोमियो र जुलियट', 'लैजा मजुनु' जस्ता कथा र नाटक वा साहित्य हुन्भन्दा फरक नपर्ला !

दास युगमा लडाइँमा बन्दी बनाइएका व्यक्तिहरूलाई नै विजयी पक्षले काम गराउँथ्यो - कसैलाई ढुङ्गाको काम, कसैलाई काठको काम र कसैलाई खेती वा माटोको काम। तर, तिनीहरूले गरी आएको पेसा वा काम छोडेर अरू पेसा वा काम गर्न पाउँदैनथे। आज त्यसबारे चिन्तन गर्दा निश्चय पनि त्यो व्यवस्था अन्याय थियो। तर, धेरै पुस्ताले ढुङ्गा, काठ र बाटोको वा अन्य काम गर्दा गर्दै तिनीहरूले ती काममा दक्षता प्राप्त गर्थे। ढुङ्गामा काम गर्नेहरू शिलाकार वा ढुङ्गाका काम गर्नेहरू मूर्तिकारहरू भए, काठको काम गर्नेहरू सिकर्मी वा शिल्पकारहरू भए, माटोको काम गर्नेहरू कुम्हाले र किसानहरू भए। तिनीहरूले आ-आफ्नो पेसा छोडेर अन्य काम गर्न पाउँदैनथे।

जसरी सामन्त समाजका दास युगका राम्रा र नराम्रा प्रभावहरू कायम रहे; त्यस्तै पुँजीवादी समाजमा पनि सामन्तवादी समाजका राम्रा र नराम्रा परम्परा कायम भएका हुन्छन्। त्यसले कला र शिल्पको विकास हुँदै गयो।

सामन्तवादी व्यवस्थामा विवाह र सामाजिक सम्बन्ध आपसको पेसाअनुसार भएको देखियो - शिलाकारहरूको विवाह शिलाकारहरूसँगै, सिकर्मीहरूको शिल्पकारहरूसँगै, कुम्हाले वा किसानहरूको किसानहरूसँगै आदि। यो सिलसिला पुँजीवादी समाजको विकासको सुरुको बेलासम्म रह्यो। व्यापार, उद्योग, कलकारखानाको विकाससँगसँगै सबैले सबै किसिमका पेसा अपनाउन थालेपछि बिस्तारै जातअनुसारको विवाह वा सामाजिक सम्बन्ध पनि कमजोर हुँदै पुरानो जातीय प्रभाव कम हुँदै परिस्थितिअनुसार विवाह सुरु भयो।

# भारतीय पूर्वजर्नेल मेहताले प्रम दाहाललाई 'भारतीय घोडा' किन भने ?

✍ प्रेम सुवाल

(सत्ता गठबन्धनले देश र जनताको हितमा सरकार गठन गर्नुपर्ने हुन्छ। नेपाल मजदुर किसान पार्टीले सत्ता गठबन्धनका नेता र प्रधानमन्त्रीहरूको व्यक्तिगत विरोध गरेको होइन। सत्ता गठबन्धनमा संलग्न शासक दलहरूलाई सचेत पार्न सुझाव राख्दै आएको हो।)

- शासक राजनीतिक दलहरूमा एकले अर्कोलाई विश्वासघात र बेइमानी गर्नु तिहुन चाखुवा प्रवृत्ति हो। इमानदार राजनीतिक दल निश्चित दर्शनअनुसार एक वर्ग आधारमा गठन हुन्छ। राजनीति देश र जनताको इमान्दारीपूर्वक सेवा गर्ने क्षेत्र हो। बेइमानी र विश्वासघात गर्नेलाई राजनीतिक दल भन्न सकिँदैन। सिद्धान्त र विचार नमिल्ने राजनीतिक दलहरूको निर्वाचन गठबन्धन र सत्ता गठबन्धनको परिणाम सु:खद हुने छैन। सिद्धान्तहीन गठबन्धन गर्नेहरू हिमालयमा चिप्लेटी खेलेजस्तै एकदिन उठ्नै नसक्ने गरी पछारिनेछन्।
- सिद्धान्तहीन गठबन्धन गर्नेहरू घुसलाई 'प्रसाद' र भ्रष्टाचारलाई 'पूजा' ठान्छन्. सदाचारको बहस गर्छन् तर काममा भ्रष्टाचार गर्छन्। तिनीहरू 'ठूला सम्पत्ति', 'उच्च पद' र 'उच्च सम्मान' हरू असत्य बोल्नेहरूलाई पारितोषिक ठान्छन्। सर्पले सर्पको खुट्टा देख्छ भनेझैँ गठबन्धन फेरबदल हुनुमा कुन विदेशीको हात छ शासक दलहरूलाई जरुर थाहा हुनुपर्छ, खुलासा गर्नुपर्दछ।
- उथलपुथल भनेको मन्त्रीमण्डल पुन:गठन गर्नु होइन। बाहिरबाट घर पुगेर लुगा फेर्नु पनि उथलपुथल होइन। मन्त्रीमण्डल पुन:गठनको उथलपुथल त पञ्चायतकालमा पनि धेरै देखिएको थियो। जिल्ला जिल्लाबाट नेपालीहरू शिक्षा, रोजगारी, उपचारको लागि प्रदेश र सङ्घको राजधानी आउन नपर्ने, प्रदेश प्रमुखहरूले बजेट र अधिकार नभएको गुनासो गर्न नपर्ने, स्थानीय तहलाई स्वायत्तता र विकेन्द्रीकरणसहित काम गर्न दिने, जिल्ला जिल्लामा सहर निर्माण गरी सन्तुलित विकास गर्ने अवस्था देशमा भएमात्र मन्त्रीहरूको हेराफेरीमा सर्वसाधारणको चासो हुनेछ।
- मिटरब्याज पीडितलाई आ-आफ्ना घरजग्गासमेत दिएर पनि नपुग्ने गरी जाली कागज गराइएको खारेज हुनुपर्‍यो। सहकारी पीडितहरूको बचत ठग सञ्चालकबाट फिर्ता हुनुपर्‍यो। दूध किसानलाई ६ अर्बभन्दा बढी भुक्तानी हुनुपर्‍यो। लघुवित्त पीडित गरिबहरू ऋणबाट मुक्ति पाउनुपर्‍यो। सार्वजनिक सरकारी जग्गा, जङ्गल, कमलपोखरी खानेहरूलाई जेल थुनेर ती सम्पत्ति पुन: सार्वजनिक र सरकारी कायम हुनुपर्‍यो। नेपालीको सम्पत्तिको सिमाङ्कन र विदेशमा सम्पत्ति राख्न नपाउने कानुनी व्यवस्था हुनुपर्‍यो। तब सर्वसाधारण जनताले उथलपुथल भएको ठान्नेछन्।
- प्रधानमन्त्रीहरूले आ-आफ्नो कार्यकालमा कृषिलाई आत्मनिर्भर र उद्योगको विकास गरी आन्तरिक उत्पादन बढाउन के के गरे ?, नेपाली युवालाई घरखेत बेचाएर वैदेशिक रोजगारीमा पठाउने र विदेश अध्ययनमा पठाउने काम किन रोकिएन ? त्यसको सूची बताउनु नै उथलपुथलको सङ्केत हुनेछ।
- कम्युनिस्ट पार्टीका नेताले बोलेर हिँड्नेभन्दा गरेर देखाउने हो। सरकारको नेतृत्व कामदार वर्गको प्रतिनिधिले गर्नुपर्छ। पुँजीवादी सरकारको नेतृत्व गरेर 'क्रान्तिकारीहरू केन्द्रित हुने' दाबी गर्नु कम्युनिस्ट आन्दोलनलाई अर्को भड्खालोमा जाक्ने हो।
- शासक दलहरू आफू सरकारमा रहेमात्र संविधानको रक्षा र गणतन्त्र सुदृढीकरण हुने ठान्छन्, सरकारबाट बाहिर बस्नु परे अस्थिरता र अन्यौल देख्छन्। सत्तापक्ष र प्रमुख प्रतिपक्षीबिच नियुक्तिहरूमा भागबन्डा हुनु, एउटै विधेयकमा दर्जनौँ ऐन संशोधनको प्रस्ताव गर्नु, विधेयकमा सांसदहरूलाई पर्याप्त छलफल गर्न समय नदिनु गणतन्त्रविरोधी, अस्थिर र अन्यौल किन होइन ?
- प्यालेस्टिनी भूमि कब्जा गर्ने र त्यहाँका जनताको नरसंहार गर्ने अमेरिकी सरकारको हतियारप्राप्त इजरायली बमवारीको कारण अहिले गाजामा खाना, पानी, इन्धन र औषधीलगायतको सङ्कट बल्झिँदै गएको छ। अस्ट्रेलियाका नेताहरू र आसियानका सदस्यहरूले विशेष शिखर सम्मेलन गरी गाजामा तत्काल युद्धविराम गर्नुपर्ने मेलवर्न घोषणापत्र जारी गरेका छन्। नेपाल सरकारले पनि अन्तर्राष्ट्रिय दबुमा प्यालेस्टिनमा इजरायली कब्जा र नरसंहार तथा युक्रेनमा रुसविरुद्ध अमेरिकी युद्धको विरोध गर्नु जरुरी छ।
- भक्तपुर दरबार क्षेत्रको हाल चित्रसङ्ग्रहालय रहेको लिच्छविकालीन भवनलाई लिच्छविकालीन शैलीमा पुन:निर्माण गर्न गराउन भक्तपुर नगरपालिकालाई जिम्मा दिनु उपयुक्त हुनेछ। यो भवनको टालटुले मर्मतको नाममा बजेट सत्यानाश गर्ने संस्कृति मन्त्रालय र पुरातत्त्व विभागको योजना गलत हो।
- विश्व बैङ्कले कोभिड-१९ नियन्त्रणको लागि 'इमर्जेन्सी रेस्पोन्स एन्ड हेल्थ सिस्टम प्रिपेयरनेस प्रोजेक्ट' का रूपमा नेपाललाई ५ अर्ब रुपैयाँ ऋण दिएकोमध्ये स्वास्थ्य सेवा विभागले गरेको २ अर्ब ४२ करोड रुपियाँको उपकरण खरिदमा करोडौँ रुपियाँ भ्रष्टाचार भएको सार्वजनिक भयो। सम्बन्धित निकायबाट यसबारे तत्काल छानबिन हुनु जरुरी छ।
- भारतीय पूवसैन्य अधिकारी अशोक मेहताले नेपालका प्रधानमन्त्रीलाई 'भारतीय घोडा' भनेकोबारे स्पष्ट गराउन अन्तर्राष्ट्रिय सम्बन्ध समितिले भारतीय राजदूतलाई बोलाई छलफल गर्नु आवश्यक छ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले २०८० फागुन २४ गते प्रतिनिधिसभामा प्रधानमन्त्री पुष्पकमल दाहालले पेश गरेको विश्वासको मत लिने प्रस्तावमा राख्नुभएको मन्तव्यको सार। सांसद सुवालले विश्वासको प्रस्तावको 'मत दिन्न' पक्षमा हस्ताक्षर गर्नुभएको - सं.)*

**विमस्टेकमा नेपाल सदस्य : भारतको पिछलग्गू हुनु हो**

- सन् १९९७ मा स्थापना भएको विमस्टेकमा दक्षिण एसिया र दक्षिण पूर्वी एसियाका बङ्गलादेश, भुटान, भारत, म्यानमार, नेपाल, श्रीलङ्का, थाइल्याण्डसमेत सात देश सदस्य भएको उल्लेख छ। यो क्षेत्रमा अफगानिस्तान र पाकिस्तान पनि पर्दछन्। म्यानमारको अक्षांशमा चीन पनि पर्दछ। तर, विमस्टेकमा अफगानीस्तान, पाकिस्तान र चीनलाई संलग्न गराइएको छैन। नेपाल सरकारले २०७८ चैत १६ गते विमस्टेकमा हस्ताक्षेर गर्नुअघि यो विषयलाई ध्यान दिनुपर्दथ्यो। ध्यान नदिएको गलत भयो।

*बाँकी पृष्ठ ११ मा*

# सरकारी जग्गा फिर्ता ल्याउनुपर्ने अदालती फैसलामा सरकार किन मौन ?




शुक्र

नेपालको ७० जिल्लामा गुठी संस्थानको जग्गा छ। गुठी जग्गा संरक्षण गर्न २०२१ सालमा गुठी संस्थानको गठन भएको हो। संस्थानमा २१ करारसहित ८२ जना कर्मचारी छन्। सरकारले सञ्चालक समितिमा अध्यक्षसहित ९ पदाधिकारी नियुक्ति गर्छ।

संस्थान सञ्चालन गर्न सरकारले अनुदान दिन छाडेपछि गुठी र सिवालयको मालपोत, कुतबाली, घर पसल जग्गा बहाल, सञ्चित कोषको ब्याज, दण्ड जरिवाना, तैनाथी जग्गा बिक्रीवापतको आम्दानी (देवस्व) बाटै कर्मचारी र पदाधिकारीले तलब, भत्ता खाने र कार्यालय सञ्चालन खर्च गर्ने गरेको गुठी संस्थानका अधिकारीहरूको मत छ।

संस्थानले आव २०७८/७९ मा ४१ करोड ८७ लाख ७३ हजार ७ सय रुपियाँ आम्दानी गरेकोमा ४० करोड ८७ लाख ८१ हजार रुपियाँ खर्च गर्‍यो। जसमध्ये तलब, भत्ता, इन्धन, पेन्सन, उपदान वापत १२ करोड ५५ लाख १३ हजार रुपियाँ खर्च गरियो। गुठी र देवालयको देवस्वबाट तलब, भत्ता खानु अख्तियारको दुरुपयोग हो। यसरी देवस्व खाने संस्थानका कर्मचारी र पदाधिकारीहरूले गुठी जग्गा संरक्षण गरेका छैनन्। देशभरका गुठी जग्गा कमलपोखरी र भवन अतिक्रमण गरी निजी गरिँदै छन्। संस्थानसँग गुठी जग्गाको यथार्थ विवरण नभएको मात्र होइन कति जग्गा अतिक्रमण भयो तथ्याङ्क समेत छैन।

घर, जग्गा, बगैँचालगायतको बहालवापतको अर्बौं रुपियाँ केही व्यक्तिहरूले हजम पारिरहेका छन्। गुठी संस्थानले सो रकम उठाउने कुनै पहल नगरेको गुनासो छ। यसले वार्षिक ६ प्रतिशत आम्दानी घट्दा संस्थानअन्तर्गतका देवालय र सिवालयको पुन:निर्माण मर्मतसमेत हुन सकेको छैन।

केही वर्षअगाडि गुठी संस्थानले सङ्कलन गरेको एक विवरणमा पहाडमा ५ लाख ६१ हजार ९ सय ९० रोपनी र तराईमा ६६ हजार ३ सय ३० बिघा जग्गा गुठी संस्थानको भएको उल्लेख छ। महालेखा परीक्षकको एक प्रतिवेदनमा धनुषा जिल्लामा १७ बिघा, महोत्तरीमा ७२ बिघा, बारामा २७ बिघा, पर्सामा ७ बिघा, काठमाडौंमा १४ रोपनी, ललितपुरमा १२ रोपनी, भक्तपुरमा २ रोपनी गुठी जग्गा अतिक्रमणमा परेको उल्लेख थियो भने भूमि व्यवस्था मन्त्रालयको एक प्रतिवेदनमा जनकपुरमा मात्र १० हजार विघा जग्गा अतिक्रमणमा परेको उल्लेख छ।

एक समाचारअनुसार काठमाडौँमा मात्र २ हजार रोपनीभन्दा बढी र दाङको नारायणपुरमा १ सय ५८ रोपनी जग्गा अतिक्रमणमा परेको छ। अछामको वैद्यनाथ धामको ८ सय ६२ रोपनी र जनकपुरमा १ हजार १ सय ८८ कित्ता जग्गा अतिक्रमण परेको छ।

महालेखाको २०७९ को प्रतिवेदनमा गुठीको सम्पत्ति संरक्षण र नियन्त्रणको लगत नभेटिएको, अधिकांश जिल्लाका गुठी जग्गा अतिक्रमण हुँदा समेत रोक्न कुनै पहल नभएको, अतिक्रमित जग्गाको एकीकृत तथा अद्यावधिक लगत लयार नगरेको उल्लेख भएबाट संस्थानका पदाधिकारी र उच्च कर्मचारीहरू भ्रष्ट भएको सावित हुन्छ।

विशेष अदालतका पूर्वअध्यक्ष मोहनरमण भट्टराई नेतृत्वको आयोगले ८ हजार १ सय ९० रोपनी सरकारी जग्गा व्यक्तिको नाममा दर्ता भएको प्रतिवेदन तीन वर्ष अगाडि नै बुझाएको थियो। यसभन्दा अघि पनि ४१ ओटा यस्ता प्रतिवेदन मन्त्रालयको दराजमा थन्क्याइएको छ।

ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गर्ने अधिकारी र बिचौलियाहरूलाई कानुनी कारबाही गरी सरकारी जग्गा फिर्ता ल्याउनुपर्ने अदालतको फैसलापछि गृह मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयहरूलाई पत्राचार गरी सरकारी/सार्वजनिक जग्गाको विवरण उपलब्ध गराउन भनेको छ। प्रतिवेदनले अतिक्रमणमा परेको भनी किटान गरेको सरकारी/सार्वजनिक/गुठी जग्गा फिर्ता ल्याउने विषयमा सरकार मौन बस्यो। शासक दलकै नेता कार्यकर्ताबाट सरकारी/ सार्वजनिक/ गुठी जग्गा अतिक्रमण भइरहेको गुनासो छ।

काठमाडौँ थँवहीस्थित विक्रमशील महाविहारको कमलपोखरी र डिल र चोकसमेत २६ रोपनी ८ आना व्यक्तिको नाममा दर्ता गर्नेहरूलाई पनि कारबाही गर्नु जरुरी छ। भक्तपुरका ठाउँ ठाउँका पर्तीजग्गा, खोला, खोला किनार, कमलपोखरी व्यक्तिको कब्जामा हुँदासमेत सम्बन्धित निकाय मौन छन्। यसरी सार्वजनिक जग्गा अतिक्रमण गर्नेहरूलाई कारबाही गरी गुठी जग्गा रैतानीमा परिणत गर्नुपर्ने आवाज सर्वत्र उठिरहेको छ।

# शासक दलहरू दुईदलीय तानाशाहीतिर !

✍ विवेक

राजनैतिक पार्टीहरू विचार, वर्ग, जात, धर्म, क्षेत्रको आधारमा स्थापना भएका हुन्छन् । धेरै विचारहरूबिच प्रतिस्पर्धा नै प्रजातन्त्र हो । हरेक दलहरूले कुनै न कुनै वर्गको प्रतिनिधित्व गरेको हुन्छ । निर्वाचनमा जनताले पार्टी घोषणापत्रको आधारमा दलहरू रोज्ने गर्छन् । जन निर्वाचित दलहरूले शासन गर्ने वैधता प्राप्त गर्छन् । सामान्यतया त्यसैलाई प्रजातन्त्र भनिन्छ । धेरै दलहरू हुनुलाई प्रजातन्त्रको सुन्दर पक्ष मानिन्छ ।

मुखले प्रजातन्त्रको दुहाइ दिने हाम्रा शासक दलहरू व्यवहारमा भने दुईदलीय तानाशाही लाड्न चाहन्छन् । बराबर हुने सरकार परिवर्तनका खेलहरूको तमाम दोष संसद्मा रहेका साना दलहरूलाई दिएर उनीहरू चोखा हुन खोज्दै छन् ।

बितेका १४ महिनामा ३ पटक सरकार परिवर्तन भयो । त्यो ती नै शासक दलहरूको सत्ता स्वार्थको कारण भएको हो । तर, त्यो स्वीकार्न एमाले महासचिव पोखरेल तयार देखिँदैनन् । उनी भन्छन् – 'राष्ट्रिय पार्टी बन्न चाहिने थ्रेसहोल्ड बढाइ दिनुपर्छ । अहिले ३ प्रतिशतको थ्रेसहोल्ड छ, त्यसलाई ५ प्रतिशत पुऱ्याउनुपर्छ । त्यसबाट दुई–तीन वटा पार्टी बाहिरिन्छन् । प्रदेशमा ३ प्रतिशत भएको भए अहिलेको अस्थिरता प्रदेशमा हुने थिएन ।' (चैत १, सेतोपाटीसँगको अन्तरवार्ता)

साना पार्टीहरूको कारण देशमा राजनैतिक अस्थिरता आएको भए २०७४ सालको संसदीय निर्वाचनपछि नेकपा गठनसँगै एउटै पार्टीको झण्डै दुई तिहाइ मत थियो । नेकपा १७४, नेका ६३, समाजवादी १७, जसपा १७, नेमकिपा, राप्रपा, राजमो र अन्य स्वतन्त्र गरी ४ मात्र थिए । तर सरकार ५ वर्ष चलेन । नेकपाबिचमा फुट आएपछि सरकार ढल्यो । त्यसको असर सबै प्रदेशहरूमा पर्यो । अनि अस्थिरताको दोष साना दलहरूलाई ? निर्लज्जताको हद !

२०६२–६३ को जनआन्दोलन पछि निर्मित अन्तरिम संविधानदेखि नै नेका र एमालेजस्ता दलहरू संविधानमा मतसीमा (थ्रेसहोल्ड) राख्न चाहन्थे । पहिलो र दोस्रो संविधान सभामा पनि ती दलहरूले मतसीमा राख्न निकै जोडका दिए । संविधान सभामा धेरै दलहरूको विरोधको कारण त्यो सम्भव भएन । तर, २०७२ सालको संविधान निर्माणपछि निर्वाचन कानुनमा त्यो बन्दोबस्त गरियो । प्रतिनिधिसभामा समानुपातिकतर्फ खसेको मतको ३ प्रतिशत र प्रदेशसभामा १.५ प्रतिशत मत प्राप्त गर्ने पार्टीलाई मात्रै राष्ट्रिय र प्रदेश स्तरीय पार्टीको मान्यता दिने भन्ने व्यवस्था गरियो । त्यसकारण, धेरै पार्टीहरूले राष्ट्रिय र प्रदेश पार्टीको मान्यता पाएनन् । ती पार्टीहरूले प्राप्त गरेको मत ठूलो पार्टीमा जाने र समानुपातिकमा उनीहरूले आफ्ना प्रतिनिधिहरू पठाउने गरेका छन् । त्यसैले नेका, एमाले र माओवादीजस्ता शासक दलहरू मत सीमाको कारण साना पार्टीहरूले प्राप्त गरेको मत लुट्ने 'लुटेरा' हुन् भन्दा फरक पर्दैन ।

माधवकुमार नेपालले नेतृत्व गरेको एकीकृत समाजवादी पार्टीले प्रत्यक्षतर्फ १० सिट जित्यो तर उनको पार्टीले समानुपातिकतर्फ ३ प्रतिशत पाउन सकेन । एकीकृत समाजवादीले राष्ट्रिय पार्टीको मान्यता पाएन । प्रधानमन्त्री प्रचण्डले राष्ट्रिय मान्यता प्राप्त पार्टीहरूको बैठकमा नेपाललाई नबोलाइएकोमा निकै चित्त दुःखाएको देखिन्छ । उनको पार्टीले प्राप्त गरेको २ लाखभन्दा बढी मत नेका, एमाले र माओवादीजस्ता पार्टीमा जम्मा हुन गई उनीहरूले प्रतिनिधित्व गरिरहेका छन् ।

मतसीमा राख्नुपर्ने कुरामा सबभन्दा बढी जोड दिने नेताहरूमध्ये माधव नेपाल पनि एक हुन् । संविधान निर्माणको क्रममा उनले एकपटक भनेका थिए –'जाबो ३ प्रतिशत पनि मत प्राप्त गर्न नसक्ने पार्टीलाई कसरी राष्ट्रिय पार्टीको मान्यता दिने !' छलफलकै क्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष का. नारायणमान बिजुक्छेँ (रोहित) ले मत सीमा राख्न नहुनेमा जोड दिँदै भन्नुभएको थियो –'पार्टीहरू विचार, जात, वर्ग, क्षेत्रको आधारमा स्थापना हुने भएको हुँदा प्रत्यक्षतर्फ १० सिट जिते पनि समानुपातिकतर्फ ३ प्रतिशत मत नआउन सक्छ ।' उहाँले देशमा भएका अल्पसङ्ख्यक जातिहरूको नामै लिएर त्यस्तो स्पष्ट पार्नुभएको थियो । अहिले माधव नेपाल स्वयम् आफूले खनेको खाल्डोमा परेका छन् ।

एमाले नेताहरू ३ प्रतिशतको मतसीमा बढाउनुपर्ने पक्षमा छन् । उनीहरू नेका, एमाले र माओवादीले पालैपालो शासन र शोषण गर्न चाहन्छन् । सरकारमा गएर जनताको सेवा गर्ने कुनै सोच र चिन्तन छैन । नेपालमा कसरी दुई दलीय तानाशाही लागु गर्ने र अन्य पार्टीहरूको अस्तित्व समाप्त पार्ने भन्नेमै उनीहरूको ध्यान केन्द्रित देखिन्छ ।

फागुन २१ गते माओवादी अध्यक्ष प्रचण्डले नेकासँगको गठबन्धन तोडेर एमालेसँग नयाँ गठबन्धन सरकार गठन गरे । एमालेले पुरानो गठबन्धन भत्काउन निरन्तर प्रयास गरेको थियो । यसलाई दुईदलीय तानाशाहीको अभ्यासको रूपमा लिन सकिन्छ । एमाले महासचिव शङ्कर पोखरेलकै भनाइमा 'गठबन्धनबाट नेका र माओवादी जो छोड्न तयार हुन्छ, त्यतै जाने भन्ने हो, हाम्रो पार्टीमा धेरैको मत नेकासँग मिल्नुपर्छ भन्ने थियो ।' एमाले कस्तो पार्टी हो ? हलेदो भनेपछि कोत्याई रहनु नपर्ला ।

अहिले प्रदेशहरूमा भएका अस्थिरता पनि कम सङ्ख्यामा प्रतिनिधित्व गर्ने पार्टीहरूकै कारण भएको भन्ने पोखरेलको आशय छ । वास्तवमा त्यो सत्य होइन । सत्य के हो भने केन्द्र सरकार विघटनसँगै प्रदेशहरूका सरकारहरू स्वतः फेरबदल हुनु स्वाभाविक हो । एमाले महासचिव पोखरेल मुखै खोलेर दुई दलीय व्यवस्थाको पक्षमा वकालत गर्छन्–'बेलायतको लेबर पार्टी र कन्जरभेटिभ पार्टीजस्तो वा अमेरिकाका रिपब्लिकन र डेमोक्रेटिक जस्तो ।'

बेलायतमा संसदीय प्रजातन्त्र सुरु भएको र अमेरिकामा प्रजातान्त्रिक निर्वाचन भएको कति वर्ष भयो ? पोखरेललाई राम्रै थाहा हुनुपर्छ । नेपालमा पञ्चायती निरङ्कुशताविरुद्ध सबै प्रजातन्त्रवादीहरू एक भएर लडेका कति वर्ष भयो ? त्यो पनि थाहा हुनैपर्छ । २०४७ सालको संविधानमा पनि ३ प्रतिशतको मतसीमाको व्यवस्था गरेको थियो । नेमकिपाले त्यही बेलादेखि नै दुई दलीय तानाशाहीको विरोध गर्दै आएको हो । पछि काठमाडौँको उप निर्वाचनमा पार्टीगत रूपमा चुनाव लड्न निर्वाचन आयोगले रोक लगाए पछि त्यसको विरुद्ध नेमकिपा सर्वोच्च अदालतमा पुग्यो । अदालतले संसद्मा रहँदा मात्रै 'स्वतन्त्र' हुने भन्ने फैसला गरेपछि त्यो व्यवस्थापन भएको थियो । पछिल्ला संविधानहरूमा मतसीमाको बन्दोबस्त गर्न उनीहरू असफल भए । तर, निर्वाचन कानुनमा बन्दोबस्त गरी विचार निषेध गर्ने काम उनीहरू गर्दै छन् । नेमकिपाले त्यसको विरुद्ध अदालतमा दर्ता गरेको रिट अहिले विचाराधीन छ ।

धेरै प्रकारका फूलहरू रहेका बगैंचा सुन्दर भएजस्तै सयौं विचारहरूले राजनैतिक अभ्यास गर्ने र फल्ने फूल्ने अवसर भएमा प्रजातन्त्र राम्रो हुन्छ । अहिलेको गणतान्त्रिक राज्य व्यवस्थामा दुईदलीय तानाशाही नेपाली जनताको लागि स्वीकार्य हुन सक्दैन । यो कुरा अहिले उठ्न किन पनि जरुरी छ भने शङ्कर पोखरेल एमाले महासचिव हुन् । एमाले सरकारका महत्त्वपूर्ण हिस्सेदार दल हो ।

साढे १५ खर्ब बजेट भएको देशमा २४ खर्ब ऋण, लत्ताकपडादेखि सम्पूर्णजसो कृषिजन्य वस्तुहरू आयात गर्नुपर्ने अवस्था, युवाहरू जति विदेश जान बाध्य, बुद्धिजीवीहरू विदेश पलायनको बाध्यतामा देशलाई कसले पुऱ्यायो ? यी नै आफूलाई लोकतन्त्रवादी र प्रजातन्त्रवादी दाबी गर्ने नेका, एमाले र माओवादीहरूले होइन ? अनि त्यसको कडा आलोचना गर्यो भनेर अन्य दलहरूलाई समाप्त पार्न खोज्ने काम शासक दलहरूबाट भइरहेका छन् । आफ्नो अकर्मन्यता, देशद्रोही, जनघाती कामको तमाम दोष तिनीहरूले क्षणिक रूपमा 'साना' दलहरूलाई दिए पनि ती अपराध कर्मलाई नेपालको इतिहासले कहिल्यै माफी दिने छैन ।

अहिले शासक दलहरू अर्को जालसाजी पनि गर्न खोज्दैछन् । त्यो हो प्राप्त मतअनुसारको सरकारबाट निर्वाचन खर्च पाउने कानुनी व्यवस्था । यो पनि राजनैतिक दलहरूबिच धेरैपटक छलफल भएको विषय हो । शासक दलहरू तस्कर, ठेकेदार, भ्रष्टाचारीहरूसँग धेरै चन्दा उठाएर तिनीहरूको प्रभावमा परेर त्यस्ताहरूलाई संसद्को टिकट दिएर जिताए, मन्त्री बनाए र तिनीहरूले त्यहाँ आफ्नो सक्कली चरित्र देखाए । जनताको तर्फबाट चर्को आलोचना पछि शासक दलहरू कानुनमै आर्थिक सहयोगको व्यवस्था गर्न खोज्दै छन् ।

यदि जनताको पार्टी हो भने पार्टी सदस्यहरूको लेभी, आर्थिक सहयोगको भरमा पार्टी चलाएर देखाउन सक्नुपर्छ । पार्टीको सिद्धान्त र विचार जनताबिच प्रचारप्रसार गरेर भोट लिन सक्नुपर्छ । निर्वाचन जित्न करोडौं खर्च गर्ने, जितेपछि मन्त्री बनेर अरबौंको भ्रष्टाचार गर्ने गलत कामको अन्त्य हुनुपर्छ । अहिले जनताको माग यही हो ।

पार्टी ठूलो र सानोको मापदण्ड भोज खुवाएर, डर, धम्की वा त्रास देखाएर वा पैसा दिएर धेरै मत प्राप्त गरेको आधारमा हुनुहुन्न । पार्टीले लिएको विचार र सिद्धान्तअनुसार पार्टी चलेको छ छैन, घोषणापत्रअनुसार काम गरेको छ छैन, पार्टीको नियमित मुखपत्र प्रकाशन, अन्तरक्रिया, गोष्ठीहरू सञ्चालन भएको छ छैन त्यसको आधारमा मात्रै राष्ट्रिय पार्टी, प्रदेश स्तरीय पार्टीको मान्यता दिने कानुनी बन्दोबस्त हुनु जरुरी छ । विचारलाई निषेध गर्ने हालको विद्यमान ३ प्रतिशत प्रतिनिधिसभामा र १/५ प्रतिशत प्रदेशसभामा मत प्राप्त गर्नुपर्ने कानूनी प्रावधान अप्रजातान्त्रिक हो र त्यसको खारेज हुनु आवश्यक मात्र होइन अपरिहार्य छ ।

पार्टी ठूलो र सानोको मापदण्ड भोज खुवाएर, डर, धम्की वा त्रास देखाएर वा पैसा दिएर धेरै मत प्राप्त गरेको आधारमा हुनुहुन्न । पार्टीले लिएको विचार र सिद्धान्तअनुसार पार्टी चलेको छ छैन, घोषणापत्रअनुसार काम गरेको छ छैन, पार्टीको नियमित मुखपत्र प्रकाशन, अन्तरक्रिया, गोष्ठीहरू सञ्चालन भएको छ छैन त्यसको आधारमा मात्रै राष्ट्रिय पार्टी, प्रदेश स्तरीय पार्टीको मान्यता दिने कानुनी बन्दोबस्त हुनु जरुरी छ । विचारलाई निषेध गर्ने हालको विद्यमान ३ प्रतिशत प्रतिनिधिसभामा र १/५ प्रतिशत प्रदेशसभामा मत प्राप्त गर्नुपर्ने कानूनी प्रावधान अप्रजातान्त्रिक हो र त्यसको खारेज हुनु आवश्यक मात्र होइन अपरिहार्य छ ।

# नेपालमा धान बालीको अवस्था

✍ रामरतन चौधरी

*नेपालको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रले २५.८ प्रतिशतले योगदान गरेको छ । यसमध्ये धानबालीले सबैभन्दा धेरै ११.३० प्रतिशत योगदान गरेको छ भने खेती गरिने कुल क्षेत्रफलको ४२. ६ प्रतिशत स्थान ओगटेको छ । आर्थिक सर्वेक्षण २०७८/७९ को तथ्याङ्कअनुसार अन्नबालीको कुल उत्पादनमा धानबालीको मात्रै ५०.७६ प्रतिशत हिस्सा रहेको छ ।*

विश्वभरि एक वर्षमा ७५ करोड ५४ लाख ७३ हजार ८ सय मेट्रिक टन धान उत्पादन हुन्छ । त्यसमध्ये हाम्रो छिमेकी देश चीनले एक वर्षमा विश्वमै सबैभन्दा बढी २१ करोड १४ लाख ५ हजार २ सय ११ मेट्रिक टन धान उत्पादन गर्छ । चीनले प्रतिहेक्टर जमिनमा ६.९ मेट्रिक टन धान उत्पादन गर्छ । अर्को छिमेकी देश भारतले एक वर्षमा १७ करोड ७६ लाख ४५ हजार मेट्रिक टन धान उत्पादन गर्छ । उसले प्रतिहेक्टर जमिनमा ४.०५ मेट्रिक टन धान उत्पादन गर्छ ।

नेपालमा ४१ लाख हेक्टर कृषियोग्य जमिन रहेको अनुमान गरिएको छ । त्यसमध्ये करिब १४ लाख ९१ हजार ७ सय ४४ हेक्टर जमिनमा मात्रै धान खेती गरिन्छ । नेपालले प्रतिवर्ष ५६ लाख १० हजार ११ मेट्रिक टन धान उत्पादन गर्ने गरेको तथ्याङ्क छ । नेपालले प्रतिहेक्टर जमिनमा ३.८ मेट्रिक टन धान उत्पादन गर्दै आएको छ । आजभन्दा करिब ६० वर्ष अगाडि विसं २०१८ सालतिर नेपालको प्रतिहेक्टर जमिनमा धान उत्पादकत्व १.९ मेट्रिक टन मात्रै थियो । त्यतिबेला नेपालमा आधुनिक कृषि औजार र रासायनिक मल थिएन । जनसङ्ख्या कम भएको कारण खपत पनि थोरै हुन्थ्यो । यसकारण सन् १९६५ (विसं २०२२) सम्म नेपाल विश्वका धान निर्यात गर्ने देशहरूको सूचीमा पाँचौं स्थानमा पर्थ्यो । सन् १९६५ मा नेपालको तराईबाट भारतमा ३ लाख ४८ हजार धान निर्यात भएको थियो तर अहिले त्यो अवस्था रहेन । नेपाल धान, चामलमा भारत निर्भर हुन थालेको छ ।

नेपालको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रले २५.८ प्रतिशतले योगदान गरेको छ । यसमध्ये धानबालीले सबैभन्दा धेरै ११.३० प्रतिशत योगदान गरेको छ भने खेती गरिने कुल क्षेत्रफलको ४२. ६ प्रतिशत स्थान ओगटेको छ । आर्थिक सर्वेक्षण २०७८/७९ को तथ्याङ्कअनुसार अन्नबालीको कुल उत्पादनमा धानबालीको मात्रै ५०.७६ प्रतिशत हिस्सा रहेको छ ।

सन् १९७० को मध्यसम्ममा कहिलेकाहीँ नेपालको केही क्षेत्रमा खाद्यान्न अभाव देखिए तापनि नेपालको कृषि निर्यातले कुल गार्हस्थ उत्पादनमा र विदेशी विनिमय आर्जनमा उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ । तर, सन् १९८० (विसं २०३६) पछि नेपालले गम्भीर आर्थिक सङ्कटको सामना गऱ्यो । नेपालमा सन् १९८० पछि उदारीकरणको अभियान चल्यो । त्यसपछि नेपाल अन्तर्राष्ट्रिय मुद्राकोषको जालमा परेको देखिन्छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले आर्थिक स्थिरीकरण कार्यक्रम र संरचनागत समायोजन सुरु गर्ने सर्तमा नेपाललाई ऋण प्रदान गऱ्यो । त्यसपछि सरकारले कृषि वस्तु आयातमा प्रतिबन्ध हटाउनुका साथै निर्यातमा भन्सार हटाउन बाध्य भयो । नेपालले कृषि क्षेत्रमा दिइँदै आएको सहयोग खारेज गर्दै दक्षिण एसियामै उदारीकरण र विश्वव्यापीकरणलाई अँगाल्ने पहिलो देशको रूपमा आफूलाई उभ्यायो । सन् २००५ (विसं २०६१) सम्ममा नेपालले खुला व्यापार प्रवर्धन र उदारीकरणको नाममा कृषि क्षेत्रलाई दिइने संस्थागत सहयोगलाई पनि बेवास्ता गर्न थाल्यो । यस्तो नीतिले सन् २००४/२००६ सम्ममा नेपालमा खाद्यबालीको आयात निर्भरता अनुपात १.३ प्रतिशत रहेकोबाट सन् २०१६/१८ मा १४.७ प्रतिशत पुग्यो । अहिले झन् झन् नेपालको परनिर्भरता बढ्दै गएको छ । यसकारण, नेपालले विदेशीसँग ऋण लिने विषयमा सचेत हुनु जरुरी छ ।

नेपालले आव २०७३/७४ मा ४ अर्ब २९ करोड रुपैयाँ बराबरको १ लाख ६३ हजार ३ सय २ मेट्रिक टन धान आयात गऱ्यो । आव २०७६/७७ मा लगभग १० अर्ब ४८ करोड रुपैयाँ बराबरको ३ लाख ४८ हजार ३ सय ३६ मेट्रिक टन धान आयात गऱ्यो । त्यस्तै आव २०७७/७८ मा २० अर्ब ५५ करोड रुपैयाँ बराबरको ६ लाख ९८ हजार मेट्रिक टन आयात भयो ।

धानमात्र नभई चामल आयातको अवस्था पनि उस्तै छ । आव २०७३/७४ मा १९ अर्ब ५८ करोड रुपैयाँ बराबरको चामल आयात गरेको थियो भने आव २०७४/०७५ मा २३ अर्ब ५६ करोडको चामल आयात भयो । आव २०७५/७६ मा २५ अर्ब ७५ करोड, आव २०७६/७७ मा २३ अर्ब १७ करोड र आव २०७७/७८ मा ३० अर्ब २४ करोडको चामल आयात भएको तथ्याङ्क छ ।

नेपालमा सबभन्दा बढी छिमेकी मुलुक भारतबाट धान, चामललगायतका खाद्यान्न आयात हुन्छ । आव २०७७/७८ मा ९९.७५ प्रतिशत धान, चामल भारतबाट आयात भएको देखिन्छ । अहिले नेपालको कुल आवश्यकताको करिब २५ प्रतिशत चामल विदेशबाट आयात गरिएको बाली विकास तथा जैविक विविधता संरक्षण केन्द्रका प्रमुखले जानकारी दिए । आव २०७७/७८ मा रु २ अर्ब ६१ करोड रुपैयाँ बराबरको कनिका मात्र आयात भयो । सीमावर्ती जिल्लामा बस्ने नेपालीले घरायसी प्रयोजनको लागि भारतबाट ल्याएको चामलको त तथ्याङ्क नै उपलब्ध छैन । त्यो समेत जोड्ने हो भने चामल आयातमा नेपालबाट बाहिरिने रकम अझ बढ्ने निश्चित छ ।

नेपालको कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढी धानबालीको योगदान रहेको छ । तर, नेपालमा बढ्दै गरेको अव्यवस्थित बसाइँसराइको कारण घट्दो खेती गरिने जमिन, सिंचाइ सुविधाको अभाव, समयमा मल बीउबिजन उपलब्ध नहुनु र युवाहरू विदेसिनुले धान उत्पादन घट्दै गएको विज्ञहरू बताउँछन् । नेपालको कुल खेती गरिने जमिनको ४० प्रतिशत जमिनमा मात्रै सिंचाइ सुविधा पुगेको छ भने ६० प्रतिशत जमिन आकाशे पानीको भरमा खेती हुन्छ । नदीनालाले भरिपूर्ण देशमा आजसम्मका सरकारहरूले सिंचाइको राम्रो व्यवस्था गर्न सकेनन् ।

नेपालमा गहुँ, कोदो, फापरलगायतका बालीहरूलाई मुख्य खाद्यान्नको रूपमा समावेश नगर्ने प्रवृत्ति अझै छ । धान र चामल नै नेपाली जनताको मुख्य खाद्यान्नको रूपमा रहेकोले चामलको अत्यधिक खपत हुन्छ नेपालमा । केन्द्रीय तथ्याङ्क विभागले सन् २०१५/१६ मा गरेको घरधुरी सर्वेक्षणअनुसार एक जना नेपालीले वर्षमा सरदर १३१ केजी चामल उपभोग गर्दथ्यो । यो हिसाबले हेर्दा धान उत्पादनलाई वृद्धि गर्न सरकारले विशेष ध्यान दिनु जरुरी छ । तर, सरकार उल्टो बाटो हिँड्दै छ । सरकारहरूले धान फल्ने धनहर खेतमा मान्छेको बस्ती बसाउँदै छ भने पहाड खाली हुँदै छ । मानव बस्ती घटेपछि पहाडमा पनि खेती नहुने र मैदानमा पनि घर बढेर उत्पादन नहुने समस्याले देशलाई टाट पल्टाउने सम्भावना छ । सरकारको बेलैमा चेत खुलोस् ।

*(नीति अनुसन्धान प्रतिष्ठानद्वारा २०८० मङ्सिरमा प्रकाशित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको अनुसन्धान प्रतिवेदनमा आधारित)*

२०८० चैत ४

# स्थानीय तहको वैशाखी टेकेको सङ्घीय निजामती कानुन !

**देशको मुख्य मुख्य प्राकृतिक स्रोत साधन, नदीनाला विदेशीलाई दिन प्रतिनिधिसभाको दुईतिहाइ बहुमतले मात्रै दिन सक्ने संवैधानिक व्यवस्थालाई तिलाञ्जली गर्दै वैदेशिक लगानी प्रवर्द्धन गर्ने पुँजीवादी नीतिको आडमा देशका सबै नदीनाला भारतीय विस्तारवादको पोल्टामा हालिदिने हालसम्म सरकारमा गएका राजनीतिक दलहरू पनि त्यतिकै दोषी हुन् ।**



✍ रामप्रसाद प्रजापति

संविधानसभाबाट २०७२ असोज ३ गते जारी भएको नेपालको संविधानले नेपाल राज्यलाई सङ्घीय राज्य घोषणा गरेको छ। संविधानको धारा ४ ले "नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, सामाजवाद उन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो ।" भनेको छ ।

**स्वतन्त्र नेपाल !**

कुनै पनि देश स्वतन्त्र हुन उक्त देश अरू कुनै देशबाट उपनिवेशमा नपरेको अर्थमा मात्र बुझ्न मिल्दैन। त्यसैले नेपाल स्वतन्त्र छ कि छैन ? भन्ने कुरा बुझ्न नेपाल कुनै अरू देशको प्रभाव, दबाब वा राजनीतिक, सांस्कृतिक, आर्थिकरूपमा अधिनमा छ कि छैन ? भन्ने पक्षलाई पनि विचार गर्नुपर्ने हुन्छ ।

सामान्यतया अरू कुनै देशको सरकारले उपनिवेशमा नपरेको देशलाई स्वतन्त्र र स्वाधीन देश भन्ने गरिन्छ। तर अहिले कुनै पनि देश स्वतन्त्र छ कि छैन ? भन्ने बुझ्न सम्बन्धित देशको अर्थतन्त्र स्वतन्त्र छ कि छैन ? हेर्नुपर्ने विज्ञहरू बताउँछन् ।

आर्थिकरूपमा पराधीन देश कसरी स्वतन्त्र हुन सक्छ ? वैदेशिक ऋणले डुब्दै गरेको देश कसरी स्वतन्त्र हुन सक्छ ? सरकारले आफ्नो कर्मचारीलाई पनि आधारभूत सुविधा र तलब खुवाउन नसक्ने देश कसरी स्वतन्त्र हुन सक्छ ? आदि प्रश्नहरू उठ्ने गरेका छन् ।

यसरी आर्थिकका साथै राजनीतिक रूपमा समेत नाङ्गो वैदेशिक हस्तक्षेप भोग्दै आएको नेपाल कसरी स्वतन्त्र हुन सक्छ ? भन्ने गम्भीर प्रश्न पनि उठ्ने गरेको देखिन्छ ।

**जनताको सेवा गर्ने राष्ट्रसेवक कर्मचारीहरूले आगलागी हुँदा दमकलझैँ र बिरामी हुँदा एम्बुलेन्सले काम गरेझैं चुस्त दुरुस्त हुनुपर्ने हो । तर, कर्मचारीहरूको सांस्कृतिक स्तर विकास हुन नसक्दा सर्वसाधारण जनता तथा सेवाग्राहीहरूले उचित सेवा पाउन सकिरहेका छैनन् ।**

**समाजवाद उन्मुख नेपाल**

समाजवाद के हो ? सर्वसाधारण जनतालाई आफूलाई राजनीतिक रूपमा समाजवादी अथवा कम्युनिस्ट भन्ने राजनीतिक दलहरूले स्पष्टसँग बुझाउनुपर्ने हो। तर अहिलेसम्म सरकारमा गएका राजनीतिक दलहरूले सर्वसाधारण जनतालाई समाजवाद र पुँजीवादको भेदका बारेमा बुझाउन त के ती राजनीतिक दलका नेताहरू, मन्त्री र प्रधानमन्त्रीहरूले समेत समाजवाद उन्मुख नीति अँगाल्न सकेका छैनन् ।

संविधानले समाजवाद उन्मुख राज्यको परिकल्पना गरे तापनि हालसम्म न कुनै समाजवादउन्मुख कानुन बन्यो, न त कुनै सरकारी नीति नियम, व्यवहार नै समाजवाद उन्मुख रह्यो।

अहिलेसम्म सरकारमा गएका राजनीतिक दलहरूले समाजवाद उन्मुख नभई पुँजीवादी नीति नियम, व्यवहार अपनाउँदै मुठ्ठी भरका पुँजीपतिहरूको हितका लागि काम गर्दै आएको स्पष्ट देखिन्छ ।

देशमा रोजगारी नपाएकैले ७० लाखभन्दा बढी नेपाली युवाहरू बिदेसिन बाध्य छन्। तर, सरकार आधारभूत आवश्यकताका वस्तुहरूको उत्पादन, आयात निर्यातलगायतका वस्तुहरूको आपूर्तिका लागि भएका उद्योग कलकारखानाहरू सञ्चालन नगरी बन्द गर्ने सुरमा छ भने नयाँ उद्योगधन्दा, कलकारखाना खोली देशमै रोजगारी दिने प्रयास पटक्कै गरेको देखिन्न।

त्यसैले समाजवाद उन्मुख भन्ने सरकारमा पुगेका राजनीतिक दलहरू नक्कली र ढोंगी हुन् भन्दा फरक पर्दैन ।

**सङ्घीय लोकतान्त्रिक गणतन्त्र**

नेपाल राज्यलाई विदेशीको इसारामा ७ प्रदेशमा विभाजन गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको सर्वविदित्तै छ। विकेन्द्रीकरणको नीति लागु गरी सरकारले आफ्नो बजेट विनियोजन गर्दा स्थानीय तहलाई आवश्यक बजेट स्थानीय तहले नै खर्च गर्न पाउने अधिकार दिनुपर्थ्यो । त्यसका लागि स्थानीय तहलाई आवश्यक यथोचित (कम्तीमा पचास प्रतिशत) विकास बजेट विनियोजन गर्ने हो भने सङ्घीय व्यवस्थाको आवश्यकता नै पर्ने थिएन । यो कुरा भारतीय विस्तारवादी सरकारको दबाब र प्रभावमा नेपाललाई सङ्घीय राज्य बनाउन जसरी पनि सत्तामा पुग्नैपर्ने नेपाली काङ्ग्रेस, एमाले, माओवादीजस्ता राजनीतिक दलहरूबाट बुझ पचाएको सर्वविदित्तै छ ।

तीनै दलहरू हालसम्म पटक पटक सरकारमा पुगे पनि सङ्घीयताको मूल्य मान्यता र मर्म बमोजिम काम गर्न नसकेकोमा न ती राजनीतिक दलहरूले कुनै दुःख महसुस गरे, न त सर्वसाधारण मतदाताहरूलाई बुझाउनै सके ।

निर्वाचन ताका आफूहरूलाई अलिकति लोभ लालचमा पारेपछि ती नै राजनितिक दललाई आँखा चिम्लेर भोट हाल्ने जनताको सङ्ख्या ठूलो छ। यसको अर्थ अरू कुनै नयाँ राजनीतिक दललाई भोट हाले हुन्छ भन्ने अर्थमा बुझ्न मिल्दैन। प्यास लाग्यो भन्दैमा बिष पिउन मिल्दैन ।

एनसेलजस्ता एउटा कम्पनीसँग उठाउनुपर्ने भन्दा थोरै रकम अनुदानको रूपमा स्वीकार गरेर संरा अमेरिकी सैन्य परियोजना एमसीसी, एसपीपीजस्ता देशघाती सम्झौता गर्ने सरकार मात्र होइन, ती सरकारमा गएका राजनीति दलहरू पनि त्यति नै दोषी हुन् ।

देशको मुख्य मुख्य प्राकृतिक स्रोत साधन, नदीनाला विदेशीलाई दिन प्रतिनिधिसभाको दुईतिहाइ बहुमतले मात्रै दिन सक्ने संवैधानिक व्यवस्थालाई तिलाञ्जली गर्दै वैदेशिक लगानी प्रवर्द्धन गर्ने पुँजीवादी नीतिको आडमा देशका सबै नदीनाला भारतीय विस्तारवादको पोल्टामा हालिदिने हालसम्म सरकारमा गएका राजनीतिक दलहरू पनि त्यतिकै दोषी हुन् ।

सङ्घीयता राजनीतिक रूपमा र राजनीतिक नक्सामा सीमित हुन सक्दैन। सङ्घीय व्यवस्थाले अलग अलग प्रदेश र अलग अलग स्थानीय सरकारलाई स्वायत्तताको सिद्धान्तबमोजिम अधिकार र बजेट पनि दिनु जरुरी हुन्छ ।

स्वायत्तता र आर्थिक रूपमा सबल स्थानीय सरकार र प्रदेश सरकारले मात्रै जनताको घरघरमा सेवा सुविधा, विकास निर्माण, शिक्षा, स्वास्थ्य उपचार, रोजगार र उद्योगधन्दा पुऱ्याउन सक्छ ।

तर यसको ठिक विपरीत हालसम्म सरकारमा गएका राजनीतिक दलहरू नेका, एमाले, माओवादी, जसपा, राप्रपा, रास्वपालगायतले "गाउँ गाउँमा सिंहदरबार" भन्ने नारा दिएर गाउँगाउँमा भ्रष्टाचार पुऱ्याउने कार्य गरिरहेका छन् ।

संविधानबमोजिम सङ्घीयता कार्यान्वयन गर्न ३९ ओटा कानुन त बनाइएकै छैन। सङ्घीय राज्यको सिद्धान्तबमोजिम हरेक सरकारलाई स्वायत्त र विकेन्द्रीकरणको सिद्धान्तबमोजिम अधिकार प्रत्यायोजन गर्नु जरुरी हुन्छ ।

तर सङ्घीय (केन्द्रीय) सरकार आफ्नो निरन्तरको हस्तक्षेप चाहिरहेको देखिन्छ। सरकार सञ्चालनका हरेक क्षेत्रमा केन्द्रीय सरकारले प्रदेश र स्थानीय सरकारहरूलाई स्वायत्त, स्वतन्त्र र आर्थिक रूपमा सबल बनाउनै चाहेको छैन भन्ने दर्जनौं उदाहरणहरूमध्ये हालै सङ्घीय संसद् प्रतिनिधिसभामा प्रस्तुत हुँदै गरेको सङ्घीय निजामती सेवासम्बन्धी विधेयक २०८० लाई पनि लिन सकिन्छ ।

**सङ्घीय निजामती सेवा**

सङ्घीय निजामती सेवा सङ्घीय सरकारसँग मात्रै सम्बन्धित हुनुपर्ने हो । प्रदेश सरकार सञ्चालनको लागि सोहीबमोजिम प्रदेश निजामती सेवा ऐन, त्यसैगरी स्थानीय सरकार सञ्चालनको लागि स्थानीय सरकार निजामती सेवा ऐन जारी गर्नुपर्थ्यो ।

तर अहिले नेपाल सरकारको तर्फबाट प्रतिनिधिसभा संसद्मा प्रस्तुत गरेको सङ्घीय निजामती सेवा ऐन, २०८० सम्बन्धी विधेयकका महत्त्वपूर्ण व्यवस्थाहरूलाई हेर्दा हरेक प्रदेश र हरेक स्थानीय तहको एउटा नगरपालिका वा गाउँपालिकामा समेत केन्द्रीय सरकारले आफूले भर्ना गरेका कर्मचारीलाई खटाउने व्यवस्था गरेको देखिन्छ ।

देशको पल्लो कुनामा रहेको एउटा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको नियुक्ती, सरुवा, बढुवा केन्द्रीय सरकारले सिंहदरबारबाटै गर्ने कानुनी व्यवस्था सङ्घीय राज्यको सिद्धान्त विपरीत हुनुका साथै प्रतिगामी छ। यस्तो कानुन ल्याउँदा शासकहरूमा अझै सामन्ती सोच बाँकी रहेको प्रस्ट हुन्छ ।

जनताको सेवा गर्ने राष्ट्रसेवक कर्मचारीहरूले आगलागी हुँदा दमकलझैँ र बिरामी हुँदा एम्बुलेन्सले काम गरेझै चुस्त दुरुस्त हुनुपर्ने हो । तर, कर्मचारीहरूको सांस्कृतिक स्तर विकास हुन नसक्दा सर्वसाधारण जनता तथा सेवाग्राहीहरूले उचित सेवा पाउन सकिरहेका छैनन् ।

देशको सन्तुलित विकासको लागि पनि देशका विभिन्न ठाउँमा सहरको विकास गर्नुका साथै कर्मचारीहरूले पनि आ-आफ्नै क्षेत्रमा काम गर्नुपर्ने हो ।

संसद्मा प्रस्तुत गरिएको विधेयकलाई सरसर्ति हेर्दा विधेयकमा केही कर्मचारीका वृत्ति विकासका कुरा राखिए पनि सङ्घीय कर्मचारीहरूको व्यापक हित र फाइदालाई हेरेर तयार गरेको देखिन्छ ।

**प्रतिगामी बन्दोबस्त**

नेपालको संविधानले अनुसूचीमा प्रस्टसँग शक्ति र अधिकारको बाँडफाँड गरेको क्षेत्रलाई समेत उल्लङ्घन गरेर निजामती कर्मचारीसम्बन्धी यो छाता ऐन ल्याएको देखिन्छ ।

ऐनले एकातिर कर्मचारीलाई राजनीतिक गतिविधि गर्न रोक लगाएको छ भने अर्कोतिर ट्रेड युनियन खोल्न दिई झन् ठूलो जनविरोधी एवं फोहोरी राजनीति गर्ने ठाउँ दिएको देखिन्छ ।

सरकारमा पुगेका राजनीतिक दलसँग आबद्ध कर्मचारीहरूको सल्लाहबमोजिम उनीहरूकै हितका लागि के कस्तो बन्दोबस्त गर्नुपर्छ सल्लाह गरी आफ्नो राजनीतिक स्वार्थ अनुकूल निजामती सेवा ऐन ल्याउने गरेको सर्वविदित्तै छ ।

निजामती कर्मचारीहरूमा आफूहरूले काम गर्ने होइन, निरीक्षण र व्यवस्थापनसम्म गर्ने हो, काम त बाह्य नियुक्ति पाउने मानिसहरूले गर्ने हो भन्ने गलत मनोभावना व्याप्त रहेको पाइन्छ। साथै कर्मचारीहरूमा सरकारी दस्तुर तिरेर मात्र पुग्दैन, तरकारी दस्तुर असुल्ने गरेको व्यापक चर्चा छ ।

सङ्घीय निजामती सेवा ऐन, २०८० सम्बन्धी विधेयकले स्वास्थ्य सेवा, विज्ञान सेवाजस्ता महत्त्वपूर्ण सेवा क्षेत्रहरूलाई प्राथमिकतामा राख्न नसक्नु, ५ वर्ष सेवा अवधि पुगेपछि आठौं र नवौं तहको लागि खुला क्षेत्रबाट परीक्षामा सहभागी हुन पाउने व्यवस्थामा सङ्कुचन ल्याउनुले सरकारी कर्मचारीहरूभित्रै पनि नवोदित कर्मचारीहरूलाई निरुत्साहित बनाउनुका साथै युवाहरूलाई विदेश पलायन गराउने सङ्केत देखिएको विज्ञहरू बताउँछन् ।



ऐनमा हरेक कर्मचारीविरुद्ध सेवाग्राहीले गरेको उजुरी, गुनासो, आलोचनालाई पनि बढुवा, सरुवा गर्दाको मूल्याङ्कन पद्दतिमा समावेश गर्नुपर्ने आवाज सेवाग्राहीहरू बताउँछन् ।

एक जना सरकारी कर्मचारीको लापरवाही र कमजोरीले देशले ठूलो मूल्य चुकाउनुपर्नेमा सधैं सचेत हुनुपर्ने का.रोहित बताउनुहुन्छ। देश र जनताको निःस्वार्थ सेवा गर्नु राष्ट्रसेवक कर्मचारीहरूको कर्तव्य हो ।

तर निजामती सेवा ऐनमा जनताको सेवा सुविधालाई छितो छरिटो प्रदान गर्ने भन्दा कर्मचारीहरूले आवास कर्जा लिन पाउने, सङ्घीय, प्रदेश र स्थानीय तहका कर्मचारीहरूबिच विभेद हुने गरी फरक फरक सुविधा दिने, सङ्घीय कर्मचारी प्रदेश र स्थानीय तहमा जान पाउने तर प्रदेश र स्थानीय तहबाट सङ्घमा जान नपाइने व्यवस्था विभेदपूर्ण छ ।

त्यस्तै पालिकाहरूको प्रमुख प्रशासकीय अधिकृत यो ऐन लागु भएको मितिले १० वर्षसम्म केन्द्रीय सरकारले नै खटाउने व्यवस्थाले स्थानीय सरकारको अधिकारमाथिको हस्तक्षेप र नियन्त्रण भन्न सकिन्छ। यो व्यवस्था पनि स्वायतत्ता र विकेन्द्रीकरणको सिद्धान्त तथा सङ्घीय व्यवस्था विपरीत छ ।

सङ्घीय व्यवस्था लागु गर्ने नाममा पञ्चायत कालमा रहेका स्वायतता तथा विकेन्द्रीकरणको अवधारणासँग मिल्ने कानुनी व्यवस्थाहरूलाई समेत आफ्नो अनुकूल सरकारमा गएका राजनीतिक दल तथा तिनीहरूसँग सम्बद्ध कर्मचारीहरूले हेरफेर गर्दै झन् झन् प्रतिगामी तथा सङ्घीयता, स्वायतत्ता तथा विकेन्द्रीकरणको अवधारणा विपरीतको कानुनी व्यवस्था ल्याएकोमा व्यापक विरोध गर्नु आवश्यक छ ।

**अन्त्यमा**

राष्ट्रसेवक कर्मचारीहरू राजनीतिकरूपमा सचेत भएमा मात्र देश र जनताको अझ बढी इमानदारीतापूर्वक सेवा गर्न सकिन्छ। राष्ट्रसेवक कर्मचारी राजनीतिकरूपमा सचेत र शिक्षित छैन भने उनले गर्न क्रियाकलाप र कामले देश र जनताको हित हुन्छ या हुन्न भन्ने बुझेको हुँदैन। परिणामतः कर्मचारीको सानो गल्तीले देशमा वैदेशिक हस्तक्षेप, अतिक्रमण, सामरिक तथा आर्थिक रूपमा कमजोर हुने स्थिति आउन सक्छ ।

त्यसैले हरेक कर्मचारी राजनीतिक रूपमा सचेत हुनु जरुरी छ। कर्मचारीहरूलाई राजनीतिक अधिकारको उपभोग गर्नबाट बञ्चित गर्नु हुँदैन ।

२०८० चैत ३

# भवन निर्माण र वास्तुशास्त्र : एक छलफल

✍ सृजना

डा. वीरेन्द्रप्रसाद कायस्थकृत यस "भवन निर्माण र वास्तुशास्त्र" पुस्तक निकै जानकारीमूलक र पठनीय अध्ययन सामग्री हो । साधारण मानिसदेखि वास्तुविद्सम्मलाई छुने र प्राचीन ज्ञानदेखि विज्ञानसम्म, प्राचीन सभ्यतादेखि आधुनिक युगसम्मलाई सम्बोधन गरिएको यस पुस्तकलाई वास्तुकलाको अनुपम नगरी भक्तपुरको आँखाबाट हेर्नु समीचीन होला ।

भक्तपुर वास्तुशास्त्रका अध्येताहरूको निम्ति आफैँमा एउटा विश्वविद्यालय हो । अद्यापि, यो एउटा उर्वरभूमिको रूपमा जिउँदोजाग्दो छ । यहाँका शिक्षालय र इन्जिनियरिङ कलेजहरूले त्यसमा योगदान पुऱ्याउँदै छन् ।

आजको युग या संसार सौन्दर्यचेततिर अघि बढ्दै छ । सौन्दर्यीकरण समाज विकास तथा सभ्यताको द्योतक पनि हो । सानै सही सहर र संरचनाहरूलाई सौन्दर्यकृत गर्ने सवाल प्रधान बन्दै छ । तर हाम्रा पिता पुर्खाले आजभन्दा १०० वर्ष अघि त्यसको जग या बाटो खनिसकेका थिए । सहर र संरचना निर्माणमा पुर्खाको सौन्दर्यचेत गौरवयोग्य छ । त्यसको निरन्तरताको प्रश्न भने महत्त्वपूर्ण छ । यस पुस्तकमा लेखकले संरचना निर्माणमा सौन्दर्यचेतलाई वास्तुशास्त्र अर्थात् प्राकृतिक नियमको सापेक्षमा विश्लेषण गर्नुभएको छ । पानी, आगो, वायु, आकाश र पृथ्वीको सन्तुलनसँग जोडेर संरचनामा सौन्दर्य थप्ने कलाको विवेचना पुस्तकमा गरिएको छ ।

नेपालमा हामीले त्यस्तो कालखण्ड पनि देख्यौँ जुनबेला देशमा विनाश, ध्वंश, विघटन बाहेक केही भएन । हाम्रा पुर्खाका रचनाहरू, निर्माणहरू सबैसबै लोप, नास गर्ने काम राज्यबाटै भयो, देशका नेतृत्वकर्ताहरूबाटै भयो । त्यो कालो कालखण्डको पनि स्मरण गर्न आवश्यक छ । नकारात्मक शिक्षा ग्रहण गर्न आवश्यक छ । त्यस्तो सांस्कृतिक दमन गर्ने राज्यसत्तालाई चिन्न आवश्यक छ ।

त्यसको ठिकविपरीत भक्तपुरले वास्तुकलाका एक मर्मज्ञलाई नेताको रूपमा पाएको छ । तसर्थ, भक्तपुरले आज वास्तुशास्त्र, वास्तुकला, संस्कृति, सम्पदा संरक्षणमा एउटा बेग्लै इज्जत प्राप्त गरेको छ । संसारले अनुभव गर्ने उपलब्धि हासिल गरेको छ । ती सबै सफलतामा '१०० वर्षपछिको भक्तपुर' आधारशीलाको रूपमा तथा मार्गदर्शकको रूपमा पाउँदा भक्तपुरवासीलाई गर्व लाग्छ । आज देशका सम्पदाप्रेमी संस्कृतिप्रेमी, वास्तुशास्त्री, वास्तुकलाका ज्ञाताहरूको निम्ति भक्तपुर प्रेरणाको रूपमा लिँइदै छ । यो पुनर्जागरणको लहर देशव्यापी फैलाउनुपर्नेबारे आज चारैतिर छलफल चल्दै छ ।

अब हामी पुरानो अरनिकोतिर जाऔँ । देशले अरनिको जस्तो अग्रणी वास्तुशास्त्री, कलाकार पनि पायो । नेपालको वास्तुशास्त्र वास्तुकलाको ज्ञान तथा अभ्यास देशभित्रमात्र सीमित नराखीकन तिब्बत र चीनसम्म पुऱ्याउने काम अरनिको र अन्य कलाकारहरूले गरेको हामी इतिहास पढ्छौँ । यसले वास्तुकलाशास्त्रमा हाम्रो उद्भव र उचाइ उजागर गर्दछ । भक्तपुरको ङातापोल, लायकु, दत्तात्रय, पोखरीहरूमा न्हू पुखु, सिद्धपुखु, भाजुपुखु वास्तुकलाका बेजोड




> *अब हामी पुरानो अरनिकोतिर जाऔँ । देशले अरनिको जस्तो अग्रणी वास्तुशास्त्री, कलाकार पनि पायो । नेपालको वास्तुशास्त्र वास्तुकलाको ज्ञान तथा अभ्यास देशभित्रमात्र सीमित नराखीकन तिब्बत र चीनसम्म पुऱ्याउने काम अरनिको र अन्य कलाकारहरूले गरेको हामी इतिहास पढ्छौँ । यसले वास्तुकलाशास्त्रमा हाम्रो उद्भव र उचाइ उजागर गर्दछ । भक्तपुरको ङातापोल, लायकु, दत्तात्रय, पोखरीहरूमा न्हू पुखु, सिद्धपुखु, भाजुपुखु वास्तुकलाका बेजोड नमुना हुन् । तिनको पुनःनिर्माण र पुनर्जागरण इतिहासमै महत्त्वपूर्ण घटनाको रूपमा लिइनेछ । वास्तवमै यसको सम्बर्धन गरेर नयाँ वास्तुशास्त्रको क्षेत्रमा अतुलनीय योगदान गरेको छ । वास्तुशास्त्रको इतिहासमा यो ऐतिहासिक घटनाको नाममा स्वर्ण अक्षरले लेखिनेछ ।*

नमुना हुन् । तिनको पुनःनिर्माण र पुनर्जागरण इतिहासमै महत्त्वपूर्ण घटनाको रूपमा लिइनेछ । वास्तवमै यसको सम्बर्धन गरेर नयाँ वास्तुशास्त्रको क्षेत्रमा अतुलनीय योगदान गरेको छ । वास्तुशास्त्रको इतिहासमा यो ऐतिहासिक घटनाको नाममा स्वर्ण अक्षरले लेखिनेछ ।

यो सँगसँगै मौलिक शैलीको भवन/घर या संरचना निर्माण गर्नु उपयुक्त सन्देश यो पुस्तकले पनि दिन्छ । यो पुस्तकको मूल मर्म भनौँ मौलिक शैली र वास्तुशास्त्र अनुकूलको संरचना निर्माणको सेरोफेरोमै घुम्छ ।

घर/भवन कुनै निर्जीव वस्तुमात्र होइन त्यहाँ सजीवता हुनुपर्छ भन्ने जिकिर यो पुस्तकको हो । मानिसको जीवन, स्वास्थ्य र वैभव घर या सेरोफेरोको संरचना निर्माणसँग अन्योन्याश्रित हुने तर्क पुस्तकको हो ।

वास्तुशास्त्र जस्तो प्राचीन ज्ञानले नयाँ समाजको सेवा गर्न यथेष्ट सम्भावनाहरू प्रदान गर्छ भन्ने कुराको बोध पुस्तकले गराउँछ । यही भावभूमिमा यो पुस्तक केन्द्रित छ ।

पुस्तकभित्र के छ ? थोरै चर्चा गरौँ । लेखकले व्याख्या गरेको वास्तु (पानी, आगो, वायु, आकाश, पृथ्वीको सन्तुलन) अनुसार संरचना (घर) निर्माणका मसिना मसिना सवालहरू पुस्तकभित्र छन् । जनजीविकासँग जोडिएका निकै व्यावहारिक र सरल तर्कहरू छन् ।

वास्तुशास्त्रअनुसार घरको मोहडा कता फर्काउने, मुख्यद्वार कुन दिशातर्फ फर्काउने, पानी ट्याङ्की कता राख्ने, किचन या भान्छाकोठा कुन दिशामा फर्काउने, शौचालय कता राख्ने, भऱ्याङ कता फर्काउने ? पढ्ने कोठा कहाँ राख्ने ? जस्ता सवालहरूमा प्राचीन ज्ञान र विज्ञानको अन्तरक्रिया भएको पाइन्छ । भवन निर्माण गर्दा माटो जाँच गर्नुपर्ने कुरामा वातुशास्त्रले जोड दिएको छ । आज प्राविधिक ज्ञानले पनि भन्छ माटो परीक्षण संरचना निर्माण पूर्वको न्यूनत्तम आवश्यकता हो । भूकम्प प्रतिरोधी अर्थात् प्राकृतिक प्रकोप प्रतिरोधी निर्माणको वैज्ञानिक आधार पनि माटो परीक्षण हो भनिन्छ । माटोको अध्ययन विज्ञान र इन्जिनियरिङकै एउटा हिस्सा पनि हो ।

प्रकाश र वायु आवतजावत राम्रो हुने घरको बसाइँ स्वस्थकर हुने विषय पनि विज्ञान नै हो । वास्तुशास्त्रमा 'दिशाको महत्त्व' शीर्षकमा यही विज्ञानलाई पौराणिक विश्वाससँग जोडेर विश्लेषण गरिएको छ ।

भवनबाहिर र भित्रको रङ्ग छनोटदेखि घरभित्र राख्ने निर्जीव वस्तुहरूले मानिसको मानसिकता र मानसिक स्वास्थ्यमा कस्तो प्रभाव पर्छ भन्ने विषयमा गरिएको व्याख्या रोचक छ । घरभित्र राखिने बिरुवाले सुख, शान्ति तथा समृद्धिमा कसरी भूमिका खेल्छ भन्ने प्राचीन ज्ञानसँग आजको पुस्तामा कोठाभित्र हुर्काइने बिरुवाहरूप्रतिको मोहलाई जोड्न सकिन्छ । पुस्तकभित्रका आध्यात्मिक तर्कमा पनि नयाँ पुस्ताले विज्ञान र व्यावहारिक प्रयोगको आधार खोज्नु स्वाभाविक होला ।

पुस्तकले भक्तपुरका सम्पदा र संरचनामा वास्तुशास्त्रका सामान्य सिद्धान्तहरूको प्रयोगबारे अध्ययन र छलफल गर्न सघाउनेछ । त्यतिमात्र होइन यो पुस्तक आजका आर्किटेक्ट अर्थात् नववास्तुविद्हरू तथा इन्टेरियर डिजाइनरहरूका लागि निकै सहयोगी पठनसामग्री हुन सक्दछ ।

आजको सहरी विकास र आधुनिकीकरण, आधुनिक सहर निर्माणका लागि यो पुस्तक सन्दर्भ सामग्री बन्न सक्छ । भक्तपुरजस्तो प्राचीन वास्तुशास्त्रको अनुपम क्षेत्रमा पालिकाले अघि सारेका मौलिक घर निर्माणको प्रावधानमा थप सहयोगी बन्ला यो पुस्तक । तसर्थ यस्तो महत्त्वपूर्ण पुस्तकका निम्ति लेखक, प्रकाशक, सम्पादक सबैसबै धन्यवादका पात्र हुनुहुन्छ ।

पुस्तकका लेखक डा. वीरेन्द्रप्रसाद कायस्थले पुस्तक लेखन र जानकारी सङ्कलनमा ठुलो मेहेनत गर्नुभएको प्रस्ट अनुभव हुन्छ । उहाँले मानिसको जीवन, मानिसको स्वास्थ्य र समाजको सौन्दर्यको पक्षमा आफ्नो ज्ञान बाँड्नुभएको छ । त्यसको प्रतिफल हामी जरुर अनुभव गर्न पाउनेछौँ ।

म वास्तुशास्त्रको विद्यार्थी नभए तापनि सामान्य अभिरुचि राख्ने विद्यार्थी पक्कै हुँ । यो पुस्तक पढ्दै जाँदा वास्तुशास्त्रप्रतिको अनुराग बढ्दै गएको अनुभूति मिल्यो ।

सामान्य मानिसले पनि वास्तुशास्त्रबारे जानकारी राख्न आवश्यक छ भन्ने विषयमा यो पुस्तकले घच्घच्याएको अनुभव हुन्छ । पुनः एकपटक पुस्तकका लागि लेखकप्रति साधुवाद ।

## कमैया बस्तीमा महिला भेला : चेतनास्तर उठाउनुपर्नेमा जोड



कञ्चनपुर । ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस कञ्चनपुरको बेलकोट नपा धरमपुरको कमैया बस्तीमा मङ्गलबार महिला भेला भयो ।

उक्त भेलामा नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले राजनीतिक दलले जनताको चेतनास्तर उठाई आफ्नो अधिकारको लागि लड्न सिकाउने भएकोले नेमकिपा त्यसरी नै अघि बढिरहेको बताउनुभयो ।

उहाँले राजनीतिकरूपमा सङ्गठित शक्तिले समाज परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेल्ने विचार व्यक्त गर्दै पुँजीवादी व्यवस्थामा सरकारले हुनेखानेहरूको मात्र सेवा गर्ने र हुँदा खानेले आफ्नो बलबुत्तामा आफ्नै सरकार बनाएपछि सेवा पाउने बताउनुभयो ।

नेमकिपा कैलालीका अध्यक्ष रमेश रावलले समाजको लागि शासक दलहरूले केही नगर्ने तर भ्रष्टाचारमा रमाउने बताउनुभयो । उहाँले भन्नुभयो, "सरकारमा जानेहरूले जनतालाई ढाँट्ने काम गरे । जनताको आधारभूत आवश्यकता शिक्षा, स्वास्थ्य, निःशुल्क, स्वदेशमै रोजगारीजस्ता सेवा पुँजीवादी दलहरूले पूरा गर्ने छैनन् ।"

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङले जनतालाई राज्यको सेवा सुविधाबाट वञ्चित गरिएको उल्लेख गर्दै हाम्रा छोराछोरीलाई राम्रो सिकाइ र संस्कार दिए हाम्रो समस्या समाधान गर्न र समुदायको निम्ति काम गर्न सकिन्छ भन्नुभयो ।

नेक्राकिसङ्घ कञ्चनपुरका प्रतिनिधि कर्ण काफ्लेले नेमकिपा भ्रष्टाचारको भाग खान पुँजीवादी सरकारमा नजाने प्रस्ट पार्दै जनताको निम्ति जनताकै बिचमा रहेर काम गर्ने कम्युनिस्ट पार्टी नेमकिपा हो भन्नुभयो ।

स्वास्थ्यकर्मी रविना सुवालले स्वास्थ्यको लागि सरसफाइ र सफा पानी आवश्यक भएको चर्चा गर्दै स्तन क्यान्सर र पाठेघर क्यान्सरबारे जानकारी दिनुभयो ।

भेलामा स्थानीय ललिता राना, सोतर राना, विष्णु रानालगायतले स्थानीय समस्याबारे बोल्नुभएको थियो ।

## चुनावबाट क्रान्ति हुने कुरा छलछाम मात्र

कैलाली । ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा कैलालीको जानकी गाउँपालिका वडा नं. ४ मुनुवा, कञ्चनपुरमा शुक्रबार महिला भेला भयो ।

उक्त भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले विश्वका क्रान्तिकारी महिला नेतृत्वको जीवनीबाट शिक्षा लिँदै समाज परिवर्तनमा महिलाहरू लाग्नसके शोषणमा आधारित पुँजीवादी व्यवस्था छिट्टै ढाल्न सकिने बताउँदै चुनावबाट क्रान्ति हुन्छ भन्नु धोका र छलछाम, शोषण कायम गर्ने नियतमात्र भएको बताउनुभयो ।

उहाँले व्यापक कामदारवर्गका जनतालाई मार्क्सवादी शिक्षाबाट सङ्गठित बनाई सशस्त्र सङ्घर्षबाट मात्र क्रान्ति सफल हुन्छ भन्नुभयो ।

उहाँले आफ्नै बुद्धि, विवेक र बलमा क्रान्तिको तयारी गरेमात्र सफल हुने प्रस्ट पार्दै नेपाली गरिब महिलाहरू दाइजो, बोक्सी, छाउपडीलगायत अन्धविश्वस र कुरीतिका कारण ज्यानसमेत गुमाउन विवश हुनमा यो व्यवस्था र शासक दलहरू दोषी हुन् भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले कामदारवर्गका महिलालाई चेतना बाँड्दै हिँडेका बताउँदै बिरामी बा-आमा वा परिवारको सेवा गर्नुपर्ने समयमा युवाहरू विदेशमा दासजस्तै रगत पसिना बगाउन जान बाध्य हुनु पुँजीवादी व्यवस्थाका कारण हो भन्नुभयो ।

उहाँले भन्नुभयो, "धनी झन्झन् धनी, गरिब झन्झन् गरिब हुँदै जाने यो व्यवस्थाको विरोधमा कामदारवर्गका जनता लाग्नुपर्ने र हामी सबै एकजुट हुनुपर्छ ।"

पुँजीपतिको लागि अहिलेको व्यवस्था स्वर्ग हो, कामदार वर्गको लागि यो व्यवस्था 'नर्क' हो उहाँले भन्नुभयो ।

नेमकिपा कैलाली जिल्ला अध्यक्ष रमेशकुमार रावलले हाम्रा युवाहरू विदेशमा जोखिमयुक्त काम गर्न विवश हुने र सस्तो ज्यामी बनाउन पठाउने सरकारहरू विकासमा बाधक भएको बताउनुभयो ।

उहाँले साम्राज्यवादी अमेरिकाको सहयोगमा युद्धमा लागेका युक्रेनको पक्षमा नेकाका शेरबहादुर देउवाले मत दिएका कारण देशमा महँगी बढेको बताउँदै प्रचण्डको गठबन्धनको सरकार पनि जनताको सेवामा नलागेको बताउनुभयो ।

उहाँले शिक्षक-कर्मचारीले पनि देशको हितमा राजनीति गर्न पाउनुपर्ने धारणा नेमकिपाको रहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङले व्यक्तित्व विकासमा समान अवसरको निम्ति हाम्रो सङ्घर्ष निरन्तर रहने बताउनुभयो ।

उहाँले सरकारहरू शिक्षा क्षेत्र ध्वस्त पारी विदेशको लागि सस्तो ज्यामी बनाउन तल्लीन रहेको विचार व्यक्त गर्दै अध्ययन गोष्ठीले व्यक्तित्व विकास, आत्मविश्वास बढ्नुका साथै समाज विकासमा भूमिका खेल्न प्रेरित गर्ने बताउनुभयो ।

उहाँले विद्यार्थीलाई देशको लागि आवश्यक विषय अध्ययन गर्न मार्ग निर्देश गर्नुपर्ने बताउनुभयो ।

देशलाई आत्मनिर्भर बनाउन खाद्यान्न उत्पादनमा जोड दिनुपर्ने र मिश्रित बाली प्रणाली अपनाउनुपर्ने भन्दै कोसेबालीले माटोको उर्वराशक्ति बढाउने मलको काम गर्ने हुँदा यस्ता विषयमा जानकार हुनुपर्ने बताउनुभयो ।

भारतबाट आयातीत तरकारी विषादीयुक्त भएकोले देशमै उत्पादन गरे देश राम्रो हुने बताउनुभयो ।

स्वास्थ्यकर्मी रविना सुवालले भक्तपुर नगरपालिकाले कलेज, अस्पताल, शिशुस्याहार केन्द्र, छाती पुनः स्थापना केन्द्रलगायत सञ्चालन गरेको बताउनुभयो ।

उहाँले भनपाले भरदैलो नर्सिङ सेवा प्रदान गरिरहेको र आफ्नो स्वास्थ्यको ख्याल आफैंल राख्नुपर्ने बताउनुभयो ।

महिलाहरूमा देखिने स्तन र पाठेघरको मुखको क्यान्सरबारे सचेत भई समय-समयमा स्वास्थ्य परीक्षण गराउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेक्रामसङ्घका कैलाली अध्यक्ष लक्ष्मी पुनमगरको सभापतित्वमा सम्पन्न अध्ययन गोष्ठीमा नेक्रायुसङ्घका गगन थापामगर, लक्ष्मी प्याकुरेल, कविता आचार्य र हरिकला विष्टलगायतले बोल्नुभएको थियो ।

# उग्र-साम्राज्यवाद : विकराल पतनोन्मुख चरण-८

✍ द ट्राइकन्टिनेन्ट

*(यो अनुसन्धान वर्षौंको सामूहिक प्रयासका कारण सम्भव भएको हो । यसका निष्कर्षहरूमा धेरै विद्वान तथा समाजवादी अभियन्ताहरूको महत्वपूर्ण योगदान छ । यस दस्तावेजमा प्रयोग भएका तथ्यतथ्याङ्क 'दक्षिणी गोलार्द्ध दृष्टि' ( जिएसआई) बाट लिइएको हो । यी तथ्याङ्कको सम्पादन र संयोजन गिसेला केर्नाड्स, मिकाइला न्होन्डो इस्र्कग, टिका मोरेनो र देबोरा भेनेजियलले गर्नुभएको हो । दस्तावेजको चौथो खण्ड अर्थशास्त्री जोन रोसले प्रकाशित गर्नुभएका अनुसन्धानहरूमा आधारित छ । पाठकको सहजताका निम्ति यहाँ दस्तावेजमा उल्लेख टिपोटहरूका सम्पादित अंश मात्र उल्था गरिएको छ भने डेढ सयभन्दा बढीसन्दर्भ सामग्रीहरू दिइएको छैन । अनुवादक)*

### खण्ड ३ : परिभाषित विश्व
### उत्तरी गोलार्द्धको परिभाषा

उत्तरी गोलार्द्ध सैनिक, राजनीतिक र आर्थिक रूपमा एकाकार भएका देशहरूको खेमा हो । चित्र १७ मा देखाएअनुसार यसमा ४९ देश छन् । यी देशमा संरा अमेरिका, क्यानडा, अस्ट्रेलिया, न्युजील्यान्ड, इजरायल, जापान र दोस्रो दर्जाका पश्चिमी र पूर्वी युरोपका देशहरू छन् । अमेरिका नेतृत्वको यो खेमा आजको विश्वको साम्राज्यवादी गुट हो ।

चित्र १७ मा देखाएअनुसार उत्तरी गोलार्द्ध मूलत: उत्तर एटलान्टिक देशहरूको गठजोड हो । यद्यपि टाढाका देश अस्ट्रेलिया र जापान पनि यसमा छन् ।


समिर अमिनको तीनखम्बा अवधारणाबाट प्रेरित भएर हामी वर्तमान यथार्थहरूसँग मिल्ने गरी उहाँको विचारलाई विस्तार र परिमार्जन गर्न सक्छौँ । उत्तरी गोलार्द्धका देशहरूको सङ्गठनलाई एकै मियोवरपर घुम्ने चार घेरा मान्दा राम्ररी बुझ्न सकिन्छ ।

प्रत्येक घेराका देशहरूको स्थान अमेरिकासँगको हिमचिम र उसको गुप्तचर निकाय अमेरिकी खुफियातन्त्रसँग कत्तिको नजिक छ भन्ने कुरामा निर्भर छ । यसबारे हामी तल चर्चा गर्नेछौँ ।

### उत्तरी गोलार्द्धको घेरा १ : अङ्ग्रेज-अमेरिकी ६ साम्राज्यवादी देश

घेरा १ का देशहरू चित्र १९ मा देखाइएको छ । यिनले साम्राज्यवादको मर्मस्थल जनाउँछन् । दोस्रो विश्वयुद्धका गोरा अङ्ग्रेजीभाषी विजेता वा पाँच आँखा (संरा अमेरिका, सन् १९४६ को बेलायत, सन् १९४८ को क्यानडा, अस्ट्रेलिया र सन् १९५६ को न्युजील्यान्ड) ले आफूलाई अङ्ग्रेज-अमेरिकी योजनाका शाही पहरेदारको रूपमा स्थापित गरे । यसमा बेलायत र उसले पैदा गरेका गोरा बसोबासी राज्यहरू पर्छन् । अमेरिकाले इजरायललाई छैटौँ आँखाको व्यवहार गर्छ । तसर्थ, इजरायल घेरा १ को अनौपचारिक सदस्य हो । सन् २०२१ सेप्टेम्बरमा स्थापित तीन पक्षीय रक्षा गठबन्धन अकस यस घेराका देशहरूको सङ्गठनको एउटा उदाहरण हो ।

उत्तरी गोलार्द्धलाई बुझ्ने मुख्य कुँजी संरा अमेरिका र इजरायलबिचको विशेष सम्बन्ध हो । यी दुवै गोरा बसोबासी राज्य हुन् । गोरो छालाको वर्चस्व तथा धार्मिक कट्टरताको जगमा स्थापित यी देश उत्तरी गोलार्द्धको घेरा १ को पनि बिचमा छन् । संरा अमेरिकाको स्थापना गोरा धार्मिक कट्टरपन्थीहरूले गरेका थिए । सन् १६९० मा उनीहरूले सोचविचार गरेरै 'धर्मको खेती' को




नाममा औपनिवेशिक बस्ती स्थापना गरेका थिए ।

प्युरिटन सम्प्रदायका ती गोराहरूले 'बाँझो अमेरिकामा' आफूले मात्र ईश्वरको योजना साकार पार्न सक्ने ठान्थे । रैथाने अमेरिकी तथा अफ्रिकी दासहरूविरुद्ध हुने जातिसंहारलाई उनीहरू आफ्नो जातीय र धार्मिक श्रेष्ठताको अनिवार्य र स्वाभाविक परिणाम मान्थे ।

इजरायल बेलायती र अमेरिकी साम्राज्यवादको रचना हो । यहुदीवादी आन्दोलनका नेताहरूले यसको स्थापना गरेका थिए । 'द गार्जियन' पत्रिकामा लेख्ने सैन्यविद् हर्बट साइडबोथमले इजरायलको चर्चा गर्दै दोस्रो विश्वयुद्धताका लेखेका थिए - "प्यालेस्टिनको सम्भावित उपनिवेशकर्ता यहुदीहरू मात्र हुनसक्छन् । तिनीहरू बिराना पूर्वेलीहरूविरुद्ध हाम्रो रक्षाकवच बन्न सक्छन्; पूर्व र हामीबिच मध्यस्थकर्ता बन्न सक्छन् । तिनको सभ्यता हाम्रोभन्दा फरक छ तर तिनीहरू हाम्रै राजनीतिक विचारधाराबाट सञ्चालित छन् ।"

साम्राज्यवादीहरूका लागि 'विभेदबाट मुक्ति' को नारा यहुदीवादी र गोरो छालालाई सर्वेसर्वा ठान्ने इजरायलको स्थापना गर्ने निहुँ मात्र थियो । माथि पनि भनियो, सन् १७७६ देखि २०१९ सम्म २४५ वर्षमध्ये २२८ वर्ष संरा अमेरिकाले युद्ध र द्वन्द्वमा बितायो । सन् १७७६ मा ऊ बेलायतबाट मुक्त भएको थियो । त्यसयता उसले केवल १७ वर्ष मात्र 'शान्तिपूर्वक' कटाएको छ ।

इतिहासमा बेलायती सेना (वा बेलायती प्राधिकार) ले अहिले संयुक्त राष्ट्रसङ्घमा रहेका १९३ देशमध्ये १७१ देशमा कब्जा जमाएको थियो वा लडाइँ गरेको थियो । अर्थात्, विश्वका १० मध्ये ९ देशमा उसको हालिमुहाली थियो ।

आफ्नो अस्तित्वको ७२ वर्षमा इजरायलले 'औपचारिक रूपमै' प्यालेस्टिन र अन्य अरबी देशहरूसँग १६ वटा सैनिक भिडन्त सुरु गरेको थियो । यीमध्ये एकचौथाइ लडाइँ बेन्जामिन नेतन्याहु (सन् १९९६-१९९९; सन् २००९-२०२३) को शासनकालमा भएका थिए । यो 'आधिकारिक' तथ्याङ्कमा यहुदीवादी बसोबासीहरू र तिनको सेनाले प्यालेस्टिनी जनताविरुद्ध गर्ने हमला र कब्जाको लेखाजोखा छैन ।

इजरायली गोरो जातिवाद र धार्मिक लोकरिझ्याइँ अहिले वैचारिक ढाकछोपबाट भौतिक शक्तिमा परिणत भएको छ । यसले आज साम्राज्यवादको गुणात्मक परिवर्तनमा टेवा दिएको छ । यो कुरा अमेरिका र इजरायलको प्रतिव्यक्ति सैन्य खर्च हेर्दा स्पष्ट हुन्छ । अमेरिकाले आफ्नो सेनामा विश्वको औसत सैन्य खर्चको १२.६ गुणा बढी खर्च गर्छ भने इजरायलले ७.२ गुणा बढी खर्च गर्छ । सैन्य खर्चका हिसाबले अमेरिका र इजरायल उत्तरी गोलार्द्धका सबैभन्दा खर्चालु देश हुन् । २०२३ अक्टोबर ७ पछिको एक महिनामै इजरायलले सन् २०२२ यता युक्रेनमा मारिएका सर्वसाधारणभन्दा बढी मानिस मारिसकेको छ । हिरोसिमा र नागासाकीमा खसालिएका दुई आणविक बमलाई जोडेर जति भार आउँछ, त्योभन्दा पनि बढी टन विष्फोटक पदार्थ इजरायलले गाजामा खसालिसकेको छ ।

अमेरिकी संसदीय अनुसन्धान सेवाको प्रतिवेदन भन्छ, "दोस्रो विश्वयुद्धयता अमेरिकाबाट सबैभन्दा बढी वैदेशिक सहयोग पाउने देश इजरायल नै हो । इजरायल एफ-३५ संयुक्त हमलाकारी विमान चलाउने विश्वको पहिलो देश हो । यो विमान अमेरिकी रक्षा मन्त्रालयले निर्माण गरेको पाँचौं पुस्ताको खुफियाविमान हो । यो विमान विश्वकै आधुनिकतम् प्रविधि प्रयोग गरी बनाइएको लडाकु विमान हो ।"

मुद्रास्फितिलाई पनि जोडेर हिसाब गर्दा सन् १९५१ देखि २०२२ सम्म इजरायललाई अमेरिकाले दिएको सहायता मात्र ३१७.९ अर्ब डलर पुगेको छ ।

तथापि २०२३ अक्टोबर ७ यता प्यालेस्टिनमा इजरायलले भन्दा पनि संरा अमेरिकाले नै आफ्नो मुद्दा अघि बढाइरहेको छ । ब्लिङ्केनको 'बिचौलिया कूटनीति' ले इजरायली सैनिक कारबाहीको नियम र दिशा निर्धारण गर्छ । यही कूटनीतिअन्तर्गत प्यालेस्टिनी प्रतिरोध र क्षेत्रीय शक्तिहरूविरुद्ध 'समानुपातिक' गतिविधि गरिन्छ । प्यालेस्टिनी प्रतिरोधलाई 'स्थायी रूपमै' निमिट्यान्न पार्न, इरान र उसका सहयोगी देशको विकास रोक्न र इजरायलका छिमेकी देशहरूसँग सम्बन्ध सामान्य पार्न अमेरिकाले इजरायललाई आवश्यक राजनीतिक र सैन्य सहयोग दिन्छ । अमेरिकाका यी सबै हस्तक्षेपबाट उसले प्रस्तावित भारत-मध्यपूर्व-पूर्वी युरोप आर्थिक कोरिडोर (आइमेक) को निर्माणको लागि आधार तयार पार्न खोजिरहेको साबित हुन्छ । यो एउटा आर्थिक कोरिडोर मात्र नभई यस भेगमा बढिरहेको चीनको समायोजन र प्रभावलाई रोक्ने वैचारिक र राजनीतिक योजनासमेत हो । इजरायल अमेरिकामा निर्मित यस योजनाको 'मूल चौबाटो' मा छ । उत्तरी गोलार्द्धले विश्वको लागि बनाएको योजना विश्व पूर्वाधार लगानीका लागि जी-७ साझेदारी ( पीजीआई) को प्रारूपमा यो कुरा किटान गरिएको छ । यो योजना चीनको बीआरआई योजना एवम् दक्षिणी गोलार्द्धका देशहरूले चलाउने कुनै पनि दीर्घकालीन कार्यक्रममा भाँजो हाल्न लक्षित छ ।

### उत्तरी गोलार्द्धको घेरा २ : पाँच युरोपेली साम्राज्यवादी देश

घेरा २ का देशहरू चित्र २० मा देखाइएको छ । यी देशहरू अमेरिका नेतृत्वको भित्री घेराको सबैभन्दा नजिक छन् । यी देश हुन् - जर्मनी, फ्रान्स, इटली, स्पेन, नेदरल्यान्ड, बेल्जियम, स्वीडेन, नर्वे र डेनमार्क । घेरा २ का देशलाई संरा अमेरिकासँगको तिनको हिमचिम र तिनको खुफिया गतिविधिमाथि अमेरिकी गुप्तचर निकायको भरोसाका आधारमा परिभाषित गरिन्छ ।

लेनिनले भन्नुभएको थियो, "राजनीति अर्थतन्त्रको एकमुष्ट अभिव्यक्ति हो ।" सैनिक कार्य यो राजनीतिक एकमुष्टताको अपरिहार्य अभिव्यक्ति हो । दोस्रो विश्वयुद्धपछि तथा इन्टरनेट र सामाजिक सञ्जालको आगमनपछि सञ्चार एवम् त्यससँग सम्बन्धित सम्पूर्ण क्रियाकलापमाथिको नियन्त्रण कुनै पनि राज्यका लागि गुणात्मक रूपमै नयाँ रणनीतिक खुफिया सम्पत्ति बन्न पुगेको छ । यस नियन्त्रणले विश्वको ठूलो हिस्सामाथि अमेरिकाको प्रभुत्व झन् बलशाली बनाइदिएको छ ।

विकिलिक्स अथवा जुलियन असान्ज र एडवर्ड स्नोडेनको बहादुरीका कारण पहिलोचोटि बहुमत दुनियाँले साम्राज्यवादी शक्तिहरूको खुफिया सम्बन्धहरूको गोप्य संसारबारे पत्तो पायो ।

सूचनामा भरोसाका हिसाबले संरा अमेरिकाले पाँच आँखाका देशहरूलाई प्राथमिकतामा राख्यो भने इजरायलसँग गोप्य विशेष सम्बन्ध बनायो । त्यसपछि गोप्यरूपमै भए पनि अमेरिकाले औपचारिक नौ आँखा नामक सङ्गठन बनायो । यसमा उसले डेनमार्क, नर्वे, फ्रान्स र नेदरल्यान्डलाई समावेश गऱ्यो । युरोपेली देशहरू इजरायलसमेत औपचारिक सदस्य रहेको कुरा खुलाउन हिच्किचाइरहे । खुफिया जानकारी साटासाट गर्न इजरायलले धेरै युरोपेली देशहरूमाथिपूर्ण विश्वास गरेन । त्यसैले सबै पक्षले इजरायलसँग अमेरिकालाई विशेष सम्बन्ध राख्न दिए ।

दोस्रो विश्वयुद्धको पचास वर्षपछि पनि संरा अमेरिकाले जर्मनी, इटली र स्पेनजस्ता पूर्व फासीवादी देशहरूलाई पाँच र नौ आँखाजस्ता गुटबाट पर राख्न छोडेन । दोस्रो विश्वयुद्धपछि अमेरिकाले पूर्व फासीवादी शक्ति र बाँकी युरोपलाई अधीनमा राख्ने एउटा अन्तर्राष्ट्रिय व्यवस्था निर्माण गऱ्यो । अन्य देशलाई तखतमा राख्ने वा आफ्नो इसारामा चलाउने यो प्रक्रिया अमेरिकाले निर्माण गरेको सैन्य संयन्त्रमा प्रकट हुन्छ । यसमा सैन्य सङ्गठन नेटो अमेरिकाको अहम् पुर्जा हो । जर्मनी, इटली र जापानजस्ता पराजित शक्तिहरूमा अमेरिकी सैन्य अखडा राख्ने बन्दोबस्तले गर्दा अमेरिकालाई पराजित देशको सैन्य वा कूटनीतिक सार्वभौमिकताबारे प्रश्न उठ्यो कि पन्छ्याउन सजिलो भयो ।

सन् २००१ मा पाँच अन्य देश (जर्मनी, बेल्जियम, इटली, स्पेन र स्वीडेन) लाई नौ आँखा गुटमा थपेर चौध आँखा नामक अर्को सङ्गठन बनाइयो ।

सन् २००५-२००९ तिर अमेरिका रूस र चीनबाट चनाखो हुन थाल्यो । भित्रभित्र 'एसियामापुन: सन्तुलन' (पिभोट टु एसिया) नीति सुरु भइसकेको थियो । सन् २०१२ मा बाराक ओबामा सरकारमा नआउँदासम्म त्यसलाई औपचारिक घोषणा गरिएन ।

### उत्तरी गोलार्द्धको घेरा ३ : चौध कम युरोपेली साम्राज्यवादी देश

घेरा ३ का देशहरू चित्र २१ मा देखाइएको छ । यसमा १५ देश छन् तर यी सबैमध्ये जापानको भाउ ठूलो छ । किनभने, चीन र रूसलाई रोक्ने वा दबाउने खेलमा जापान मोर्चाबन्दीको लागि निर्णायक सम्पत्ति बन्न पुगेको छ । यद्यपि यसमा हामीले दोयम दर्जाका अन्य पश्चिम युरोपेली देशहरूलाई पनि राखेका छौँ । यी देशहरू अमेरिकाप्रति बफादार भए पनि अन्य देशभन्दा कम सामरिक बिन्दुमा छन् । यसमा पोर्चुगल, फिनल्यान्ड र आइसल्यान्डजस्ता केही देश नेटोका सदस्य छन् । घेरा २ मा नभएको एकमात्र पूर्व फासीवादी र उपनिवेशवादी देश पोर्चुगल हो । अमेरिकी सैन्य खुफियातन्त्रका आँखामा कम महत्वको हुनाले र सानो गार्हस्थ उत्पादनका कारण पोर्चुगलसँग यस्तो व्यवहार गरिएको हो ।

यी देशलाई चौध आँखामा राखिएको छैन ।

| Country | General | | | | | US Intelligence Relations | | |
|---|---|---|---|---|---|---|---|---|
| | UNyr. joined | Population (mil.) | GDP (PPP) (bn.) | Growth Rate 10 yr. annual moving avg. | GDP (PPP) per capita | 5 Eyes | 9 Eyes | 14 Eyes |
| Germany | 1973 | 83 | 5370 | 0.012 | 64086 | | | Y |
| France | 1945 | 65 | 3696 | 0.011 | 56305 | | Y | Y |
| Italy | 1955 | 59 | 3059 | 0.004 | 51827 | | | Y |
| Spain | 1955 | 48 | 2272 | 0.014 | 47711 | | | Y |
| Netherlands | 1945 | 18 | 1244 | 0.019 | 70728 | | Y | Y |
| Belgium | 1945 | 12 | 735 | 0.015 | 63268 | | | Y |
| Sweden | 1946 | 11 | 695 | 0.024 | 66091 | | | Y |
| Norway | 1945 | 5 | 427 | 0.016 | 78014 | | Y | Y |
| Denmark | 1945 | 6 | 419 | 0.021 | 71332 | | Y | Y |
| Total | 9 countries | 306 | 17918 | | 58334 | | | |
| Percentage of World | | 0.038 | 0.109 | | | | | |
| *Source: Global South Insights elaboration based on UN, IMF* | | | | | | | | |

| Country | Military | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | NATOyr. joined | NATO+ | Military spend adj. (mil.) | Military spend adj. per capita ; world avg. (times) | US Bases excl. US | Intra-Imperialist Deployments | Military Deployments to GS | Nuclear weapons power |
| United States | 1949 | Y | 1536859 | 12.6 | | 22 | 34 | Y |
| United Kingdom | 1949 | Y | 68463 | 2.8 | 25 | 8 | 24 | Y |
| Canada | 1949 | Y | 26896 | 1.9 | 2 | 6 | 7 | |
| Australia | | Y | 32299 | 3.4 | 17 | | 8 | |
| Israel | | | 23406 | 7.2 | 7 | | | Y |
| New Zealand | | Y | 2829 | 1.5 | | | 4 | |
| Total | | | 1690752 | | 51 | 36 | 77 | |
| Percentage of World | | | 0.589 | | | | | |
| *Source: Global South Insights elaboration based on SIPRI & Monthly Review, UN, World Beyond War, IISS* | | | | | | | | |

यसप्रकार साम्राज्यवादी खेमाको तेस्रो घेरामा जापान र अन्य १४ युरोपेली देश छन् । यी देश हुन् - स्वीजरल्यान्ड, आयरल्यान्ड, अस्ट्रिया, ग्रीस, फिनल्यान्ड, लक्जेम्बर्ग, साइप्रस, माल्टा, आइसल्यान्ड, एन्डोरा, सान मारिनो, लाइखटेन्स्टिन र मोनाको ।

इतिहासमा धेरै शताब्दीसम्म साम्राज्यवादी खेमाका पहिलो तीन घेराका देशहरूले ठूलो मानवीय विपत्ती निम्त्याएका थिए । आयरल्यान्ड

बाँकी पृष्ठ ७ मा

# अमेरिकाको दोहोरो मापदण्ड र कपटले गाजामा दिगो शान्तिको सम्भावनालाई कमजोर बनाइँदै

**भिक्टर गाओ**

गाजापट्टीमा क्षेत्रीय द्वन्द्व बढ्दै जाँदा मानवीय अवस्था बिग्रँदै गएको बेला अमेरिकी सेनाले मङ्गलबार यस क्षेत्रमा खाद्यान्न र पानी खसाल्यो । सोही दिन पेन्टागनले अमेरिकी सेनाका जहाजहरू पनि गाजाका नागरिकहरूलाई सहायता पुऱ्याउन तटीय आधार निर्माण गर्न पूर्वी भूमध्यसागरमा सर्दै गरेको घोषणा गरेको थियो । तर, अमेरिकी सरकारले उच्चस्तरको दोहोरो मापदण्ड र कपटको प्रदर्शन गर्दै आफूलाई दलदलमा धकेलिरहेको छ ।

एकातिर, अमेरिका इजरायली सेनाको पछाडि मुख्य लाइफलाइन (जीवन मार्ग) बनेको छ, जसले ठूलो मात्रामा उपकरण, गोला बारूद, सबै प्रकारका हतियारहरू, सैन्य गुप्तचर जानकारी, साथै पैसा उपलब्ध गराएको छ ।

अर्कोतर्फ, अमेरिकाले प्यालेस्टिनी जनतालाई थप मानवीय सहयोग उपलब्ध गराउने उद्देश्यले उनीहरूका दुःख, पीडा र अभावलाई कम गर्ने उद्देश्यले केही कदम चालेको देखिन्छ । तर, अमेरिकाको घोषणामा मसी सुक्नुअघि नै अमेरिकी सेनाले तटीय आधार निर्माण गर्न ६० दिनसम्म लाग्न सक्ने बताएको छ । यसको अर्थ यो हो कि तटीय आधारले सञ्चालन गर्न र विदेशबाट आपूर्तिहरू प्राप्त गर्न सुरु गर्नुअघि ६० दिनको प्रतीक्षा अवधि हुनेछ ।

हाल गाजामा युद्ध चलिरहेको छ र निर्दोषको ज्यान गइरहेको छ । हामी कसरी अझै ६० दिन वा सोभन्दा बढी पर्खन सक्छौं ? अमेरिकी सरकारले तत्कालै युद्धविराम लागू गरी अस्थायी आधारको निर्माण कार्यलाई तीव्रता दिनुपर्छ । मलाई आशा छ कि यो छोटो समयमा पूरा गर्न सकिन्छ । त्यसपछि, प्यालेस्टिनी जनताको दुःख र पीडालाई कम गर्न गाजामा तुरुन्तै आपूर्ति गर्न अन्तर्राष्ट्रिय समुदायलाई आह्वान गर्नुपर्छ ।

गाजामा इजरायल र हमासबिचको द्वन्द्व दुई पक्षबिच मात्रै निहित छैन । बरु, यो नियन्त्रण बाहिर बढ्न सक्ने क्षमता छ । यमनका हुथी विद्रोहीहरूले इजरायल जाने वा प्रस्थान गर्ने जहाजहरूमा आक्रमण गरिरहेका छन् । यसबाहेक, संरा अमेरिका र बेलायतले यमन भित्रका साइटहरूमा बमबारी गरिरहेका छन् । इराक, सिरिया र इरानलगायत अन्य देशहरूले इजरायली वा पश्चिमी सेनाहरूद्वारा बढ्दो सङ्कट र रणनीतिक बमबारीको सामना गरिरहेका छन् ।

तसर्थ, भविष्यका पुस्ताहरूले आफ्नो जिम्मेवारी पूरा गर्न असफल भएको आरोप लगाउनुको सट्टा अमेरिकाको लागि खडा हुने र सही काम गर्ने यो महत्त्वपूर्ण क्षण हो । यद्यपि, संरा अमेरिकाले यो द्वन्द्व अन्त्य गर्न कुनै वास्तविक प्रतिबद्धता वा इच्छा देखाएको देखिँदैन । मलाई लाग्दैन कि उनीहरूले गाजामा भइरहेको सर्वसाधारणको मृत्युको बारेमा त्यति चासो राख्छन् । तिनीहरूले सही काम गर्न पर्याप्त स्रोत वा ध्यान समर्पित गर्दैनन् ।

गाजा सङ्कट अमेरिकी राष्ट्रपति चुनावका निम्ति द्रुतगतिमा प्यादा बन्दै गएको देखिन्छ । डोनाल्ड ट्रम्प र जो बाइडेनले गाजाको सङ्कट र इजरायली सरकार वा यसका रक्षा बलहरूसँग कसरी व्यवहार गर्ने भन्ने बारेमा कुरा गरौँ । समस्याहरूको तत्काल समाधान गर्न चाहँदैनन् । उनीहरूले जसरी भए पनि चुनावी रणनीति खेलेर बढी मत प्राप्त गर्न रुचाउँछन् ।

नोभेम्बरको प्रारम्भसम्मको अमेरिकी आम चुनावमा, गाजा सङ्कट आफैंमा इतिहासको सबैभन्दा महत्त्वपूर्ण र भयानक मानवीय त्रासदीहरूमध्ये एक भए पनि, ध्यान अन्तर्राष्ट्रिय विषयहरूभन्दा पनि घरेलु मुद्दाहरूमा बढी केन्द्रित हुने सम्भावना छ । यद्यपि, गाजा सङ्कटले चुनावलाई धेरै तरिकाले प्रभाव पार्ने निश्चित छ ।

पहिलो, धेरै मुस्लिम अमेरिकीहरूले मानिसहरूलाई बाइडेनलाई मतदान नगर्न आग्रह गर्न आफ्नो प्रयासहरू परिचालन गर्ने अपेक्षा गरिएको छ । उनीहरूले संरा अमेरिकाले इजरायली जनताको वैध अधिकारको रक्षा गरेजस्तै शान्ति र प्यालेस्टिनी जनताको वैधानिक अधिकारको रक्षामा दृढ उभिन असफल भएर संरा अमेरिकालाई निराश पारेको उनीहरूले बुझेका छन् ।

दोस्रो, गाजामा भएका त्रासदीहरूको अन्त्य गर्न अमेरिकाको पूर्ण असफलताबाट उनीहरू निराश छन् । संरा अमेरिकाले गाजामा तत्काल युद्धविरामको आह्वान गर्ने संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषद्का प्रस्तावहरूलाई बारम्बार अवरुद्ध गरेको तथ्यबाट उनीहरू निराश छन् । फलस्वरूप, तिनीहरू सम्भवतः परिचालन हुनेछन् । राजनीतिक कार्यकर्ताहरूले इजरायल-प्यालेस्टिन द्वन्द्वमा युद्धविरामलाई प्रवर्द्धन गर्न संरा अमेरिकाको असफलताको लागि बाइडेनलाई जवाफदेही बनाउने प्रयास गर्नेछन्, यो असफलता सम्पूर्ण विश्वमा प्रदर्शन गरिएको छ ।

यद्यपि, अमेरिकी जनताले युक्रेन सङ्कट र गाजा द्वन्द्वमा ध्यान दिइरहेका हुनसक्छन्, उनीहरूको मुख्य ध्यान घरेलु मुद्दाहरूमा, विशेषगरी राष्ट्रपति चुनावको नतिजामा छ । दुर्भाग्यवश, नागरिक मृत्यु, अत्याचार र अन्धाधुन्ध हत्याका समाचारहरू घरेलु मामिलाहरूका शीर्षकहरूले ओझेलमा पर्न सक्छन् । यो प्यालेस्टिनी जनता र इजरायल दुवैका लागि दुःखद अध्याय हुनेछ, किनकि यसले यस क्षेत्रमा दिगो शान्तिको सम्भावनालाई कमजोर बनाउँछ ।

यो संरा अमेरिकाको लागि सही काम गर्न र प्यालेस्टिनी जनता र इजरायली जनताबिचको स्थायी अस्थिरता, घृणा र द्वन्द्वको वास्तविक सङ्कटलाई रोक्नको लागि महत्त्वपूर्ण क्षण हो । अमेरिकाले प्यालेस्टिनी जनतालाई इजरायली जनतासँग जस्तो व्यवहार गर्नुपर्छ, त्यस्तै व्यवहार गर्नुपर्छ । यदि कसैले प्यालेस्टिनी जनताको वैधानिक अधिकारको खर्चमा इजरायली जनताको राजनीतिक अधिकारलाई प्राथमिकता दिने प्रयास गर्छ भने, तिनीहरू अन्ततः इजरायलीहरूको आधारभूत हितहरू पूरा गर्न असफल हुनेछन्, किनकि यसरी इजरायलको लागि दिगो शान्ति प्राप्त गर्न सकिँदैन ।

***(लेखक सूचो विश्वविद्यालयका अध्यक्ष प्राध्यापक र सेन्टर फर चाइना एण्ड ग्लोबलाइजेसनका उपाध्यक्ष हुन् ।)***

***पिपुल्स डेली अनलाइनबाट***

***अनुवाद : प्रकाश***

# अमेरिकी सहयोगीहरूका लागि मिसाइल कोसेढुङ्गा तर एसियाका लागि सुरक्षा दुविधा

**वाङ वेनवेन**

ब्रेकिङ डिफेन्समा एक समाचार रिपोर्टअनुसार दुई अमेरिकी सहयोगीहरू - जापान र फिलिपिन्स पश्चिमी प्रशान्त क्षेत्रमा आफ्ना सेनाको पहुँच विस्तार गर्ने नयाँ मिसाइलहरूमा लगानी गर्ने आफ्नो योजनामा महत्त्वपूर्ण कोसेढुङ्गाहरू नजिक छन् ।

फिलिपिन्सले भारतबाट खरिद गरेको ब्राह्मोस मिसाइल प्रणालीको पहिलो सेट मार्चको अन्त्यसम्ममा फिलिपिन्स पुग्ने अपेक्षा गरिएको छ । उही समयमा, जापानको सामुद्रिक आत्मरक्षा बलका ३० जना कर्मचारीले जापान सरकारले संरा अमेरिकाबाट खरिद गर्ने योजना बनाएको टोमाहक मिसाइलहरू सञ्चालन गर्न अमेरिकी नौसेनाबाट प्रशिक्षण प्राप्त गर्ने अपेक्षा गरिएको छ ।

चिनियाँ सैन्यविज्ञ झाङ जुन्सेले ग्लोबल टाइम्सलाई औँल्याए कि यो विकासले अमेरिकाका सहयोगीहरूले अमेरिकाको तथाकथित इन्डो-प्यासिफिक रणनीति र यसको धेरै प्रचार गरिएको 'चीन खतरा' सिद्धान्तलाई प्रतिक्रिया दिइरहेका छन् । तिनीहरूका साथ अमेरिकाले साना गुटहरू बनाउन खोजेको छ ।

नयाँ मिसाइलहरूमा टोकियो र मनिलाको लगानी तिनीहरूको आफ्नै गणनामा आधारित छ । गत वर्षदेखि वासिङ्टनको उक्साहटमा दक्षिण चीन सागरको सामुद्रिक विवादलाई लिएर चीन-फिलिपिन्स तनाव बढेको छ । ब्राह्मोस मिसाइलको सुपरसोनिक गतिमा २९० किलोमिटरसम्मको उडान दायरा छ र यसलाई जमिन, जहाज वा लडाकू विमानबाट प्रक्षेपण गर्न सकिन्छ । क्षेप्यास्त्रहरूले रेनाई जिओ ( रेनाई रीफ पनि भनिन्छ) र मेइजी जिओ (के) जस्ता नान्शा टापुहरूमा प्रहार गर्न सक्ने क्षमता राख्छन् । क्षेप्यास्त्रहरूले नान्शा टापुहरूजस्तै रेनाई जिओ (रेनाई रीफ पनि भनिन्छ) र मेइजी जिओ (जसलाई मेइजी रीफ पनि भनिन्छ) र ह्वाङ्यान दाओ (ह्वाङ्यान टापु पनि भनिन्छ) तिर प्रहार गर्ने क्षमता राख्न सक्छ ।

जापानको हकमा, जापानले संरा अमेरिकाबाट किन्ने योजना बनाएको टोमाहक मिसाइलले १६०० किलोमिटर टाढाको लक्ष्यमा प्रहार गर्न सक्छ, जुन आत्मरक्षाको लागि जापानको आवश्यकताभन्दा धेरै बढी हो तर यसले जापानको आक्रामक क्षमतालाई धेरै बढाउँछ । जापानले आफ्नो शान्तिवादी संविधानका अवरोधहरू तोड्न र राजनीतिक र सैन्य प्रमुख शक्ति बन्ने आफ्नो सपना साकार पार्न अमेरिकाको सहयोग र समर्थन प्रयोग गरिरहेको छ ।

जापानले २०२२ को अन्तमा शत्रु सेनाहरूमा आक्रमण गर्न अनुमति दिने स्ट्राइक क्षमता विकास गर्ने निर्णय गऱ्यो, जुन आफ्नो सेनालाई आत्मरक्षा क्षमताहरूमा सीमित गर्ने युद्धपछिको प्रतिबद्धताको ठूलो परिवर्तन थियो । यदि टोमाहक मिसाइलहरू जापानको अपतटीय टापुहरूमा तैनाथ गरियो भने यसले चिनियाँ मुख्य भूमिमा प्रहार गर्न सक्नेछ ।

नौसेना विशेषज्ञ वाङ युनफेईले ग्लोबल टाइम्ससित भने कि ब्राह्मोस मुख्यतया कमजोर लक्ष्यहरूविरुद्ध प्रयोग गरिन्छ । यदि वास्तविक द्वन्द्व भयो भने आकाशबाट सतहमा मार हान्ने क्षेप्यास्त्रहरू, एन्टी-शिप मिसाइलहरू, ब्राह्मोसलाई पराजित गर्न सक्ने क्रूज मिसाइलहरूजस्ता चीनसँग विभिन्न प्रकारका हतियारहरू छन् । ब्राह्मोस मिसाइलले फिलिपिन्स मरीन कोर्प्सको कोस्टल डिफेन्स रेजिमेन्टको क्षमता बढाउन सक्ने भए पनि चीनको विरुद्धमा सीमित प्रतिरोधात्मक क्षमता छ ।

मिसाइलहरू, जुन सबसोनिक हो तर सुपरसोनिक होइन, चीनसँग धेरै प्रकारका क्षेप्यास्त्रहरू जस्तै अन्य प्रकारका क्रूज मिसाइलहरू भएकाले धेरै काउन्टरस्ट्राइक क्षमताहरू छन् ।

वाङले भने कि हतियारको प्रयोगको विश्लेषण यसको प्रदर्शनमा निर्भर गर्दैन, तर अन्तर्निहित नियत र प्रेरणामा निर्भर गर्दछ । संरा अमेरिकाको प्रोत्साहनमा जापान र फिलिपिन्सले आफ्नो क्षेत्रीय सार्वभौमिकताको रक्षा गर्न र ताइवान जलडमरूमा शान्ति र स्थिरता कायम गर्ने चीनको प्रयासलाई कमजोर पार्न यी दुई क्षेप्यास्त्रमा लगानी गरिरहेका छन् । चीनको दुई देशको भूभागमा आक्रमण गर्ने कुनै मनसाय छैन, तर यदि तिनीहरूले चीनको हितलाई हानि पुऱ्याउँछन् भने, उनीहरूले अनिवार्य रूपमा चीनबाट काउन्टर स्ट्राइकहरूको सामना गर्नेछन् र संरा अमेरिकाको आक्रामक एसिया नीतिको तोप चारा बन्नेछ ।

जापान र फिलिपिन्स मिसाइल लगानीमा एक्लै छैनन् । अष्ट्रेलियाले टमाहक मिसाइलहरू खरिद गरेर लामो दूरीको स्ट्राइक क्षमता बढाउँदैछ ।

चाइनिज एकेडेमी अफ सोसल साइन्सेसको नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजीका एसोसिएट रिसर्च फेलो सन सिहुईले ग्लोबल टाइम्ससित भने कि अमेरिकाका एसियाली सहयोगीहरूले सधैं आक्रामक सैन्य बलहरू विकास गर्ने बहानाको रूपमा 'चीन खतरा' बयान प्रयोग गर्छन् । वास्तवमा, तिनीहरूका कार्यहरू क्षेत्रीय हतियार दौडका लागि ट्रिगर हुन्, जसले एशिया-प्रशान्त क्षेत्रमा शान्ति र स्थिरताको वातावरणलाई विषाक्त बनाउनेछ र एसियामा सुरक्षा दुविधा निम्त्याउनेछ ।

संरा अमेरिकाले रुस-युक्रेन द्वन्द्वलाई त्रास पैदा गर्न प्रयोग गरिरहेको छ र आफ्ना युरोपेली सहयोगीहरूलाई दृढतापूर्वक नियन्त्रणमा राखेको छ, उनीहरूलाई उनीहरूको रक्षा बजेट बढाउन बाध्य पारेको छ । अब यो एसियामा यो दृष्टिकोण दोहोऱ्याउन चाहन्छ । सनले उल्लेख गरे कि अमेरिका चीनसँग प्रत्यक्ष द्वन्द्व गर्न चाहँदैन; यसको सट्टा, यो चीनलाई नियन्त्रण गर्न एशियाका आफ्ना सहयोगी र साझेदारहरूमा निर्भर रहन्छ र आफ्नो एसियाली सहयोगीहरूको दिमागमा प्रभुत्व जमाउने र क्षेत्रीय प्रभुत्व कायम गर्ने दोहोरो लक्ष्यहरू हासिल गर्न एसियाली देशहरूबिचको रणनीतिक सङ्कटको भावनालाई आपसी टकरावमा परिणत गर्छ ।

संरा अमेरिकाको अवरोधको सामना गर्दै चीनले आफ्नो राष्ट्रिय सुरक्षा र वैध अधिकार तथा हितहरू सुनिश्चित गर्न रणनीतिक स्थिरता कायम राख्नुपर्छ, आत्मरक्षालाई बलियो बनाउनुपर्छ र लामो दूरीको रक्षा क्षमताहरू बढाउनुपर्छ ।

***(लेखक ग्लोबल टाइम्सका सम्पादक हुन् ।)***

***ग्लोबल टाइम्सबाट***

***अनुवाद : प्रकाश***

**उग्र...**

यी देशहरूमा अपवाद रह्यो । बेलायत, अमेरिका र नेदरल्यान्डले अफ्रिकी दास व्यापारबाट अकूत धन सोहोरेका थिए । युरोपेलीहरूले विश्वभरि उपनिवेशवाद लादेका थिए । अमेरिकी भेग, सबैजसो अफ्रिका र एसियाका आधाभन्दा बढी भूभागमा उपनिवेशवादीहरूको हुकुम थियो । गोरो वर्णका अङ्ग्रेज आप्रवासीहरूले जबर्जस्ती अमेरिका, अस्ट्रेलिया र न्युजील्यान्डका आदिवासीहरूलाई धपाएका र हत्या गरेका थिए । साम्राज्यवादीहरूले धेरैचोटि चीनलाई टुक्र्याउन खोजेका थिए । पहिलो अफिम युद्धमा सन् १८४२ मा हङकङ हडपेका थिए भने सन् १८९५ को पहिलो चीन-जापान युद्धको अन्त्यतिर ताइवान हडपेका थिए । सन् १८८४-१८८५ मा युरोपेली उपनिवेशवादीहरूले बर्लिन सम्मेलन गरेर अफ्रिकालाई जथाभावी आपसमा भाग लगाएका थिए । अरूको भूमिलाई आपसमा बाँड्ने वा टुक्र्याउने यो हिंस्रक तौरतरिका आज पनि जीवित छ । यसको पछिल्लो उदाहरण सुडान हो । सन् २०११ मा यसरी नै सुडानलाई यसरी नै टुक्र्याइयो । आजसम्म पनि सुडान र सुडानवासीहरूको बिचल्ली रोकिएको छैन । सन् १९१९ मापहिलो विश्वयुद्धका विजेता देशले अस्ट्रो-हङ्गेरी र जर्मन साम्राज्यलाई भर्साइ सन्धिमार्फत टुक्राटुक्रा पारे; साङदोङजस्ता चीनका केही भूभाग जापानलाई दिए; अफ्रिकाका जर्मन उपनिवेशलाई आपसमा बाँडे र अङ्ग्रेज-अमेरिकी शक्तिको नेतृत्वमा विश्व व्यवस्था पुनः स्थापना गरे । साम्राज्यवादी देशहरूबिचको शत्रुता र अन्तरिक सङ्कटका कारण यो खेमामा फासीवादी राज्यहरूले टाउको उठाए । यसले गर्दा दोस्रो विश्वयुद्धको बन्दुक पड्कियो । महायुद्धमा परेर कम्तीमा ५ करोड सोभियत र चिनियाँ जनताले ज्यान गुमाउनुपऱ्यो । महायुद्धको अन्त्यतिर संरा अमेरिकाले सर्वसाधारण जनतामाथि आणविक बम खसाल्यो । आजसम्म पनि अमेरिकाले पहिलो खेपमै आणविक हतियार प्रयोग गर्नेछैन भनी वाचा गर्न मानेको छैन । धेरै अहम आणविक तथा मिसाइल सन्धिबाट उसले एकतर्फी रूपमा हात झिकेको छ ।

दोस्रो विश्वयुद्ध टुङ्गियो । तर, जापान अमेरिकाको रणनीतिक साझेदार बन्यो । सन् १९५१ मा अमेरिका र जापानबिच रक्षा सन्धि भयो । जापानी प्रम शिगेरु ओशिदाले आफ्नो देशमाथि अमेरिकी सैन्य वर्चस्व स्वीकार गरे । शीतयुद्धताका पूर्वी मोर्चाका सोभियत सङ्घ र चीनलाई रोक्न जापानले महत्त्वपूर्ण भूमिका खेल्यो । यो भूमिका अझै पनि चालु छ । जापान धेरै अमेरिकी सैन्य अखडा राख्ने देशमध्ये दोस्रो स्थानमा पर्छ । सन् २०२३ जुलाइसम्म त्यहाँ ९८ अमेरिकी सैन्य अखडा छन् । पहिलोमा जर्मनी पर्छ । त्यहाँ १७१ अमेरिकी सैन्य अखडा छन् । आजसम्म जर्मनीमा रहेका अमेरिकी अखडामध्ये एउटा पनि उहिलेको पूर्वी जर्मनीमा राखिएको छैन ।

जापान नेटोको औपचारिक सदस्य होइन । तर, सन् २०१४ यता जापानले एक्लै नेटोसँग सहकार्य गर्दै आएको छ । हालसालै २०२३ जुलाईमा उसले नेटोसँगको साझेदारी कार्यक्रममा सहमति जनाएको छ । साथै ऊ पछिल्ला दुई नेटो शिखर सम्मेलनमा सहभागी भइसकेको छ । नेटो साझेदार र हिन्द-प्रशान्त क्षेत्रमा रहेका चार साझेदार देशका राजदूतस्तरीय हुने बैठकहरूमा जापान नियमित सहभागी छ । यी बैठक ब्रसेल्सस्थित नेटो मुख्यालयमा हुँदै आएका छन् । यो व्यवहारिक समेटाइलाई नेटोको २०२२ रणनीतिक अवधारणाबाट व्याख्या गर्न सकिन्छ । सो अवधारणा भन्छ - "जेलिँदो विश्व रक्षा माहोललाई सम्बोधन गर्न यो भेगका मित्रहरूसँग सहकार्य गर्नु अत्यन्त निर्णायक बन्न पुगेको छ । यो जटिल रक्षा माहोलमा युक्रेनविरुद्ध रूसी युद्ध, विश्वको शक्ति सन्तुलनमा आएको परिवर्तन, चीनको उदयका साथै कोरिया प्रायःद्वीपको सुरक्षा अवस्था पनि पर्छन् ।"

जापान नेटोमा नरहेको तर जी-७ मा रहेको एकमात्र देश पनि हो । सन् २०२२ मा चीनलाई जापान सरकारले 'जापानका शान्ति तथा स्थिरताका लागि अहिलेसम्मकै ठूलो रणनीतिक चुनौती' भनी बिल्ला लगायो । यो घोषणासँगै जापानले आफ्नो औपचारिक सैन्य खर्चलाई दोब्बर पारेर सन् २०२७ सम्ममा देशको गार्हस्थ उत्पादनको २ प्रतिशत पुऱ्याउने बतायो । (यो सैन्य खर्च नेटो देशको मापदण्डअनुरूप हो ।) दोस्रो विश्वयुद्धपछि जापानले सेनाको औपचारिक खर्च गार्हस्थ उत्पादनको १ प्रतिशत तोकेको थियो । सैन्य खर्च बढाउने घोषणा गरेर उसले दोस्रो विश्वयुद्धमा लगाएको टोपी फाल्यो ।

### उत्तरी गोलार्द्धको घेरा ४ : नेटोमा मिसिएका उहिलेका पूर्वी खेमाका उन्नाइस देश

घेरा ४ मा पहिलेको पूर्वी खेमा (ब्लक) का युरोपेली तथा परस्पर आर्थिक सहायता परिषद् (कमेकन, १९४९-१९९१) मा आबद्ध पूर्वी युरोपेली सदस्य देश छन् । यी देश साम्राज्यवादी खेमामा थपिएका नयाँ देश हुन् । त्यसैले यी देशलाई विद्वान समिर अमिनले आफ्नो तीन खम्बाको अवधारणामा यी देशलाई समेट्नुभएको छैन ।

घेरा ४ का देशलाई चित्र २२ मा देखाइएको छ । यो साम्राज्यवादी खेमाभित्र पोल्यान्ड, रोमानिया, चेक गणतन्त्र, युक्रेन, हङ्गेरी, स्लोभाकिया, बुल्गेरिया, सर्बिया, क्रोएसिया, स्लोभानिया, लात्भिया, बोस्निया र हर्जेगोभिना, इस्टोनिया, अल्बानिया, उत्तर म्यासेडोनिया, मोल्डोभा र मोन्टेनिग्रो पर्छन् । यीमध्ये पाँच देश पूर्ण सोभियत गणराज्य हुन् । बेलारूस मात्र यसमा अपवाद रह्यो ।

यी देशहरू पहिले साम्राज्यवादी खेमाका अङ्ग थिएनन् । आफ्नो वर्चस्व बढाउन संरा अमेरिकाले यी क्षेत्रलाई आफ्नो सैनिक, राजनीतिक र सांस्कृतिक तारो बनायो । पहिले युगोस्लाभियाको अङ्ग रहेको सर्बियामाथि सन् १९९९ मा नेटोले ७८ दिनसम्म लगातार बमबारी गऱ्यो । आजसम्म पनि सर्बिया नेटो सदस्य होइन । तैपनि, उसलाई नेटो देशहरूसँग संयुक्त सैन्य अभ्यासमा सहभागी हुन बाध्य पारिन्छ । सन् २०२३ जूनमा उसलाई करकापमा पारेर सैन्य अभ्यास गराइएको थियो ।

जनमत सङ्ग्रह नगरी रोमानिया नेटोमा समावेश भयो । यसको लागि सत्तारूढ दलले संविधान नै संशोधन गऱ्यो । रोमानियाका जनतासँग सल्लाह नै नगरी संसद्ले नै नेटोमा समावेश हुने निर्णय गर्नसक्ने गरी सो संशोधन गरिएको थियो ।

आर्थिक अधीनता र नेटोको पूर्वी विस्तारमार्फत पूर्वी युरोपमा अमेरिका र पश्चिम युरोपको दबदबा कायम गरिएको थियो । पूर्वी युरोपका १४ देश नेटो सदस्य छन् । यीमध्ये बोस्निया र हर्जेगोभिना, जर्जिया, मोल्डोभा र युक्रेन २०२३ जुलाईमा सम्पन्न नेटोको भिलिनयस बैठकमा सहभागी थिए । यीमध्ये केही देशमा नेटोपरस्त दक्षिणपन्थी सरकार छन् । पोल्यान्ड, युक्रेन र इस्टोनिया यसका उदाहरण हुन् । यी देशरूसविरुद्ध अग्रमोर्चाका पहरेदारको भूमिकामा सक्रिय छन् ।

# भक्तपुरका सम्पदाहरूको संरक्षणमा डा. श्रेष्ठको महत्त्वपूर्ण योगदान छ

*विद्यालय, कलेजहरूमा विद्यार्थीहरूलाई इतिहास, भूगोलको अध्ययनको आवश्यकता महसुस हामीले गर्दै छौँ । इतिहास र संस्कृति पढ्ने विद्यार्थी, प्राध्यापक र त्यसबारे अध्ययन, अनुसन्धान गर्न चाहने सबैको निम्ति डा. श्रेष्ठद्वारा लिखित पुस्तक अत्यन्त उपयोगी हुने विश्वास छ । भक्तपुरको सम्पदा संस्कृतिबारे बुझ्न विदेशीको लेख पढ्नुपर्ने अवस्था छैन ।*

डा. पुरुषोत्तमलोचन श्रेष्ठद्वारा लिखित इतिहास, संस्कृति र पुरातत्त्वसम्बन्धी अनुसन्धानमूलक लेखहरूको सङ्ग्रह 'अन्तरङ्गका तरङ्गहरू' भक्तपुरका सम्पदाबारे अध्ययन गर्न चाहने विद्यार्थीहरूको लागि अत्यन्त महत्त्वपूर्ण हुने हाम्रो विश्वास छ ।

डा. श्रेष्ठले भक्तपुरका धेरै सम्पदाहरूको अध्ययन अनुसन्धान गर्नुभयो । कतिपय किंवदन्तीको रूपमा सुनिरहेका सम्पदाहरूका बारेमा प्राप्त प्रमाणहरूको अध्ययन अनुसन्धान गरी सत्यतथ्य सार्वजनिक गर्नुभयो । जीवनका महत्त्वपूर्ण समय उहाँले अध्ययन अनुसन्धानमा खर्च गर्नुभयो । 'अन्तरङ्गका तरङ्गहरू' उहाँको पसिनाको सङ्ग्रह हो । पसिनाको मूल्य हुँदैन । यो अमूल्य ग्रन्थ हो ।




हामी सिन्धुघाटी र हडप्पा सभ्यताबारे अध्ययन गर्छौं । आजभन्दा ४ हजार वर्ष पहिलेका बासिन्दाहरूले उपभोग गरेका वस्तुहरू, निर्माण गरेका संरचनाहरूबारे बुझ्छौँ । मोहन्जोदारोमा उत्खनन गरेर प्राप्त गरेका धातु र प्रस्तर मूर्तिहरूको अध्ययनले तत्कालीन मानिसहरूको उत्कृष्ट कलाकारिताबारे जानकारी दिन्छ । यसले नगर सभ्यताको विकास, अग्ला अग्ला घरहरू, त्यहाँका मानिसहरूको जनजीवन बुझ्न मद्दत गरेको छ ।

काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा निर्मित बौद्ध स्तुपाहरूले २६ सय वर्षअघिको गौतम बुद्धकालीन इतिहास बताउँछन् । अहिले लुम्बिनी र तिलौराकोटको उत्खनन भइरहेको छ । अध्ययन अनुसन्धानले नयाँ नयाँ तथ्यहरू पत्ता लाग्छ । विज्ञान र प्रविधिको विकासले हजारौँ वर्ष पहिलेको घटनालाई पनि सहजै बुझ्न सक्ने भएका छौँ ।

भक्तपुरका सम्पदाहरूबारे धेरै अध्ययन भइसकेका छन् भने धेरैको अध्ययन अनुसन्धान गर्न बाँकी नै छ । भक्तपुरको 'न्हु पुखु' (रानीपोखरी) भक्तपुरका जनतालाई कममात्र थाहा थियो । नेपाली सेनासँगको समन्वयमा भनपाले पुन: निर्माण सम्पन्न गऱ्यो । नेसं ७५० मा जगज्ज्योति मल्लको पालामा निर्मित उक्त पोखरीसम्बन्धी अध्ययन कार्यदलका संयोजक डा. श्रेष्ठ नै हुनुहुन्थ्यो । फागुन २५ गते उद्घाटन भएको ८०० वर्ष पुरानो भाजु पुखू अध्ययन कार्यदलको पनि उहाँ नै संयोजक हुनुहुन्थ्यो । लामो समयको अध्ययन अनुसन्धानपछि प्राप्त वस्तु वा प्रमाणहरूको आधारमा मौलिक शैलीमै ती सम्पदाहरूलाई पुन:निर्माण गऱ्यौँ । भक्तपुरको इतिहासलाई भक्तपुर नगरपालिकाले जीवन्तता दिने कोसिस गर्दै छ ।

भक्तपुर नगरपालिकाले थंथु दरबार निर्माण गर्दै छ । त्यसबारे पुरातत्त्व विभाग, संस्कृति मन्त्रालयसँग पनि समन्वयमा रही काम गर्दै छौँ । केही समयअघि मात्रै पुरातत्त्व विभागका निर्देशक, युनेस्कोका प्रतिनिधिहरू आएर अध्ययन गर्नुभयो । उहाँहरूले ठाउँठाउँमा खाल्डो खनेर उत्खनन गरी प्राप्त वस्तुहरू परीक्षणको लागि लिएर जानुभयो । अहिले निर्माणको लागि अघि बढ्न सल्लाह दिनुभयो । अब निर्माणले गति लिन्छ ।

विद्यार्थी निकेतन माविमा पनि ट्याङ्कीको लागि जग खन्ने क्रममा दरबारको किल्ला भेटियो । नगरपालिका र पुरातत्त्वका प्रतिनिधिहरू गएर त्यसलाई रोक्ने काम गऱ्यौँ ।

भनपा वडा नं. ५ कुथु सुब्याको जग खन्ने क्रममा भाष्कर मल्लका पुराना मुद्राहरू भेटिए । त्यसले तत्कालीन इतिहास बुझ्न मद्दत गऱ्यो । जगन्नाथ क्षेत्र, दरबार क्षेत्रको ९९ चोक र साकोठाको उत्खनन् बाँकी नै छ ।

लिच्छविकालीन र मल्लकालीन सम्पदाहरू रहेको भक्तपुर एक सम्पदा नगर हो । यहाँको प्राचीन मौलिकता हराउन नदिने भक्तपुर नगरपालिकाले मिहिनत गरिरहेको छ । परम्परागत घर निर्माण गर्नेलाई अनुदानको व्यवस्था, डकर्मी, सिकर्मीको तालिम, कला-संस्कृतिको महत्त्वबारे नयाँ पुस्तालाई जानकारी दिन स्थानीय पाठ्यक्रमको व्यवस्था नगरपालिकाले मौलिकता जोगाउने प्रयासका केही उदाहरणहरू हुन् ।

भरत जंगम यहीँ हुनुहुन्छ । उहाँले भनपाको स्वीकृतविना जंगम मठ निर्माण गर्न खोज्नुभयो । हामीले रोक्ने कोसिस गऱ्यौँ । पछि उहाँले नक्सा पास गर्नुभयो । उहाँ भन्नुहुन्थ्यो, काठमाडौँ, ललितपुरमा मठको नक्सा पास गर्न नपर्ने भक्तपुरमा मात्रै किन ? पछि छलफल गरेर सहमतिमा प्रक्रिया अघि बढ्यो ।

कलेज र विश्वविद्यालयहरूमा इतिहास पढ्ने विद्यार्थीहरू कम हुँदै गएका छन् । त्यसलाई ध्यानमा राखेर भनपाले विद्यावारिधिसम्म छात्रवृत्तिको व्यवस्था गर्दै आएको छ । भनपाको छात्रवृत्तिका धेरै विद्यार्थीले इतिहास, संस्कृति विषय लिएर अध्ययन गरिरहेका छन् ।

विद्यालय, कलेजहरूमा विद्यार्थीहरूलाई इतिहास, भूगोलको अध्ययनको आवश्यकता महसुस हामीले गर्दै छौँ । इतिहास र संस्कृति पढ्ने विद्यार्थी, प्राध्यापक र त्यसबारे अध्ययन, अनुसन्धान गर्न चाहने सबैको निम्ति डा. श्रेष्ठद्वारा लिखित पुस्तक अत्यन्त उपयोगी हुने विश्वास छ । भक्तपुरको सम्पदा संस्कृतिबारे बुझ्न विदेशीको लेख पढ्नुपर्ने अवस्था छैन ।

मानिसलाई जीवनमा गरेका राम्रो कामले अमर बनाउँछ । डा. पुरुषोत्तमलोचन श्रेष्ठलाई यही पुस्तकले देशविदेशमा परिचित गराउनेछ । युगयुगसम्म बचाइराख्नेछ । भक्तपुरका सम्पदाहरू संरक्षणमा डा. श्रेष्ठको महत्त्वपूर्ण योगदान छ । उहाँजस्ता धेरै इतिहासकार, संस्कृतिविदहरूको आवश्यक छ ।

यस्तो महत्त्वपूर्ण पुस्तक प्रकाशनमा सहयोग गर्ने सञ्चित बचत तथा ऋण सहकारी संस्थालाई धेरै धेरै धन्यवाद ! सहकारी पैसाको लेनदेनमा मात्रै सीमित हुन नहुने समाजको निम्ति काम गर्नु पर्ने मान्यताअनुसार यो पुस्तक प्रकाशन गरेको भन्ने लागेको छ । आगामी दिनहरूमा यस्तै कामको अपेक्षा गर्दछु ।

लेखक पुरुषोत्तम लोचन श्रेष्ठलाई हार्दिक बधाई तथा यस्तै पुस्तकहरू लेखिरहन सकून् ! शुभकामना !

*(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले डा. पुरुषोतम श्रेष्ठद्वारा लिखित 'अन्तरङ्गका तरङ्गहरू' पुस्तक विमोचन कार्यक्रममा फागुन २८ गते व्यक्त गर्नुभएको मन्तव्यको सार)*

# सरकारमा गएर ब्रह्मलुट र कानुनी डकैटजस्तै भइरहेको दाबी

आज केही सञ्चारमाध्यममा प्रकाशित भयो, 'माओवादी नेतासमेतको संरक्षणमा सुन तस्करी' र 'माओवादी नेताको सुन तस्करीसँग कनेक्सन रक्तचन्दन तस्करीकै बेला भएको थियो ।' यसमा माओवादीका को को नेता जोडिएका छन् । यसबारे प्रधानमन्त्रीलाई संसद्मा स्पष्ट गराउनु जरुरी छ ।



राजनीतिमा लाग्नु नि:स्वार्थरूपले देश र जनताको सेवाको निम्ति हो । एउटा मरेको माछाको कारण पोखरी नै दुर्गन्धित हुन्छ । सरकारमा गएर ब्रह्मलुट र कानुनी एवम् गैरकानुनी डकैतीजस्तै भइरहेको बारे यो संसद्मा पटकपटक उठिरहेको छ । आज पनि शासक दलका सांसदहरूले उठाउनुभयो । शासक दलहरूमा त्यस्ता मरेका सर्पजस्तै गन्हाएका कति छन् ? शासक दलहरूले नै देखाउने हो कि जनताले देखाउने भन्ने प्रश्न पनि उठ्दै छ । आफैले पत्रु भनेकाहरूसँग मन्त्री खानु र उपप्रधानमन्त्रीको भिडमा मिसिनु तिहुनचखुवाजस्तै भएको र विकल्पको दाबी पुष्टि नहुने जनमत बढ्दो छ । 'कालो बादलभित्र चाँदीको घेरा हुन्छ' भनेझैँ शासक दलभित्र इमानदारहरू पनि हुनुपर्दछ । उहाँहरू यस्ता डकैती र ब्रह्मलुटको पिछलग्गू नभई स्वयम् एक शक्ति बनेर उठ्ने अपेक्षा गर्नु अस्वाभाविक नहोला ।

**नगरकोट र दुवाकोटको सडक कहिले बन्छ ?**

नगरकोट सडक नौ वर्षदेखि धुलाम्मे र हिलाम्मे छ । दुवाकोट सडक पाँच वर्षदेखि हिलाम्मे र धुलाम्मे छ । सम्बन्धित मन्त्रीहरू के गर्दै छन् ? स्पष्ट गर्न लगाउन जरुरी छ ।

**मेलम्ची खानेपानीको खबौँ रुपैयाँ ऋण कहिले तिर्ने ?**

मेलम्ची खानेपानी आयोजना अधिक लागत हुनुमा सरकारी मन्त्री, अधिकारी, ठेकेदार, परामर्श संस्था जिम्मेवार भएको सार्वजनिक भयो । परामर्श सेवामा झन्डै २१ अर्ब ३७ करोड रुपैयाँ खर्च भएको खुलासा भयो । तर, यसमा कमिसन क-कसले खाए खुलासा भएको छैन, हुनु जरुरी छ । एसियाली विकास बैङ्कको १ खर्बभन्दा बढी ऋण लागत पुग्ने मेलम्ची आयोजनाको ऋण तिर्न ५० वर्ष लाग्ने पनि सार्वजनिक भयो । नेपाल ऋणको पहाडमा थिचिने पनि सार्वजनिक भयो ।

मेलम्चीको पानी सुरुङबाट सुन्दरीजल खसाई २५ मेगावाट विद्युत् उत्पादन गर्ने शासक दलहरूको भनाइ पनि झूटा साबित भयो । मेलम्चीको पानी ल्याएर काठमाडौँमा सडक धुने नारा सरकारमा गएकाहरूको 'दुहुनो गाई' भएको जनताको गुनासो छ । देशको सन्तुलित विकासलाई ध्यान दिई काठमाडौँ उपत्यकाको वरिपरिको जङ्गल संरक्षण गरी जलाधार क्षेत्र घोषणा गरिएको भए महँगो ऋणको मेलम्ची आयोजनाको नाममा ल्याइएको लगानी कृषि वा जलविद्युत्मा खर्च गरी देश आत्मनिर्भर बनाउन सकिने थियो वा त्यस्तो ऋणको पहाड बोक्न नपर्ने थियो । यसतर्फ सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

**युक्रेन युद्ध : अमेरिकी हतियार उद्योगीलाई नाफा !**

नेपाली युवालाई युक्रेन र रुसी सेनामा भर्तीमा पठाइएको सम्बन्धमा नेपाल सरकारले तेस्रो पटक रुसी दूतावासलाई कूटनीतिक नोट पठाएको समाचार प्रकाशित भयो । अमेरिकी हतियार उद्योगीले युक्रेनलाई हतियार बिक्री गरेको कारण यो युद्ध थप बल्झिएको पनि सार्वजनिक भयो । नेपाल सरकारले यसबारे अमेरिकी सरकारसँग छलफल गरी अमेरिकी हतियार बिक्रीमा रोक लगाउन भूमिका निर्वाह गर्नु जरुरी छ ।

*(२०८० चैत २ गते नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले प्रतिनिधिसभा बैठकको विशेष समयमा राख्नुभएको मन्तव्यको सार-सं)*

# दहेज प्रथाको विसङ्गति र पुँजीवादी समाज

✍ कुसुम

तराईमा दहेजको नाममा बढ्दै गएको विकृति तथा विसङ्गतिले गर्दा यहाँका अभिभावकहरू चिन्तित बनेका छन् । कानुनत: छोराछोरी समान हुन् । छोरीहरूलाई छोरासरह व्यवहार गर्नुपर्छ भने आम अभिभावकमा भावना जगाउन सरकारी र गैरसरकारी सङ्घ तथा संस्थाहरू लागे पनि सतहमा त्यस्तो देखिँदैन ।

पहिला पहिला भन्ने गर्थे, छोरी पराइ घर जाने हो किन शिक्षा, दीक्षा दिने ? उनीहरू पढाइमा लगानी गर्नुभन्दा पनि आफ्नो क्षमताअनुसार दाइजो (दहेज) दिएर बिहे गर्नु नै उपयुक्त ठान्दछन् ।

समयको विकास क्रमसँगै यहाँका अभिभावकहरूको सोच र चिन्तनमा पनि विकास भएको देखिन्छ । छोरीलाई पनि छोरासरह शिक्षादीक्षा दिएर आत्मनिर्भर बनाउनुपर्छ भन्ने भावना लिएर हिजोआज छोरीहरूलाई पनि उच्च शिक्षासम्म अध्ययन गर्नमा लगानी गरेको देखिन्छ । छोरीहरूलाई पढाउनको लागि मधेस प्रदेश सरकारले 'बेटी पढाऊ, बेटी बचाऊ' अभियान अगाडि सारेको देखिन्छ ।

तराईमा अधिकांश विवाह मागी विवाह हुने गर्दछ । केटी पक्षले केटा पक्षको घरमा गई केटा माग्ने गर्दछ । केटा पक्षले केटी पक्षसँग दहेज लिने दिने विषयमा सौदाबाजी हुन्छ । केटा पक्षले भने जति नगद र जिन्सी सामान केटी पक्षले दिन तयार भयो भने विवाह प्रक्रिया अगाडि बढ्छ । नत्र भने दुवै पक्ष आ-आफ्नो बाटो लाग्छन् ।

यदि केटा पक्ष र केटी पक्षबिच दहेज लिने दिने विषयमा सकारात्मक छलफल भयो भने बिहे हुनुअगाडि केटा पक्षले आफ्नो पारिवारिक क्षमताअनुसार २०-५० जना केटी पक्षको घरमा गएर केटीलाई छेक्ने अथवा बिहेको दिन निश्चित गर्दछ । केटा पक्षका मान्छेहरूलाई घरमा पुगेदेखि आदर सत्कारमा कुनै किसिमको कमीकमजोरी केटी पक्षबाट हुनुहुँदैन । उनीहरूलाई गएदेखि उच्चस्तरको खाना, नास्ता खुवाउनुका साथै बिदावारी हुने बेला सबैलाई कपडा दिई बिदाइ गर्नुपर्ने परम्परा छ ।

केटीको बिहे नहुञ्जेलसम्म केटा पक्षले जे भन्छ, त्यो केटी पक्षले स्वीकार्नुपर्ने हुन्छ । तराईमा हुने यस्तो परम्पराको विवाहले गर्दा यहाँका आमाबुबाहरूले छोरी पाउनु एक प्रकारको अभिशाप जस्तै मान्छन् । कतिपय आमाबुबाको घर खेत बन्धकी राखी छोरीको बिहे गर्ने गर्छन् ।

गएको फागुन २८ गते पर्सा, वीरगञ्ज, रानीघाट, निवासी सुरवल साहको बारा जिल्ला कलैया उपमहानगरपालिका वडा नं. ४ निवासी बच्चेलालको छोरासँग बिहे गर्ने समय निश्चित भएको थियो । केटा वीरगञ्ज महानगरपालिकाको स्वास्थ्य शाखामा कम्प्युटर अपरेटरको रूपमा कार्यरत रहेछन् । उनलाई दाइजोको रूपमा रु. १२ लाख, मोटरसाइकलबापत रु. ३ लाख २५ हजार, एक ल्यापटप र एक थान सुनको औँठी र हनुमानको माला दाइजोको रूपमा दिइएको थियो । केटी पक्षले थप सुनको सिक्रीको व्यवस्था नगर्दा केटी पक्षको घरमा पुगेको जन्ती बिहे नै नगरी फिर्ता भयो । यो एउटा प्रतिनिधिमूलक घटना मात्रै हो । कतिपयले बिहे भएपछि पनि केटीको ससुराली पक्षको समय-समयमा दजेह माग्ने गर्दछ । केटी पक्षले नदिएको खण्डमा केटीलाई माइतमा लगेर छोडिदिनुका साथै सम्बन्धविच्छेद भएको पनि सुनिन्छ ।

कतिपयले केटीको ज्यानसमेत लिने गरेको सुनिन्छ । यी सबै भावनाहरू केटी र केटी पक्षले छोरीको खुसीको लागि सहेर बस्नुपर्ने हुन्छ ।

हिजोआज शिक्षित परिवारमा नै दहेजको बढी मोलमोलाइ हुने गर्दछ । सरसामान किन्नु जति तनाव हुँदैन, छोरीको बिहे गर्दा त्यति तनावमा बस्नुपर्ने हुन्छ । कतिपय अभिभावकले भन्ने गर्छन् कि पैसा खर्च गरेर छोरीलाई पढाइयो, छोरीको स्तरअनुसारको केटा खोजेर बिहे गर्नु हाम्रो लागि फलामको चिउरासरह नै हुने भयो । किनभने, केटा र केटा पक्षको स्तरअनुसार दाइजो दिनसक्ने अवस्था नभएपछि गाउँघरमा चर्को ब्याज तिर्ने गरी ऋण लिनुपर्ने अवस्था छ ।

तराईमा दाइजोको नाममा दिन प्रतिदिन बढ्दै गएको विकृतिले गर्दा अहिलेको युवा पुस्ताले छोरी नै जन्माउन मान्दैन । प्रविधिको विकासले गर्दा गर्भमा लिङ्ग जाँच गरिएको हुन्छ । यदि छोरी रहेको छ भने गर्भपतन गराइन्छ । पछिल्लो समयमा तराईमा यो प्रवृत्ति बढ्दै गएको छ ।

तराईमा बढ्दै गएको दहेज प्रथालाई निर्मुल गर्न ती नै तहको सरकार कडाइका साथ लाग्नुपर्दछ । बाल विवाह र दहेज प्रथाविरुद्ध कडा कानुन बनाई कार्यान्वयनतर्फ लाग्नुपर्दछ नत्र यसले भोलिको दिनमा समाजमा झन् विकृति र विसङ्गति बढाउनेछ । यसतर्फ समयमै सबै पक्षको ध्यान पुगोस् ।

# कञ्चनपुर बेलौरीमा महिला भेला : शोषणविरुद्ध सङ्घर्षमा जोड



कञ्चनपुर । ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा कञ्चनपुरको बेलौरी नगरपालिका वैशाखीमा बिहीबार महिला भेला भयो ।

उक्त भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसबारे चर्चा गर्दै पुँजीवादी शोषणविरुद्ध श्रमिक महिलाहरूले गरेको आन्दोलन र त्यसको उपलब्धिले सम्पूर्ण कामदारवर्गका महिलालाई आफ्नो अधिकारको लागि लड्न शिक्षा प्रदान गरेको बताउनुभयो ।

हक, अधिकार प्राप्त गर्न शोषणबाट मुक्ति पाउन पुँजीवादी व्यवस्था र शासक दलहरूविरुद्ध सङ्घर्षको विकल्प छैन भन्दै उहाँले आफ्ना बालबालिकालाई राम्रो संस्कारमा हुर्काउन पनि महिलाहरू राजनीतिकरूपमा सचेत र शिक्षित हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "शिक्षा, स्वास्थ्य निःशुल्क, स्वदेशमै रोजगारी, साना बालबालिकाका लागि शिशु स्याहार केन्द्र र बाल उद्यानका साथै नगरपालिकाको आफ्नै स्कूल र अस्पताल भए देशको विकासमा टेवा पुग्नेछ ।"

शासक पार्टीहरू देशको निम्ति क्यान्सरजस्तै हुन्; नेमकिपा देश र जनताका सेवा गर्ने पार्टी हो । देश र जनतालाई क्यान्सररूपी शासक दलहरूबाट जोगाउन नेमकिपा सङ्घर्षरत छ, केन्द्रीय सदस्य थापामगरले भन्नुभयो ।

उहाँले भन्नुभयो, "महिलाहरूले देशघाती एमसीसी, एसपीपी, नागरिकता विधेयकजस्ता सन्धि-सम्झौताको विरोध गरे देश जोगाउन सकिन्छ ।"

नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले जनताको हितका लागि कुन पार्टीले बोल्यो; जनतालाई दिएका वाचाहरू कुन पार्टीले पूरा गऱ्यो ?, तुलनात्मक अध्ययन गर्नुपर्छ भन्नुभयो ।

सरकार राम्रो भए जनावरसमेत सुरक्षित हुन्छ; हामीले पाउने सुख-दुःखमा सरकारकै हात हुन्छ, शिक्षा-स्वास्थ्यलगायत सबै क्षेत्र लथालिङ्ग हुनुमा सरकार गएका पार्टीहरू दोषी छन्, उहाँले भन्नुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङले शोषणको विरोधमा महिलाहरू उठेको र अधिकारको निम्ति सङ्घर्ष गरेको दिन मार्च ८ भएको बताउनुभयो ।

नयाँ पुस्तालाई शोषणको विरोधमा लड्न सिकाउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले अन्याय, अत्याचारको विरोध नगर्नेहरू कम्युनिस्ट नहुने स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "कृषि उत्पादन बढाएर जीविकोपार्जन सजिलो बनाउन विषादीको प्रयोग नगरी प्राङ्गारिक मल प्रयोग गर्नुपर्छ । कतिपय तरकारी तथा बालीको जरा पातले नै कीटनाशक औषधिको काम गरिरहेको हुन्छ । त्यसबारे जानकारी हुनु आवश्यक छ ।"

स्वास्थ्यकर्मी रविना सुवालले महिलाहरूमा देखिने स्तन र पाठेघरको मुखको क्यान्सरबारे सचेत भई समय-समयमा स्वास्थ्य परीक्षण गराउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, "शरीरको कोठीको आकारप्रकार र रङ परिवर्तन भए स्वास्थ्य चौकी गएर जाँच गराउनुपर्छ ।"

कार्यक्रममा नेमकिपा कैलालीका रमेश रावल र रत्ना शाहीले पनि बोल्नुभएको थियो ।

# स्व. बासुदेवको दोस्रो स्मृति सभा

काठमाडौँ । नेपालभाषा साहित्य तःमुंज्याका पूर्वअध्यक्ष वासुदेव डंगोलको दोस्रो स्मृति सभा पाङ्गा लाछीमा शुक्रबार सम्पन्न भयो ।

नेपालभाषा साहित्य तःमुंज्या पाङ्गा कीर्तिपुरको आयोजनामा भएको कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले वासुदेव डंगोलको जनसाहित्य, जनकलाकार साहित्यमार्फत गरेको सेवा र योगदान कहिले खेर जानेछैन भन्नुभयो । उहाँले वासुदेवको योगदान पाङ्गा कीर्तिपुर क्षेत्रमा मात्र होइन, देशकै लागि भएकोले उहाँको कृति जनतासमक्ष पुऱ्याउन सके उहाँप्रति वास्तविक श्रद्धाञ्जली हुने बताउनुभयो ।

उहाँले देशको राजनीतिक वितृष्णालाई पञ्चायती काल र गणतन्त्र कालसम्म तीखो प्रहार गर्ने वासुदेवबाट सिक्नुपर्ने भन्दै सिद्धान्तहीन गठबन्धनबाट नेपाली जनता सचेत हुनुपर्ने बताउनुभयो ।

नेपालभाषा साहित्य तःमुंज्या पाङ्गा कीर्तिपुरका सचिव नारायण महर्जनले वासुदेव डंगोलको राजनैतिक, सामाजिक तथा सांस्कृतिक योगदानबाट शिक्षा लिनुपर्ने विचार प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "डंगोल अन्यायविरुद्ध सङ्घर्ष गर्न शिक्षा दिने व्यक्तित्व हुन् भन्नुभयो ।

वासुका भतिज परमेश्वर डंगोलले मेरो जीवनलाई सहज बनाउने काममा मार्गनिर्देशक हुन भन्दै एउटा गीत प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा तःमुंज्याका सदस्य विन्द्रा महर्जनले वासुदेव डंगोलको जीवनी प्रस्तुत गर्नुभएको थियो भने सभापति एवम् तःमुंज्याका अध्यक्ष श्रीकृष्ण महर्जनले समाजप्रतिको सेवा भावलाई सधैँ सम्झिरहने बताउनुभयो ।

सांसद गोसाईले डंगोलको स्मृतिमा प्रकाशित डंगोलको कवितासङ्ग्रह 'विरहया ख्वबीं प्याग् थ्व मिखा' नामक पुस्तक विमोचन गर्नुभएको थियो ।

कार्यक्रममा वासुदेव डंगोलको तस्बिरमा माल्यार्पण र पुष्पगुच्छा चढाई श्रद्धा सुमनअर्पण गरिएको थियो भने मनुषा महर्जनले पनि बोल्नुभएको थियो ।

# ११४ औँ श्रमिक महिला दिवस : जम्बुकाँधमा महिला प्रशिक्षण

दैलेख । नेपाल क्रान्तिकारी महिला सङ्घ चामुण्डा विन्द्रासैनीको आयोजनामा ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा जम्बुकाँधमा सोमबार प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य जयबहादुर शाहीले संसारका श्रमिक महिलाहरूले ८ मार्चको दिन समान कामको समान ज्याला र ८ घण्टा कामको लागि गरेको सङ्घर्षलाई स्मरण गर्दै महिलाहरूले अहिले पनि समान ज्याला पाइरहेका छैनन् भन्नुभयो ।

उहाँले महिलाहरू बाहिर कामभन्दा चुलोचौकामा मात्र सीमित हुनुले समाज पछाडि परेको बताउनुभयो । नेक्रामसङ्घका महिलाहरू अझ सङ्घर्षशील भएर लाग्नुपर्ने विचार व्यक्त गर्दै उहाँले अहिलेको गठबन्धन पनि हिजोको जस्तै गठबन्धन हुनेछ भन्नुभयो । शासकहरूले जे पनि ठीक भनेकै कारण जनताले दुःख पाइरहेको उहाँले बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी जिल्ला सचिवालय सदस्य केसेन्द्रप्रकाश कार्कीले महिलाहरूलाई सशक्तीकरण गर्न योग्य र क्षमतावान् महिला हुन जरुरी छ भन्नुभयो । नेमकिपाले महिलाहरूलाई सचेत पार्न निरन्तर अगाडि बढिरहेको उहाँले बताउनुभयो ।

कार्यक्रम नेक्रामसङ्घ नगर समिति सचिव कल्पना थापामगरको अध्यक्षतामा भएको थियो । नेमकिपा जिल्ला सदस्य शान्तिप्रसाद शर्मा, नेक्रामसङ्घ चामुण्डा सदस्य बिन्दु बिक, वसन्ता खनाल, जयकला बिक र नगर समिति सदस्य लक्ष्मी शाहीले पनि बोल्नुभएको थियो ।

# शत्रु र मित्र चिनेर कामदारवर्गले राजनीति गर्न आवश्यक

कैलाली । ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा बुधबार बोराडाँडी, कैलालीमा कार्यकर्ता भेला तथा छलफल कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले पुँजीवादी शासक दलहरूको विरोधमा कामदार वर्गले राजनीति सुरु नगरेसम्म यथास्थितिमा परिवर्तन नहुने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, "हामीलाई दुःखको दलदलमा धकेल्ने शासक दलहरू हाम्रा शत्रु हुन्; त्यो दलबाट निकाल्न लागिपर्ने नेमकिपा जनताको साँचो मित्र हो ।"

शत्रु र मित्र चिनेर पनि शत्रुको विरोध र मित्रलाई साथ नदिँदा देश नरहने अवस्था आए आफू पनि भागीदार हुनुपर्ने उहाँले बताउनुभयो ।

केन्द्रीय सदस्य थापामगरले भन्नुभयो, "जनतालाई चुनावमा पटक पटक धोका दिने दलहरूले संसद्मा विदेशीका इसारामा आफ्नो स्वार्थ पूरा गर्न विश्वासको मत मागिरहेका छन् । बोली र व्यवहार उल्टो देखाउने, देश र जनताको अहितमा काम गर्ने दलहरूलाई नेमकिपाले विश्वासको मत नदिने निर्णय गरेको छ ।"

"नाम फरक भए पनि पुँजीवादी सरकारमा जाने दलहरूको काम एउटै छ । जनताको राजनीतिक चेतनाले नै त्यस्ता विश्वासघाती दलहरूलाई किनारा लाउनेछ", उहाँले भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले नेमकिपा कामदार जनताको भविष्य सुनिश्चित हुने समाजवादी व्यवस्था स्थापनाको लागि सङ्घर्षरत रहेको बताउनुभयो ।

पुँजीवाद र समाजवादको भेदबारे जनतालाई स्पष्ट पार्नुपर्ने आवश्यकता औँल्याउँदै समाजवादी व्यवस्थामा उत्पादनका मुख्य मुख्य साधन र स्रोत सार्वजनिक हुने, शिक्षा-स्वास्थ्य निःशुल्क हुने, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हुने, रोजगारीको सुनिश्चितता हुने बताउनुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङले विद्यालयमा पाठ्यपुस्तकको पढाइ हुन्छ तर समाजबारे नपढाइनाले नयाँ नयाँ समस्या आइरहेको बताउनुभयो ।

नेक्राविसङ्घ शिक्षा, स्वास्थ्य निःशुल्क, अनिवार्य र वैज्ञानिक शिक्षाको बन्दोबस्त गर्न र शिक्षालाई उत्पादन श्रमसँग जोड्ने व्यवस्था ल्याउन सङ्घर्षरत रहेको उहाँले बताउनुभयो ।

स्वास्थ्यकर्मी रविना सुवालले महिलाको स्वास्थ्य राम्रो भए परिवारलाई कम दुःख हुने भएकोले रोग लाग्नुभन्दा पहिले नै सतर्कता अपनाउन नियमित स्वास्थ्य परीक्षण गराउन सुझाव दिनुभयो ।

कार्यक्रममा नेमकिपा कैलालीका अध्यक्ष रमेश रावल र बोराडाँडी नेक्रामसङ्घका नन्दा रानाले पनि बोल्नुभएको थियो ।

# ललितपुरमा तेस्रो तःमुंज्या तयारी भेला

ललितपुर । नेपालभाषा साहित्य तःमुंज्या ललितपुर कार्यसमितिको आयोजनामा यही चैत १७ गते हुने तेस्रो नेपालभाषा साहित्य तःमुंज्या (सम्मेलन) को तयारीबारे शनिबार भेला भयो ।

उक्त भेलामा नेपालभाषा साहित्य तःमुंज्या ललितपुरका सल्लाहकार राजवीर डंगोलले नेपालभाषाका साहित्य, कला तथा संस्कृतिबारे जनतालाई राजनैतिक तथा सैद्धान्तिकरूपमा सचेत गर्दै आएको बताउनुभयो ।

कामदारवर्गको पक्षमा लेखिने साहित्यले देशमा परिवर्तनको बाटो देखाउने चर्चा गर्दै उहाँले कामदार जनता र देशको हितमा नलेखिएको साहित्य कागजको खोस्टा हुने बताउनुभयो ।

उहाँले देशका युवाहरू विदेश पलायन भइरहेको, आर्थिक सङ्कट चुलिरहेको, भ्रष्टाचारका काण्डहरू दोहोरिरहेको, शिक्षा-स्वास्थ्यलगायत जनताको जनजीविका दिनदिनै नाजुक भइरहनुको मुख्य कारण र कारक तत्त्वहरू आजसम्मका शासक दलहरू नै हुन् भन्नुभयो ।

नेपालभाषा साहित्य तःमुंज्या ललितपुर कार्यसमितिका संयोजक महन्त महर्जनले कार्यक्रमको तयारीबारे अवगत गराउनुभयो ।

तेस्रो नेपालभाषा साहित्य तःमुंज्याको तयारीको जानकारी दिन बसेको भेलामा स्थानीय पुराना वामपन्थी कार्यकर्ता राम महर्जनले प्रचारप्रसारको लागि स्थानीयको घरघरमा खबर पुऱ्याउनुपर्ने र आर्थिक तथा भौतिक सहयोग गर्न सुझाउनुभयो ।

कार्यक्रममा चन्द्र महर्जन, जङ्गबहादुर नेमकुल, मनिष महर्जन, मिकि महर्जन, सुरज नेमकुल र रूपा महर्जनले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा विभिन्न रोगका विशेषज्ञहरू, सीमाविद्, जलस्रोतविद्, राजनीतिज्ञहरू, वरिष्ठ साहित्यकारहरूलाई आमन्त्रण गरिने बताइएको छ ।

# 'केटीहरू' बुलेटिनको अध्ययन गोष्ठी सम्पन्न



कैलाली । नेपाल क्रान्तिकारी महिला सङ्घ कैलाली जिल्ला समितिको आयोजनामा 'केटीहरू' बुलेटिन (अङ्क १५ र १६) को शनिबार अध्ययन गोष्ठी भयो ।

उक्त गोष्ठीमा नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले समाज परिवर्तनको निम्ति कामदार जनताको सङ्गठित शक्ति आवश्यक भएको बताउनुभयो ।

श्रमजीवी जनताले पहिलोपटक सत्ता कब्जा गरेको सन् १८७१ को पेरिस कम्युनमा सङ्गठन र नेतृत्व बलियो भएको भए प्रतिक्रियावादीहरूले सजिलै दबाउन नसक्ने चर्चा गर्दै उहाँले इतिहासबाट सिक्दै सन् १९१७ मा रुसमा समाजवादी अक्टोबर क्रान्ति भएको स्पष्ट पार्नुभयो ।

हिटलरको फासीवादी नाजी सेनालाई जनताको सङ्गठित शक्ति र नेतृत्वको बलमा पराजित गर्न सफल भएको उल्लेख गर्दै उहाँले संशोधनवादी विचारका कारण सोभियत समाजवादको अस्थायी हार र विघटन भएको हो; समाजवादले नै कामदार जनताको हित गर्छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले समान अवसरको लागि हाम्रो सङ्घर्ष आवश्यक भएको चर्चा गर्दै वर्गीय समाजको अन्त्यका लागि सक्रियता आवश्यक छ भन्नुभयो ।

पुँजीवादी पार्टीमा लाग्ने जनतालाई वास्तविक कुरा थाहा नपाउँदा दुःख बढेको उल्लेख गर्दै उहाँले नयाँ पुस्तकलाई सानै उमेरदेखि वर्ग शत्रु र वर्ग मित्रबारे राम्ररी बुझाउन आवश्यक छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङले कार्यकर्ताहरू औपचारिकतामा सीमित हुन नहुने, वास्तविक समस्यामा छलफल गरी समाधानतर्फ लाग्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

किसानको जीवनस्तर उकास्न कृषि तालिमको व्यवस्था गर्न सकिने विचार व्यक्त गर्दै उहाँले हाम्रो उत्पादन राम्रो भए गतिविधिमा थप सक्रिय हुन सक्छौँ; विद्यार्थीलाई देशको विभिन्न पदमा पुगेर देश र जनताको सेवा गर्न लगाउने गरी तयार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

स्वास्थ्यकर्मी रविना सुवालले परिवर्तनको लागि पढेर मात्र हुन्न आफैँले गरेर देखाउनुपर्छ भन्नुभयो ।

भारतले सिमाना मिचेको, नदी कब्जा गरेको कुरा सुनेको तर अहिले आफ्नै आँखाले देख्दा बढी बुझेको उल्लेख गर्दै उहाँले शारीरिक स्वास्थ्यसँगसँगै मानसिक स्वास्थ्यको पनि ख्याल राख्नुपर्छ भन्नुभयो ।

लक्ष्मी पुनमगरको सभापतित्वमा भएको सो कार्यक्रममा रमेशकुमार रावल, प्रेम बडुवाल, रत्नादेवी रावल, तारा तिरुवा, जानकी शाही, गोवर्धन तारामी, आयुषा शाही, भावना शाही र वसन्ती पुनमगरले पनि बोल्नुभएको थियो ।

कथा

# बहादुर महिला रीता

"अहँ, म चन्दा दिन्न ।"
"किन दिन्नौ ?"
"मलाई दिने इच्छा छैन ।"

"२ वर्ष अगाडि मलाई तिमीले सम्झाई बुझाई पार्टीलाई चन्दा दिनुपर्छ भनेर मसँग चन्दा लिँदै गयौ, आज तिम्रो मन किन फेर्यो, म तिमीलाई त्यसै छोड्दिनँ । तिमीले मलाई चित्त बुझाउनुपर्दछ ।

यो छलफल रीता थापा र इन्दु खत्रीको हो । रीता एक स्नातक र टेलिफोन कार्यालयको कर्मचारी हुन् भने इन्दु खत्री त्यही कार्यालयकी माथिल्लो दर्जाकी अर्को प्राविधिक कर्मचारी हुन् ।

रीता धेरै वर्षदेखि एक राजनैतिक पार्टीसँग संलग्न सक्रिय कार्यकर्ता थिइन् । उनको सक्रियता र तर्क शक्तिकै कारण कार्यालयका महिलाहरू मात्रै होइन पुरुष कर्मचारीहरूलाई समेत पार्टी समर्थक बनाउन सफल भएकी थिइन् ।

त्यस कार्यालयमा पार्टीको एउटा प्रारम्भिक समिति छ र २५ जना जतिको पार्टी समर्थक सङ्गठन छ । सुरुमा रीता त्यस पार्टी समितिको इन्चार्ज थिइन् । र पछि उनी माथिल्लो समितिमा पुगिन् । तर, उनले आफ्नो चन्दा त्यही कार्यालयमै दिँदै गईन् र इन्दु खत्री त्यस पार्टी समितिको इन्चार्ज चुनिइन् ।

पार्टीलाई चन्दा नदिने रीताको अडी सुनेर एक छिन इन्दु जिल्ल परिन् र ख्याल ठट्टा हो कि भन्ने अनुमान गरिन् । तर रीताको रिसाएको रातो मुख देखेपछि इन्दु झस्किन् र अवश्य रीताले विचार फेरेको अनुमान गरिन् । त्यसको कारण पत्ता लगाउने तिनीले अठोट गरिन्, साँच्चै पार्टीमा लाग्नु खराब हो भने रीता किन प्रस्ट गर्दिनन् भन्ने जिज्ञासाले तिनलाई सतायो ।

इन्दुले रीताको हात समात्दै भनिन्, "हेर रीता, तिमीले नै २ वर्ष अगाडि मलाई समाज र देशमा परिवर्तन ल्याउन पार्टीको आवश्यकता भएको र पार्टी सञ्चालन गर्न अर्थात् साहित्य प्रकाशन गर्न त्यसलाई जिल्ला जिल्लामा प्रचार गर्न र सङ्गठन गर्न आर्थिक सहयोग गर्नुपर्छ भनी सम्झाएकी थियौ । तर, आज तिमी आफै चन्दा दिन अस्वीकार गर्दै छौ । यसको कारण तिमीले बताउन नै पर्छ, नत्र मैले समिति र समर्थक साथीहरूमाझ तिम्रो विचार परिवर्तनबारे बताउनै पर्छ ।"

५ बजेको थियो । कार्यालयको चिया खाने कोठामा अरू कोही थिएन । सबैजसो कर्मचारीहरू हाजिर कापीमा 'गएको समय ५ बजे' लेख्दै घर फर्कँदै थिए ।

रीताको आँखाबाट दुई थोपा आँसु इन्दुको हातमा खस्यो । रीता साँच्चिकै रुन्न थालिन् । हड्ताल र जुलुसमा सधैँ चर्का चर्का भाषण दिने र प्रहरीको लाठी खान र बन्दी जीवनलाई सहजै स्वीकार्ने कार्यकर्तामा आएको परिवर्तनले इन्दु झन् जिलिइन् र सहानुभूति र मायाले भिजेको स्वरमा भनिन् 'रीता, तिमीलाई चित्त दु:खेको म अनुभव गर्दै छु । त्यो के कारण हो-के तिमी बताउन चाहँ नौ ? तिम्रै विश्वासले लगातार म २ वर्षदेखि पार्टीसँग संलग्न छु र सङ्घर्षमा पनि भाग लिदैछु । सङ्घर्षकै क्रममा मैले परिवारमा अनेक समस्या झेल्दै छु र मेरा छोरा-छोरीहरूलाई पनि राम्रो हेर्न सकेकी छैन ।'

इन्दुले कहिले रीताको हात सुम्सुम्याउँथिन् भने कहिले काँध र पिठ्यूँमा दायाँ हातले अँगालो हाल्दै उनको मनको गाँठो फुकाउन सजिलो बनाउँदै थिइन् ।

"हेर रीता, तिमी बहादुर महिला हौँ, तिमीले मन सानो पार्नु छैन, हामी साथी हौ, हामीले एक आपसमा सुख-दु:ख र समस्या बाँड्नुपर्दछ र सँगै जीउनु छ, समाजमा ठूलो परिरवर्तन ल्याउनु छ । यही कुरो हिजो तिमी मलाई सम्झाउँथ्यौ, आज यही कुरा मैले तिमीलाई भन्न पर्दा म अत्तालिएकी छु । साँचो के हो तिमीले बताएर मेरो मन हलुँगो पार ल ।"

सुस्केरा मिसिएको आवाजमा रीताले मनमो गाँठो फुकाइन् "इन्दु, यो तिम्रो र मेरो मात्रै कुरा हो, यो अरु साथीलाई नभन, समितिमा पनि भन्नु उचित हुन्न, यस्ता कुराले अरू साथीहरूको उत्साह घट्नेछ ।"

"हुन्छ, ल, यो कुरो हामी माझै रहनेछ" - इन्दुले विश्वास दिलाइन् ।

"हेर इन्दु, मेरा छोरोले ३ वर्ष अगाडि प्रवेशिका परीक्षामा विशिष्ट श्रेणी हासिल गर्यो । यसपालि आई.एस.सीमा पनि विशिष्ट श्रेणी हासिल गर्यो । ऊ विदेशमा चिकित्सा शास्त्र पढेर डाक्टर बन्न चाहथ्यो । उसको इच्छा पूरा गर्न मैले हाम्रो जिल्ला पार्टी सचिवमार्फत शिक्षामन्त्री र शिक्षा मन्त्रालयका सचिवलाई दबाव दिन आग्रह गरें । तर उहाँले पहिले यो त नीतिगत कुरा हो भन्नुभयो र पछि म सफल भइनँ रीता भन्नुभयो । यस्तो सानो काम पनि गराउन नसक्ने पार्टीमा लागेर वा चन्दा दिएर मैले मेरा छोरा-छोरी र आफ्नो जीवन बर्बाद भएको अनुभव गरें" आँसु पुछ्दै रीताले आफ्नो मनको गाँठो फुकाइन् ।

कुरा सुनेर इन्दुलाई रीताप्रति एक छिन घृणा जाग्यो तर रिसमा सबै कुरा भनिहाल्न नहुने मनमा राखेर भनिन्- "रीता, जसरी तिम्रो छोरालाई भनसुन गरेर चिकित्सा शास्त्र पढाउन विदेश पठाउन चाहन्थ्यौ, त्यस्तै मेरा छोरा-छोरी र अरू धेरै साथीहरूको पनि त्यही इच्छा होला, यस्तो व्यक्तिगत वा घरायसी कुरा सम्झेर मैले त तिमीलाई कहिले भनिनँ । मेरा छोरी र छोराले पनि प्रवेशिका र आई.एस.सी. मा विशिष्ट श्रेणी हासिल गरेकै हुन् । यसबारे मैले तिमीलाई कहिल्यै गुनासो सुनाइनँ । जब कि तिमी हाम्रो पार्टी समितिको इन्चार्ज थियौ । आज मेरा छोरा-छोरीहरू बी.एस्सी. र बी.बी.एस पढ्दै छन् । त्यस्तै एक दिन हाम्रो समितिमा कुरा उठ्दा तिमीले भनेको कुरा आज पनि म झल्झली सम्झन्छु । त्यसबेला तिमीले भनेकी थियौ यो वर्गीय समाज हो, शासक वर्गले हामी जस्तो तल्लो वर्गको वा कर्मचारीहरूको हित कहिल्यै गर्दैन, त्यसकारण सङ्घर्ष र क्रान्तिबाहेक कामदार वर्ग उठ्ने कुनै उपाय छैन । यहाँ ज्ञान र योग्यताको कदर हुँदैन, माथिल्लो जात, वर्ग र भनसुनको राज छ । हामीले आफ्नो र परिवारको स्वार्थको निम्ति वर्ग शत्रुसँग झुक्नु हुँदैन भनसुन होइन सिद्धान्त र समानताको निम्ति लड्नुपर्दछ ।

इन्दुको कुराले रीता छाँगाबाट खसेकी जस्तै भइन् र आफूलाई सम्हालिन् । उनी एकछिन रुमालले आँसु पुछ्दै गइन् । "हेर इन्दु तिमीले मेरो आँखा खोलिदियौ, तिमीले भनेका सबै कुरा सत्य हुन् । म आफ्नो स्वार्थले एक छिन अन्धो भएँ, मजस्ता अरूका पनि धेरै छोरा-छोरीहरू यस पुँजीवादी समाजमा व्यक्तित्व विकासमा समान अवसर नपाएर आफ्नो इच्छालाई मनमै मार्न विवश छन् । विरोधी पार्टीहरूको कुरा सरकारले सुन्ने पनि होइन ।"

आँसु पुछेर एक छिनको मौनता पछि रीताले आफ्नो मनको कालो गिलासको पानी जस्तै पोखाइन् "म मेरो आत्म-आलोचना गर्छु । मलाई हाम्रै पार्टीको एक जना साथीले पार्टीको विरोधमा र नेताहरूबाट भनसुन गराएर काम लिन जान्नुपर्छ, अरू पार्टी नेता र कार्यकर्ताहरू त्यस्तै गर्छन् नत्र हामी पछि पर्छौं भनी खोटो बाटो देखायो । म अहिले समनाबाट बिउँझे जस्तै भएकी छु । इन्दु, तिमीले नगरेको भए म पार्टी छोड्ने टुङ्गोमा पुग्ने थिएँ, सिद्धान्त र साथीहरू छोड्ने खाल्डोमा खस्ने थिएँ । सम्भव छ-मलाई जस्तै अरुलाई पनि हाम्रै पार्टीभित्र घुसेका शत्रुका दलालहरूले भड्काउनेछन् ।"

"इन्दु, तिमीलाई मेरो मनभित्रको भित्रैदेखि धन्यवाद छ, भोलि पार्टी समितिको बैठक राख, म मेरा सम्पूर्ण गलत दृष्टिकोणको आत्मालोचना गर्छु र अरूलाई पनि बाटो देखाउँछु ।" रीताले इन्दुलाई अँगालो हाल्दै आफ्नो भूल स्वीकारिन् ।

इन्दुले आफ्नो रुमालले रीताले गाला पुछ्दै मायालु स्वरमा भनिन् - "हुन्छ, रीता म भोलि पार्टीको बैठक बोलाउँछु, त्यहाँ तिम्रो पीडा, अनुभव र बाटो बिराउन लागेकोबारे बताएर साथीहरूलाई बचाऊ, रीता तिमी साँच्चै बहादुर महिला हौ, मायालु आमा हौ र राम्रो पार्टी कार्यकर्ता हौ ।"

इन्दु र रीता दुबै हातमा हात मिलाएर कार्यालयको चिया खाने कोठाबाट साथै बाहिर निस्के । रीताको मुखमा हलुँगोपना देखिन्थ्यो भने इन्दुको मुख मण्डलमा उत्साह ।

***स्रोत - 'कामदार' बुलेटिन-२०६३ बाट***

# नेका र एमालेलाई एक भएर देखाउन प्रम दाहालको हाँक

काठमाडौँ । नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले प्रतिनिधिसभाको विश्वास प्राप्त गर्न प्रधानमन्त्री पुष्पकमल दाहालद्वारा प्रस्तुत प्रस्तावबारे बोल्दै प्रधानमन्त्री पद व्यक्तिको इच्छाभन्दा पनि पार्टीको दृष्टिकोण भएको र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा सत्ता गठबन्धनका दलहरूको नीति तथा दृष्टिकोणमा तात्त्विक भिन्नता नभएको हुँदा प्रधानमन्त्री दाहाललाई पार्टीले विश्वासको मत नदिने निर्णय गरेको जानकारी गराउनुभयो ।

नेपालीलाई भाडाको सिपाही बनाउने गोर्खा भर्तीकेन्द्र, नेपाललाई भारतको सुरक्षा छातामा राख्ने नेपाल-भारतबिचको सन् १९५० को सन्धि, अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता, अमेरिकी सेनाले नेपाली सेनाको ब्यारेक कब्जा गर्ने एसपीपी साझेदारी कार्यक्रम खारेज गर्नुपर्ने उल्लेख गर्दै सांसद सुवालले प्रधानमन्त्री दाहालद्वारा प्रस्तुत विश्वासको प्रस्तावमा मत दिन्न पक्षमा दस्तखत गर्नुभयो ।

प्रधानमन्त्री दाहालले विश्वासको मत माग्दै बैठकमा माओवादीले नेकाका शेरबहादुर देउवालाई दुईपटक प्रधानमन्त्री बनाएको, नेकाले माओवादी (आफूलाई) एकपटक प्रधानमन्त्री बनाएको, नेकाको माओवादीविरुद्ध विश्वासघातको जगमा एमालेसँगको पाँचदलीय गठबन्धन बनेको, नेकाले माओवादी (मलाई) बेइमान भनी आरोप लगाएको, एमालेले आफूलाई प्रधानमन्त्री बनाए पनि राष्ट्रपतिमा नेकाका रामचन्द्र पौडेललाई जिताएको, तत्पश्चात् नेकासँग गठबन्धन गर्दा विश्वासघात नहुने, अहिले एमालेसँग गठबन्धन गर्दा कसरी धोखेबाज हुन्छ ? धोखाको आरोप एमालेले माओवादीलाई लगाउन मिल्ने, नेकाले लगाउन नमिल्ने, एक्लै निर्वाचन लडेर बहुमत ल्याउन नेकालाई चुनौती दिनुभयो ।

प्रधानमन्त्री दाहालले वैदेशिक रोजगारीमा जानेलाई ऋण दिने, उपलब्धि नभए प्रम पदमा नबस्ने उल्लेख गर्दै प्रमुख विपक्षीमा बस्ने पार्टीले निहुँ खोजे शान्ति प्रक्रिया कसरी टुङ्गिएला भनी नेकासँग प्रश्न गर्नुभयो ।

एमालेका केपी ओलीले प्रम दाहालको मन्तव्य चित्तबुझ्दो भएको, एमालेको समर्थनमा माओवादीका दाहाल प्रधानमन्त्री भएको, विदेशीले बनाएको होइन, १४ महिनाअघि पनि आफूले समर्थन गरी दाहाललाई प्रधानमन्त्री बनाएको, त्यतिबेला मत नमागे पनि नेकाले प्रधानमन्त्री दाहाललाई मत दिएको, यसपटक किन दिन नहुने ? २०७० सालमा एमालेले नेकालाई प्रधानमन्त्री बनाएको तर सहमतिअनुसार नेकाले एमालेलाई प्रधानमन्त्री नबनाएको, उल्टो प्रमको उम्मेदवार बनेर जोरी खोजेको, नेका इमानै इमानको खानी होइन, दुई महिनापछि माओवादी - नेका गठबन्धन बन्दा अस्थिर नहुने अहिले १४ महिनापछि एमाले-माओवादी गठबन्धनबाट अस्थिर कसरी हुन्छ भन्नुभयो ।

नेकाका सांसद विश्वप्रकाश शर्माले माओवादीको मतले नेका पहिलो भएको भनेझैँ नेकाको मतले माओवादी तेस्रो भएको किन बिर्सियो भन्ने प्रश्न गर्दै माओवादीसँग सोधेर नेकाले आफ्नो महासमितिको दस्तावेज तयार नगर्ने, आफ्नै आँगनमा गिडिएको बाबुका छोराछोरीलाई समेत माओवादीलाई मत हाल्न लगाएको, मङ्सिर ४ को गठबन्धनविपरीत विश्वासको मत मागेको माओवादीको घात नै हो, प्रेम थियो भने धोका हुने थिएन, धोका भएकै हो भने त्यो प्रेम नै थिएन भन्नुभयो ।

सांसद शर्माले माधवकुमार नेपालको नाम उच्चारण गर्दा कुला गर्ने ओली अहिले माधवसँग टाँस्न पुगेको र पुराना दललाई बहिष्कार भन्ने रास्वपा पुरानै दलसँग मन्त्री खान गएको उल्लेख गर्नुभयो ।

सांसद शर्माले जाडो लागे सूर्य र गर्मी लागे रुखसँग जाने माओवादीलाई विश्वासको मत दिन नसक्ने उल्लेख गर्दै यसअघि हिन्दू राष्ट्र, राजतन्त्र बोकेको राप्रपासँग गठबन्धन सरकार बनाउने माओवादीले नेकाको महासमितिमा स्टल राखेर हिन्दू राज्यमा दस्तखत गरायो भनी काङ्ग्रेसलाई प्रश्न गर्न कसरी मिल्छ, अभियोग लागेका रविलाई मन्त्री बनाउन कसरी मिल्छ भन्नुभयो ।

राप्रपाका राजेन्द्र लिङदेनले आफ्नो पार्टीलाई अछुटजस्तो व्यवहार गरेको, गणतन्त्रलाई लुटतन्त्र बनाएको उल्लेख गर्दै प्रम दाहाललाई विश्वासको मत नदिने बताउनुभयो ।

रास्वपाका स्वर्णिम वाग्लेले नेकाले रास्वपालाई प्रधानमन्त्रीको प्रस्ताव गरी एमालेसँग गठबन्धनमा जान रोक्न खोजेको उल्लेख गर्दै आफ्नो पार्टी सामाजिक न्यायसहितको उत्पादन र संवैधानिक समाजवादमा विश्वास गर्ने बताउनुभयो ।

जसपा (उपेन्द्र यादव) का सांसद राजकिशोर यादवले सहयात्रीको कारण प्रमको पद धरापमा पर्नुपर्नेमा प्रमको कारण सहयात्री धरापमा परेको, पाँच दलको आठ बुँदाको सहमतिमा मधेसको विषय नउठेको, लोकतन्त्रलाई ४-५ जना शासक नेताको आलोपालोमा राखेको, तीन ओटा प्रदेशमा प्रदेश प्रमुख फेरियो तर मधेसी नपरेको उल्लेख गर्दै प्रम दाहाललाई मत दिने बताउनुभयो ।

माओवादीको तर्फबाट महेन्द्रराय यादवले नेकासँग चुनाव गठबन्धनको कारण माओवादीको ५२ स्थानबाट ३२ स्थानमा घटेको उल्लेख गर्दै माओवादी र नेकाको गठबन्धन अप्राकृतिक भएको हुँदा गोत्र मिलेको एमालेसँग प्राकृतिक गठबन्धन बनेको बताउनुभयो ।

नेकपा एसका राजेन्द्र पाण्डेले एमालेभित्र विद्रोह गरेर आएको आफ्नो पार्टीलाई प्रम दाहालले बिचमा छाडेर एमालेसँग गठबन्धन गरेको अनैतिकता भएको उल्लेख गर्दै ओली र देउवा मिले प्रधानमन्त्री दाहालको हालत के हुने हो भनी प्रश्न गर्नुभयो ।

जनमतका सीके राउतले गौर नरसंहारमा महिलाको गोप्य अङ्गमा लाठी-भाला रोपेका उपेन्द्र यादवको पार्टीसँग सत्ता गठबन्धन गरेको हुँदा माओवादीका प्रम दाहाललाई मत नदिने बताउनुभयो ।

लोसपाका रामप्रकाश चौधरीले प्रम दाहाललाई मत नदिने बताउनुभयो भने नागरिक उन्मुक्ति पार्टीका रञ्जिता चौधरीले प्रम दाहाललाई समर्थन गर्ने बताउनुभयो ।

राजमोका चित्रबहादुर केसीले प्रम दाहाललाई मत नदिने घोषणा गर्नुभयो । २०७९ को निर्वाचनमा राजमो नेका र माओवादीको गठबन्धनमा लागेर बाग्लुङबाट केसी जित्नुभएको थियो ।

सांसद प्रभु साहले प्रमको आलोचना गरे पनि मत दिने बताउनुभयो ।

सांसद अमरेशकुमार सिंहले संविधान असफल भए प्रम दाहाललाई जेल कोचिने बताउँदै प्रम दाहाललाई समर्थन गर्नुभयो ।

सांसद योगेन्द्र मण्डलले प्रम दाहालको आलोचना गरे पनि मत दिने बताउनुभयो ।

प्रम दाहालले जवाफ दिने क्रममा एमाले र नेकालाई माओवादीविरूद्ध एक भएर देखाउन चुनौती दिनुभयो भने विरोध गरी समर्थन गरेका जसपा, एसलगायतलाई ठीक लागे पक्षमा मत दिनु बेठीक लागे नदिनु भनी सिधै चेतावनी दिनुभयो ।

मतदानमा प्रधानमन्त्री दाहालको पक्षमा १५७ र विपक्षमा ११० मत परेको थियो ।

# नेकाले गृहमन्त्री लामिछानेको राजीनामा माग्यो

प्रतिनिधिसभाको बैठक सरु भएलगत्तै नेकाका सांसदहरू आ-आफ्नो स्थानमा उभिनुभयो । सभामुख देवराज घिमिरेले नेकाँको सांसद प्रदीप पौडेललाई बोल्न समय दिनुभयो ।

सांसद पौडेलले रास्वपाको तर्फबाट सत्ता गठबन्धनमा उपप्रधान एवम् गृहमन्त्री भएका रवी लामिछाने विगतमा प्रश्न उठाउने पत्रकारिताको पृष्ठभूमिबाट आएका र अहिले उनैमाथि प्रश्न उठिरहेको उल्लेख गर्दै ३१ हजार सहकारी संस्थाका ७३ लाख सदस्यमध्ये कतिपयको बचत ठगीमा परेको र गृहमन्त्री लामिछानेसमेत सहकारी ठगीको अनुसन्धानमा परेको हुँदा राजीनामा गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

प्रधानमन्त्री पुष्पकमल दाहालले नेकासँगको गठबन्धनमा सुशासन कायम नभएको उल्लेख गर्नुभयो तर सहकारीको बचत ठगीमा अनुसन्धान गर्नुपर्ने गृहमन्त्री लामिछानेलाई सुशासनको ताला साँचो दिएर कसरी सुशासन कायम होला भनी प्रश्न उठाउनुभयो । सांसद पौडेलले गृहमन्त्री लामिछानेसमक्ष प्रमाण नष्ट भएको बताएको तर्फ प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभयो ।

प्रधानमन्त्रीले प्रश्नै प्रश्नको घेरामा रहेका लामिछानेलाई गृहमन्त्री बनाएकोमा नेपाली काङ्ग्रेसको आपत्ति रहेको उल्लेख गर्दै सांसद पौडेलले विश्वसनीय जवाफ प्रधामन्त्रीबाट प्राप्त नभएसम्म संसद्मा बारम्बार उठाउने जानकारी गराउनुभयो ।

सभामुख घिमिरेले सरकारको ध्यानाकर्षण गराउँदै माओवादीका सुदन किराँती र एमालेका अमरबहादुर रायमाझीलाई बोल्न समय दिनुभयो ।

शून्य समयमा नेकाका अजयकुमार चौरासिया, अञ्जनी श्रेष्ठ, अनिशा नेपालीले सहकारी ठगीमा मुछिएका गृहमन्त्री लामिछानेको राजीनामा हुनुपर्ने र वित्तीय संस्थाले ब्याजलाई साँवामा जोडेर ऋण असुल गरेको रोक्नुपर्ने उल्लेख गर्नुभयो । नेकाकै सांसद अर्जुन नरसिंह केसीले देश तस्करहरूको महाजालोमा परेको र २०७५ सालको ईश्वर पौडेलको आयोगले साढे ३३ किलो सुन तस्करको ७५२ पृष्ठको प्रतिवेदन गायब पारियो । अहिले सुन तस्करकै ४८५ पृष्ठको डिल्लीराम प्रतिवेदन पेस भयो । गायब पार्ने काम नहुनुपर्ने र सबैभन्दा ठुलो भ्रष्टाचार एनसेल काण्डको प्रतिवेदन पनि लुकाएर राख्न नहुने सार्वजनिक गर्नुपर्ने पनि उहाँले उल्लेख गर्नुभयो ।

सभामुख घिमिरेले गृहमन्त्री रवि लामिछानेलाई राजनीतिक दलसम्बन्धी विधेयक २०८० मा छलफल गराउन प्रस्ताव पेस गराउन खोज्दा नेकाका सांसदहरू आ-आफ्नो स्थानमा उभिएर अवरोध गरे ।

नेकाका सांसद राजेन्द्र केसीले गृहमन्त्री रवि लामिछानेले सहकारी संस्थाको कतिपय पीडितहरूले रकम ठगी गरेका पीडक भएको उल्लेख गर्दै स्वर्णलक्ष्मी सहकारीका प्रबन्धक निर्देशक भएर ४६ लाख रूपैयाँ बिनाधितो गाडी कर्जा लिएको लामिछाने आज गृहमन्त्री भएकोले यसबारे प्रमबाट स्पष्ट नभएसम्म संसद अवरोध गर्ने उल्लेख गर्नुभयो ।

विशेष समयमा नेकाका सांसद केसीले माओवादीका पूर्वउपराष्ट्रपति नन्दकिशोर पुनले आफ्नै निर्वाचनमा ५ रोपनी जग्गा किनेर आलिसान भवन बनाएर बसेको उल्लेख गर्दै अहिले पूर्वउपराष्ट्रपति पुनको सचिवालय नै सुन तस्करीमा मुछिएको अर्थमन्त्री वर्षमान पुनको पनि सुन तस्करसँग १९ पटक फोन वार्ता गरेको सार्वजनिक हुनुपर्नेमा जोड दिनुभयो ।

माओवादीका डिलराज पाण्डेले प्रम दाहालको जवाफ चैत ४ र ६ गते आउने कार्यसूची नै भएको हुँदा बैठक अवरोध गर्न नपर्ने उल्लेख गर्नुभयो ।

नेकाका प्रमुख सचेतक रमेश लेखकले छानबिनमा परेका मन्त्रीमा बस्न नहुने विषय हिजो प्रमुख विपक्षी एमालेको पनि अडान भएको उल्लेख गर्दै गृहमन्त्री लामिछानेको प्रस्ताव कार्यसूचीबाट हटाउनुपर्नेमा जोड दिनुभयो ।

नेकाले बैठक अवरोध गरेपछि बैठक अपरान्ह २:१२ बजेर १५ मिनेटको लागि स्थगित भयो ।

१५ मिनेटको लागि स्थगित भएको बैठक २ घण्टा पछाडि सुरु भयो । सभामुख घिमिरेले गृहमन्त्री लामिछानेलाई प्रस्ताव पेस गर्न समय दिनुभयो । नेकाका सांसदहरू सभामुखको अगाडि पुगेर सहकारी पीडितलाई न्याय र गृहमन्त्री लामिछाने राजीनामा दे नारा लगाउनुभयो ।

गृहमन्त्री लामिछाने आफ्नो स्थानमा उभिएर बस्नुभयो ।

सभामुख घिमिरेले बैठक चैत ४ गते बिहान ११ बजेको लागि स्थगित गर्नुभयो ।

# अन्तरनगर महिला कबड्डी प्रतियोगिता सम्पन्न : आपसी मित्रतामा जोड



भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ ( रोहित) ले फागुन २९ देखि चैत ३ गतेसम्म भएको अन्तरनगर महिला कबड्डी प्रतियोगिता सफलतापूर्वक सम्पन्न भयो ।

भक्तपुरको सहिद स्मृति खेलमैदानमा भएको समुद्घाटन समारोहमा प्रमुख अतिथि बिजुक्छेँले खेलकुद महिलाहरूलाई शारीरिक र मानसिकरूपले बलियो बनाउने सशक्त माध्यम भएको बताउनुभयो ।

खेलकुदमा सहभागी महिलाहरू अरूभन्दा तुलनात्मकरूपमा सभ्य, अनुशासित र निडर हुने उल्लेख गर्दै उहाँले खेलकुद स्वास्थ्य र तन्दुरुस्तीको निम्ति भएको बताउनुभयो ।

खेलकुदको नियमअनुसार खेलाडीहरूले उत्साहपूर्वक प्रतियोगितामा सहभागी हुन आग्रह गर्दै अध्यक्ष बिजुक्छेँले खेलमा हार जित स्वाभाविक भएको र खेलाडीहरूबिच आपसी मित्रता कायम गर्ने अवसर पनि भएको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले विभिन्न नगरपालिकाबाट सहभागी खेलाडीहरूलाई भक्तपुर नपामा स्वागत गर्दै खेलकुदको माध्यमबाट देशका विभिन्न नपासँग सुमधुर सम्बन्ध विस्तार गर्ने उद्देश्यले प्रतियोगिताको आयोजना भएको बताउनुभयो ।

जनप्रतिनिधि र खेलाडीहरूसँग अनुभव आदानप्रदान गर्ने राम्रो अवसर हुने बताउँदै उहाँले खेलाडीको प्रतिभा प्रदर्शन गर्ने अवसरको रूपमा प्रतियोगितालाई उपयोग गर्न खेलाडीहरूलाई मार्गनिर्देश गर्नुभयो ।

भक्तपुर नपाले खेलकुदलाई पनि प्राथमिकतामा राख्दै हरेक नागरिकलाई खेलकुद र शारीरिक अभ्यासमा सहभागी गराउने प्रयास चालु राखेको स्पष्ट गर्दै उहाँले भक्तपुर नपाले नियमित खेलकुद प्रशिक्षणको पनि आयोजना गर्दै आएको बताउनुभयो ।

वाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले अन्तरनगर खेलकुद प्रतियोगिता आयोजनाले देशका विभिन्न नगरपालिकाका खेलाडी र नगरवासीहरूबिच मैत्रीपूर्ण सम्बन्ध, आपसी सद्भाव विकास हुने बताउँदै देशलाई स्वस्थ बनाउन त्यहाँका नागरिकहरू मानसिक र शारीरिकरूपमा स्वस्थ हुनुपर्ने धारणा राख्नुभयो ।

खेलकुदलाई राज्यले उच्च प्राथमिकतामा राख्नुपर्छ भन्दै उहाँले देश हाँक्नेहरूसँग अनुशासन नहुँदा नेपाली जनताले अप्ठेरो अवस्था महसुस गरिरहेको बताउनुभयो । शासकहरूले खेलाडीहरूको देशप्रेम र अनुशासनबाट पनि केही पाठ सिक्नुपर्ने बताउँदै उहाँले नयाँ पुस्ताले आ-आफ्नो तर्फबाट अनुशासनको प्रदर्शन गर्नुपर्छ भन्नुभयो ।

नेपाल कबड्डी सङ्घका अध्यक्ष तुलसा थापाले महिला कबड्डी आयोजनाले भक्तपुर नपाप्रति आभार प्रकट गर्दै गाउँगाउँमा पूर्वजहरूले खेल्ने कबड्डी खेल अन्तर्राष्ट्रिय क्षेत्रमा पनि तीव्रगतिले विकास हुँदै आएको बताउनुभयो ।

खेलकुद विकासमा तीनवटै तहका सरकारहरूमाझ समन्वय आवश्यक भएको बताउँदै उहाँले नेपालका खेलाडीहरूलाई विदेश पलायन हुनबाट रोक्न नेपालमै रोजगारीको सुनिश्चितता गर्नुपर्ने धारणा राख्नुभयो ।

भनपा वडा नं. १ का वडाध्यक्ष एवं युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले अन्तरनगर महिला कबड्डी प्रतियोगितामा १५ वटा नगरपालिका सहभागी रहेको बताउनुभयो । उहाँले प्रतियोगितामा प्रथम हुने टीमलाई रु. १ लाख ५० हजार, दोस्रो हुनेलाई रु. १ लाख, तेस्रो र चौथो हुनेलाई रु. ५०-५० हजार नगद पुरस्कारको व्यवस्था गरेको जानकारी गराउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, भनपा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवाल, युवा तथा खेलकुद समितिका सदस्य रामसुन्दर बासीले पनि बोल्नुभएको थियो ।

### बिजुक्छेँसित खेलाडीहरूको भेटघाट

प्रतियोगिताकै क्रममा फागुन ३० गते नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले खेलकुदलाई अतिरिक्त क्रियाकलापसँग मात्र नजोडी देशको शिक्षा, स्वास्थ्य र संस्कृतिसँग पनि जोड्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा भइरहेको अन्तरनगर महिला कबड्डी प्रतियोगिताका सहभागी खेलाडीहरूसँग भेटघाट कार्यक्रममा अध्यक्ष बिजुक्छेँले खेलकुदमा महिलाहरूको प्रस्तुति रोचक भएको बताउँदै महिलाहरूले खेल जीवनलाई निरन्तरता दिनुपर्छ भन्नुभयो ।

विकसित देशहरूले खेलकुदको विषयमा विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्ने व्यवस्था गरेको प्रसङ्ग जोड्दै उहाँले नेपालमा पनि बिस्तारै खेलकुद विषयको अध्ययन अध्यापन र उच्च शिक्षा पाउने बन्दोबस्त हुँदै जाने विश्वास दिलाउनुभयो ।

खेल शारीरिक र मानसिक स्वास्थ्यको लागि आवश्यक विषय भएको उल्लेख गर्दै उहाँले अनुशासन, समय परिपालना खेलाडीहरूको राम्रो र स्वागतयोग्य पक्ष भएको बताउनुभयो ।

प्रतियोगिता अवधिभर खेलाडीहरूलाई उत्साहित बनाइराख्नुपर्ने भन्दै अध्यक्ष बिजुक्छेँले विद्यार्थी जीवनमा सिकेको ज्ञान र सिप जीवनभर अङ्गीकार गर्नुपर्ने बताउनुभयो ।

खेलकुद देश विदेशको राजनीति र लडाइँसँग पनि जोडिएको विषय भएको स्पष्ट पार्दै उहाँले अन्तर्राष्ट्रिय जगतमा खेलाडीहरूले आफूलाई देशको राजदूतको रूपमा प्रस्तुत गर्नुपर्छ भन्नुभयो ।

देशको रक्षा गर्न र शत्रुमाथि हमला गर्ने भावनाले खेलकुदलाई अगाडि बढाउनुपर्नेमा जोड दिँदै उहाँले खेलाडीहरूले नागरिक भावनाले प्रतियोगितामा सहभागी हुनुपर्छ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर क्षेत्रफलको आधारमा सानो नगर भए पनि कला संस्कृतिले समृद्ध र संसारकै जीवित सङ्ग्रहालयको रूपमा परिचित नगर भएको बताउनुभयो ।

प्रतियोगितामा सहभागी खेलाडीहरूलाई भक्तपुर नपाबाट सञ्चालित कलेज र अस्पताल अवलोकनको उद्देश्यमाथि प्रस्ट पार्दै उहाँले जनताको अझ बढी सेवा गर्ने उद्देश्यले भक्तपुर नपाले काम गरिरहेको बताउनुभयो ।

मेडिकल कलेज सञ्चालन गर्ने उद्देश्यअनुरूप ख्वप विश्वविद्यालय सम्बन्धनको लागि भक्तपुर नपाले निरन्तर पहल गर्दै आएको स्मरण गराउँदै उहाँले भक्तपुर नपालाई ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास गर्ने नगरपालिकाको उद्देश्य रहेको बताउनुभयो ।

कार्यक्रममा जिल्ला कबड्डी सङ्घ दार्चुलाका प्रशिक्षक श्यामराजा अवस्थीले भक्तपुर नपाको आयोजनामा भएको महिला कबड्डी प्रतियोगिता निकै उत्साहपूर्वक सञ्चालन भइरहेको र प्रतियोगिताका सहभागीहरूलाई नपाले खान र बस्ने व्यवस्थाले खेलाडीहरूलाई धेरै सहजता प्राप्त गरेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले विभिन्न नगरपालिकाबाट उपस्थित खेलाडीहरूलाई खेलमार्फत जोडिएको सम्बन्धलाई अझ प्रगाढ बनाउँदै लानुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा भएको अन्तरनगर महिला कबड्डी प्रतियोगितामा १५ वटा नगरपालिकाबाट सहभागी खेलाडीहरूले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज, ख्वप अस्पताल, ख्वप इन्जिनियरिङ कलेजसहित सातवटा संस्थाहरूको स्थलगत अवलोकन गरेका थिए ।

### मेलौली नगरपालिका प्रथम

प्रतियोगिता समापन समारोहका प्रमुख अतिथि, नेमकिपाका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले गणतन्त्रमा समेत सहिदहरूको सपना पूरा नभएको र यसमा सिंहदरबारमा बस्ने राजनैतिक पार्टीहरू प्रमुख दोषी रहेको बताउनुभयो । सहिदहरूको सपना पूरा गर्न विद्यालय शिक्षा निःशुल्क, रोजगारी, योग्यताअनुसार काम दिनुपर्ने र दिन प्रतिदिन व्यापार घाटा बढ्दै जाँदा देशको अर्थतन्त्र खतरामा पुगेको बताउनुभयो । उहाँले सरकारबाट नै नेपालको चुरे क्षेत्र दोहन भइरहेको र तराई मरुभूमिमा परिणत हुने खतरा बढेको बताउनुभयो । नेपालका सबै नदीनाला भारतलाई सुम्पिने काम नेपाल र नेपाली जनताको हितमा नभएको स्पष्ट पार्दै अन्तरनगर कबड्डीमार्फत नपाले सहिदहरूलाई सम्झिरहेको बताउनुभयो ।

भनपाका प्रमुख सुनिल प्रजापतिले भनपाले खेलकुद क्षेत्रलाई प्राथमिकता राख्दै आएको र घोषणापत्रअनुसार काम गर्दै आइरहेको बताउनुभयो । नपाले खेलकुद क्षेत्रमा नियमित प्रशिक्षण दिँदै आइरहेको अवगत गराउँदै अन्तरनगर खेलकुद प्रतियोगिताले नगरपालिकाबिच एक आपसमा अनुभव साटासाट गर्ने अवसर प्राप्त भएको बताउनुभयो । समाजमा महिला र पुरुषबिच असमानता रहेकोले महिलालाई खेलकुद क्षेत्रमा आकर्षित गर्ने उद्देश्यले नगरपालिकाले नेपालमै पहिलोपटक महिला कबड्डी प्रतियोगिता आयोजना गरेको बताउनुभयो । साथै सरकारकै नीतिका कारण युवा जनशक्ति बिदेसिनु परेको उहाँले बताउनुभयो ।

वाग्मती प्रदेश सभाका सदस्य सृजना सैंजुले भक्तपुर नपाले अन्तरनगर खेलमार्फत पालिका र पालिकाबिच खेलकुदले जोडेको बताउनुभयो । भक्तपुरको शैक्षिक, धार्मिक, रहनसहन, स्वास्थ्य, पर्यटन प्रचारप्रसार हुने र यसले नगरपालिकाबिच सहकार्य र मित्रता बढ्ने बताउनुभयो । महिलाबिचको खेलकुद प्रतियोगिताले खेलजगतमा महिलाको सक्रिय सहभागिता बढ्ने र कामदारवर्गको छोरीलाई जुझारु बन्न प्रोत्साहित हुने बताउनुभयो ।

कार्यक्रममा एसियन कबड्डी फेडेरेसनका उपाध्यक्ष बिनोद प्रजापतिले भनपाले आयोजना गरेको महिला कबड्डी प्रतियोगिताप्रति आभार प्रकट गर्दै महिला कबड्डी खेलको विकासमा भक्तपुर नगरपालिकाको भूमिका अत्यन्तै महत्त्वपूर्ण रहेको बताउनुभयो । उहाँले २०५५ सालमा नपाले अन्तरनगर पुरुष कबड्डी प्रतियोगिता आयोजना गरेको स्मरण गर्नुभयो ।

शनिबार भएको बुटवल उपमहानगरपालिका र मेलौली नगरपालिकाबिचको फाइनल खेलमा मेलौलीले बुटवललाई ५२-२० अङ्कले पराजित गऱ्यो भने मेलौलीका रविना चौधरी म्यान अफ द म्याच घोषित भएकी थिइन् ।

कार्यक्रममा प्रमुख अतिथि सुवालले विजयी प्रतियोगीहरूलाई प्रमाणपत्र, शिल्ड र नगद पुरस्कार वितरण गर्नुभएको थियो ।

अन्तरनगर महिला कबड्डी खेलमा बेस्ट रेडतर्फ मेलौली नपाका रविना चौधरी, बेस्ट डिफेन्डरतर्फ मेलौली नपाका रोशनी साउद, सर्वोत्कृष्ट खेलाडीतर्फ मेलौली नपाकै जयन्ती बडु घोषित भएका थिए ।




भारतीय...

- विमस्टेकको उद्देश्यमा सदस्य देशको आर्थिक विकास, सामाजिक प्रगति, प्राविधिक र वैज्ञानिक क्षेत्रमा साझा हित, तालिम र अनुसन्धान, रोजगारी सृजना, स्रोतको उत्तम उपयोग, अन्तर्राष्ट्रिय आतङ्कवाद र अन्तरदेशीय अपराधविरुद्ध लड्ने, जलवायु परिवर्तन, सङ्क्रमण रोग वा रोगसँग लड्ने अन्तर्राष्ट्रिय सङ्गठनसँग सम्बन्ध, गरिबी उन्मूलन, बहुआयामिक आवद्धता र व्यापारमा लगानी उल्लेख छ ।
- रोजगारी सृजनाको अर्थ नेपाली युवालाई 'भाडाको सिपाही' वा १७१ देशको बहुराष्ट्रिय कम्पनीको लागि सस्तो ज्यामी बन्न पठाउने होइन । स्रोतको अधिकतम उपयोगको अर्थ नेपालको जलविद्युत् र पानी, चुरेको गिटी, ढुङ्गा र बालुवा भारतीय एकाधिकार पुँजीलाई दिनु होइन ।
- विमस्टेकको सिद्धान्तमा सार्वभौम समानता, आन्तरिक मामिलामा हस्तक्षेप, पारस्पारिक सम्मान उल्लेख छ । तर, दक्षिण एसिया र दक्षिण पूर्वी एसियाली देशलाई विमस्टेकले एक बनाउन सकेन । चीनलाई सार्कको सदस्य बनाइएन भने सार्कको बैठक नभएको पनि धेरै भयो । सार्कको अध्यक्ष देश नेपाल सरकार केही नगरी बसेको छ ।
- एक समय अङ्ग्रेजले आफ्नो उपनिवेश हिन्दुस्तानको नक्सामा म्यानमार, श्रीलङ्का, नेपाल, भुटानसमेत समेटेको थियो । त्यसबेला लाओस, कम्बोडिया, भियतनाम फ्रान्सका उपनिवेश थिए भने बिचको देश थाइल्यान्ड तटस्थ थियो । अहिले अखण्ड भारतको त्यही नक्सा पुर्नजीवित गरिएको छ ।
- अखण्ड भारतको नक्सा विमस्टेकको एक उद्देश्य सार्वभौम समानता विपरीत छ । परराष्ट्र मन्त्रीले भर्खरै संसद्मा स्वाधीनताको रक्षा गर्ने बताउनुभयो । तर, विमस्टेक सदस्यको अर्थ नेपाल सार्वभौम होइन र भारतीय विस्तारवादको पिछलग्गु भएको पुष्टि गर्छ ।
- नेपालको सत्ता गठबन्धन परिवर्तन हुनेबारे ३ महिना अगाडि नै नेपालका प्रधानमन्त्री पुष्पकमल दाहालले युगाण्डामा भारतीय विदेश मन्त्रीलाई जानकारी गराउनुपर्ने अवस्थाले नेपाल सरकार भारत सरकारको पिछलग्गुजस्तै भएको किन होइन ? राणा प्रधानमन्त्री जंगबहादुरको बेलायत भ्रमणपछि नेपालका प्रधानमन्त्रीहरू बेलायत भक्त भएको इतिहास पढाइन्छ । बेलायतबाट भारत मुक्त भएपछि नेपालका शासक दलहरू भारतसमेतको भक्त हुँदै आएका छन् । विमस्टेक सम्झौतामा सदस्य देशका विद्यालय शिक्षा निःशुल्क र अनिवार्य गर्ने, विश्वविद्यालय शिक्षा निःशुल्क गर्ने, जनताको घरघरमा ताला लगाउन नपर्ने गरी सांस्कृतिकस्तर माथि उठाउने विषय किन लेखिएन ? नेपाल सरकारले यो विषय किन उठाएन ?
- दक्षिण एसियाका भारत-चीन-पाकिस्तान सहयोगका वकालतकर्ता तथा भारतका पूर्वप्रम अटलविहारी वाजपेयीका विदेश मामिला सहयोगी सुधिन्द्र कुलकर्णीले अन्तर्राष्ट्रिय एक पत्रिकामा लेख्नुभयो- "युरोपेली सभ्यताको श्रेष्ठता स्थापित गर्न खोज्दा पहिलो र दोस्रो विश्वयुद्ध भयो भने करोडौं जनताको मृत्यु र पूर्वाधार विनाश भयो । अहिले अमेरिकी प्रशासनले पश्चिमी प्रवृत्तिलाई अस्वीकार नगर्दा अवैध युद्ध रोकिएन ।"
- उहाँले थप लेख्नुभयो- "चीनको नयाँ विकासको ढाँचा महत्त्वपूर्ण छ । चीनले कुनै देशलाई उपनिवेश बनाउँदैन । अमेरिकी र पश्चिमी प्रतिबन्धलाई सामना गरी चीन संसारको दोस्रो अर्थतन्त्र भयो । चीनले टाढाका देशविरुद्ध घातक युद्ध गरेर प्रविधि दुरुपयोग गरेको छैन । चारदशकमा चीनले आफ्ना ८० करोड जनतालाई गरिबीबाट मुक्त गऱ्यो । अहिले चीनले आफ्ना देशका विकासका अनुभव अरू देशलाई बाँडिरहेको छ । बीआरआई यही हो । पाँचहजार वर्षको इतिहास भएको चीनको संस्कृति, विज्ञान र प्रविधिले विश्वमा सद्भाव खोजेको छ ।" यसकारण चीनको अनुपस्थितिमा दक्षिण एसियामा विमस्टेक अपुरो हुन्छ । यो विषय राखेर मात्र पारित गर्नुपर्छ । सरकारको ध्यान जाओस् । यो विषय नसमेटिएमा नेपाल मजदुर किसान पार्टीले विमस्टेकलाई समर्थन गर्ने छैन ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले २०८० चैत ५ गते प्रतिनिधिसभाको बैठकमा उपप्रधान मन्त्री तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले 'विमस्टेक बडापत्र' माथि सामान्य छलफल गरियोस् भनी राख्नुभएको प्रस्तावमाथि छलफलमा राख्नुभएको मन्तव्यको सार । यो बडापत्र निणर्यार्थ पेश हुँदा सांसद सुवाल एक्लैले विपक्षमा मत दिनुभयो । शासक दलहरूको बहुमतबाट बडापत्र पारित गरियो-सं)*

# तेस्रो नेपालभाषा साहित्य त:मुंज्या हाडीगाउँमा हुने

काठमाडौँ । नेपालभाषा साहित्य त:मुंज्या काठमाडौँ महानगर समितिको आयोजनामा चैत १० गते हुन गइरहेको तेस्रो नेपालभाषा साहित्य त:मुंज्याको नर: (हाडीगाउँ) काठमाडौँमा तयारी भेला भयो ।

उक्त भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा काठमाडौँ जिल्ला अध्यक्ष नारायण महर्जनले प्रगतिशील साहित्य लेखनमा जोड दिनुभयो ।

साहित्य जनताको चेतनास्तर उकास्न लेखिनुपर्ने उल्लेख गर्दै उहाँले नेपालभाषा साहित्य लेखनले भाषिक आन्दोलनको साथै काठमाडौँवासीहरूमा वर्गीय भावना पुग्ने बताउनुभयो ।

नेपालभाषा साहित्य त:मुंज्याका सल्लाहकार राजवीर डंगोलले रोमन सभ्यता, सिन्धुघाटी सभ्यता सम्पन्न भएझैँ नेपालभाषा साहित्यले नेवा: सभ्यतालाई समृद्ध गर्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपालभाषा साहित्य त:मुंज्या काठमाडौँका सदस्य अकलमान महर्जनले ऐतिहासिक नगर नर: (हाडीगाउँ) मा हुन लागेको तेस्रो नेपालभाषा साहित्य त:मुंज्या कार्यक्रम आयोजना गर्न पाउँदा गर्व महसुस भएको बताउनुभयो ।

नेपालभाषा साहित्य त:मुंज्या काठमाडौँका अध्यक्ष रत्ना शेर्पा डंगोलले तेस्रो नेपालभाषा साहित्य त:मुंज्या सफल पार्न सबै तहबाट सहयोग पुऱ्याउन अनुरोध गर्नुभयो ।

कार्यक्रममा नरमान महर्जन, कुलनारायण डंगोल, ममता महर्जन, गोपाल डंगोलले आ-आफ्नो विचार व्यक्त गर्नुभयो । त:मुंज्यामा साहित्यकारबाट साहित्य वाचन गर्नुका साथै नृत्य, सङ्गीत आदि पनि रहेको छ । कार्यक्रममा स्थानीय सांस्कृतिक बाजाका गुरु र संस्कृतिकर्मीहरूलाई सम्मान गरिनेछ ।

# गैरआवासीय नेपालीलाई नागरिकता दिने कानुनी बन्दोबस्त खारेज गर्नुपर्ने

नेपालीहरू विभिन्न देशमा गएर नेपालको नागरिकता त्याग गरेर बसेकाहरू लाखौं छन्। संसारभर छरिएर रहेका नेपाली मूलका विदेशी नागरिकहरू जसलाई गैरआवासीय नेपाली भनिन्छ तिनीहरूलाई संसद्ले नागरिकता कानुनमा संशोधन गरी आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार प्रदान गर्ने व्यवस्था गर्‍यो। लामो समयदेखि सङ्घर्षरत गैरआवासीय नेपालीहरू त्यस कानुनी व्यवस्थाबाट धेरै खुसी भए र तिनीहरूले शासक दलहरू नेका, एमाले र माओवादीलाई धन्यवाद दिए।

प्रधानमन्त्री प्रचण्डले गैरआवासीय नेपाली सङ्घका प्रतिनिधिहरूलाई प्रधानमन्त्री निवास बालुवाटारमै बोलाएर त्यही नागरिकता दिए। गैरआवासीय नेपाली नागरिकहरूलाई नागरिकता दिएको जस लिन शासक दलहरूमा एक प्रकारको प्रतिस्पर्धा नै देखिएको थियो। नागरिकता लिएकामध्येका एक जनाले तत्कालै भने, "हाम्रो अन्तिम गन्तव्य राजनीतिक अधिकार सहितको नागरिकता हो; अब हाम्रो आन्दोलन राजनीतिक अधिकार प्राप्त नभएसम्म जारी रहनेछ।"

अहिले भारतबाहेक अन्य तेस्रो देशमा गएर विदेशी नागरिक भएर बसेका नेपाली मूलका विदेशीहरूले सजिलै नेपाली नागरिकता पाउने भएका छन्। गैरआवासीय नेपालीहरूले विदेशमा कमाएका सम्पत्ति वा पुँजी नेपालको विकास निर्माणमा लगानी गराउने, नेपालको आर्थिक र सामाजिक विकासमा सहयोग गर्ने भने शासक दलहरूको उद्देश्य देखिन्छ। तर त्यो सपनामा मात्र सीमित हुनेछ।

गैरआवासीय नेपालीहरूलाई नेपालको विकास निर्माणमा लगानीको ढोका खोल्नुको अर्थ तिनीहरूलाई शासन र शोषण गर्न खुला गर्नु हो। नेपालप्रति माया भएको भए नेपालको विकासमा सहयोग गर्न यसअघि केले रोकेको थियो ? नेपाली नागरिकता त्यागेर विदेशमा ऐस आरामको जीवन बिताउने, आफ्नो श्रम र सीप विदेशीको लागि खर्च गर्नेहरूले कसरी देशको निम्ति सहयोग गर्छन् भनेर कसरी विश्वास गर्न सकिन्छ ? तिनीहरू रुस युक्रेनजस्तै युद्ध भएमा वा विदेशमा सङ्कट आए नेपालमा आउने र नेपालमा समस्या परेमा विदेशमा भाग्ने एक प्रकारको अवसरवादी मात्र हुनेछन्। तिनीहरूलाई नागरिकता दिएर नेपाल र नेपालीहरूलाई फाइदा होइन नोक्सान मात्र हुने निश्चित छ।

विदेशमा बसेका नेपालीहरूलाई मताधिकारको व्यवस्थाबारे पनि चर्चा भएको छ। त्यसमा गैरआवासीय नेपालीहरू पनि पर्ने भए नेपालको राजनीतिमा त्यसले कस्तो असर पार्छ ? ६०-७० लाख विदेशमा बस्ने नेपालीहरू र गैरआवासीयहरूले मतदानको अधिकार पाएमा तिनीहरू स्वयं संसदको उम्मेदवार बन्ने र सांसदको रूपमा निर्वाचित हुने अवस्था आउनेछ। तिनीहरू जुन देशको नागरिकता लिएर बसेका छन् त्यहाँको राजनीतिक प्रभाव अवश्य परेको हुन्छ। त्यस्तो बेला नेपालको सार्वभौमिकतामा कस्तो असर पर्छ ? सोचनीय विषय हो।

नेपालको संविधानमै गैरआवासीय नेपाली नागरिकता प्रदान गर्ने व्यवस्था गरेको हुँदा संविधान निर्माणकै क्रममा त्यो कमजोर हुन गएको देखिन्छ। अहिले संसद्ले कानुन बनाएर सहज बनाइदिएको छ।

नेपाली शासकहरू नागरिकता वितरणमा किन यति हतार गर्छन् ? आश्चर्यको विषय हो। यदि देशभक्तिको भावना भएको भए अरू सबै सुविधा दिएर पनि नेपाली नागरिकतामा कडाइ गर्नुपर्ने हो। संसद्ले एकातिर विदेशीलाई सहजै नागरिकता दिने राष्ट्रघाती नागरिकता ऐन बनाउँछ अर्कोतिर गैरआवासीय नेपालीलाई नागरिकता दिने कानुन बनाउँछ। वास्तवमा नेपाल र नेपाली जनताप्रति त्यो एक प्रकारको घात हो र देशघाती कदम हो। गैरआवासीय नेपालीलाई नागरिकता दिने बन्दोबस्त तुरुन्तै खारेज गर्नु आवश्यक छ।

एकक्षण — प्रधान

# आदर निकेतन-१

एउटा ठूलो बैठक कोठा छ, गोलो आकारको एक टेबुलको चारैतिर मेचहरू राखिएका छन्। ती मेचहरू होचो र उँचो गर्नु हुने खालका छन्। बैठक कोठाको चारै दिशामा कोठाहरूका समान उचाइ र चौडाइका कोठाहरू छन्। ती कोठाहरूमा ज्येष्ठ नागरिकहरू आराम गर्ने उद्देश्यले बनेका ठिक्क उचाइ तल-माथि गर्न हुने खाटहरू छन्। खाटको तीनैतिर अर्थात् तल र माथितिर जस्तै दायाँतिर पनि बारजस्तै अचानक पल्टिँदा तल नखस्ने खालको छ। त्यस्तै खाटको बायाँतिरको किनारामा शिरान र पाइतलातिर रेलिङ जोडिएको र बिचमा बस्ने र खाटमा खुट्टा लैजान हुने चुकुलको बन्दोबस्त छ। साना र ठूला नरम तकियाको बन्दोबस्त छ।

बिहान ६-७ बजे उठ्ने मधुरो घण्टी बज्छ र अनि एक सुन्दर धुनसहित नेपालको प्राकृतिक छट्टाहरूको चित्रण भएका गीत सुमधुर स्वरमा बजिरहेको हुन्छ।

गीतबाट सबै ज्येष्ठ नागरिकहरू प्रफुल्ल हुँदै आ-आफ्नो ठाउँमा उठेरै गीतकै धुनमा सरल र सजिलो शारीरिक अभ्यास वा हात खुट्टा चलाउने क्रिया ५ मिनेटसम्म चल्छ। बिस्तारै सबै सहभागीहरू आरामको अनुभव गरेका देखिन्छन्।

ती ज्येष्ठ नागरिकहरूको लामको बिच बिचमा र पछाडि चिकित्सक, नर्स बहिनी र अन्य सहयोगी र स्वास्थ्यकर्मीहरू पनि साथ दिइरहन्छन्। यो एक प्रकारको सङ्गीतसहितको नाच नै भने पनि अत्युक्ति नहोला।

५-१० मिनेटको आरामपछि बिहानको खाना वा ब्रेकफास्ट हुन्छ, त्यसमा एकरूपता हुँदैन, उमेर, रोग र शरीरअनुसारको आहार विशेषज्ञ र चिकित्सकहरूको सल्लाहअनुसार को खानाका परिकारहरू हुन्छन्। पाउरोटीभन्दा पनि नरम ढङ्गले बनाइएको गहुँ, जौ, फापर आदिका स- साना रोटी, अण्डा वा कुखुराका फुल र पातला एवं नरम स-साना टुक्रा मासु, चिया, दूध आदि पेयहरू छन्।

त्यसपछि चौरमा बिस्तारै आ-आफ्नो स्वास्थ्यअनुसार ४-५ र ५-१० मिनेट बिस्तारै हिँडडुल गर्छन्। त्यसपछि आ-आफ्नो कोठामा आरामको निम्ति बिदा हुन्छ, कसै कसैलाई सहयोगीहरूले हात समातेर वा सहारा दिएर आ-आफ्ना खाटमा आरामको निम्ति बन्दोबस्त गराउँछन् र बिहान खाने औषधिहरूको सेवनपछि ज्येष्ठ नागरिकहरू बिस्तारै आराम गर्छन्।

**आराम गर्ने कोठाहरू**

हरेक दिशाका कोठाहरूको आकार र क्षेत्रफल झन्डै समान छन्। खाटको नजिकै दराज र त्यसमा पुस्तक, कापी, कलम आदि सामान छन् - चस्मा राख्ने बट्टा आदि।

अगाडि एक चौकुने स-साना टेबुल छन्, टेबुलमा औषधिका बट्टाहरू र सामानहरू छन्। पानी खाने ग्लास आदि आफ्नै खाटनेर छन्।

खाटमा झुन्ड्याइएको स्वीच अर्थात् दायाँ र बायाँ एउटा अर्को रातो र सेतो झुन्डिएको हुन्छ। केही सहयोग चाहिएमा रातो बत्ती बल्छ र फोन उठ्दछ। तुरुन्तै नम्बरको कोठामा नर्स र चिकित्सक पुग्छन् र आवश्यक बन्दोबस्त गरिहाल्छन्।

केही लेख - पढ गर्नैपर्‍यो भने उज्यालोको निम्ति रातो स्वीच दबाए उज्यालो बत्ती बल्छ।

कोठासँगै अलग-अलग स्नानगृह र सौच गर्ने शौचालय हुन्छन्। त्यहाँ स्नान, शौच र हातमुख धुने सबैको निम्ति चिसो र तातो पानीको बन्दोबस्त गरेको हुन्छ। शौचपछि सफा गर्ने चुकुल खोलेपछि चिसो वा तातो पानी आफूले भनेजस्तै आफैं सफा गर्छ। शौच गर्ने बेला र उठ्दा घुँडा वा खुट्टा दुख्नेहरूका निम्ति दायाँ-बायाँ समाउने काठको नरम कपडाको खोल भएको डण्डीको बन्दोबस्त गरेको हुन्छ वा सहयोगीहरू रातो बत्ती बल्नासाथ सहयोग गर्न आइपुग्छन्।

**बिहानको खाना**

१२ बजदा नबज्दै ज्येष्ठ नागरिकहरू उठेर बिस्तारै कोठा बाहिर पुग्छन् र सहाराको आवश्यक ज्येष्ठहरू पनि सहयोगीहरूसँगै आ-आफ्ना स्थानमा आसन ग्रहण गर्छन्। अलि स्वस्थ ज्येष्ठहरू आधा एक घण्टाअघि नै आएर पत्रपत्रिका हेरिरहन्छन्, आपसी कुराकानीमा व्यस्त देखिन्छन्। १२ बजेतिर बिस्तारै आ-आफ्ना स्थानमा चिकित्सक र खानपानका विशेषज्ञको सल्लाहअनुसारको खाना आइपुग्छ। खाना खान चम्चा, काँटा, चप्स्टिक चिनियाँ, कोरियाली, जापानी र अन्य दक्षिण- पूर्वी देशका जनताले मसिना दुई पेन्सिल जस्ता काठ, प्लाष्टिक र हस्ती- हाडका लट्ठीहरूले टिपेर खान्छन्। साना ठूला र चम्चा र काटाजस्ता साधनले खान्छन्। खानामा हरियो सागपात वा रसहरू हुन्छन्।

स्वास्थ्यकर्मीहरूको सल्लाहअनुसार दूध, दही, माछा, मासु, कुखुराको फुल, फलफुल के कति खाने हो सबै आवश्यक मात्रामा ज्येष्ठहरू खान्छन्।

खानापछि आ-आफ्ना कोठाहरूमा गई हातमुख धुन्छन् र कुल्ला गर्छन्। एकछिन पुन: आफ्नै चौरमा आफैं वा सहयोगीको साथ घुमफिर गर्छन् र घुमफिर पछि औषधि खाँदै आ-आफ्ना खाटमा आराम गर्न तयारी गर्छन्।

**दिउँसोको खाना**

साढे दुई घण्टामा सबै ज्येष्ठहरू आ-आफ्ना स्थानमा आराम गर्दै समसामयिक राष्ट्रिय - अन्तर्राष्ट्रिय विषयमा विचार आदानप्रदान हुँदै गर्दा सुकेका फलफुल, काजु, पेस्टा, मखन, सुकेको अङ्गुर (दाँख), बदाम आदि सुख्खा र भिजाएको आ-आफ्नो दाँत र चिकित्सकको सल्लाहअनुसार ग्रहण गर्छन्। कमजोर दाँत र दात भरिसकेका ज्येष्ठ नागरिकहरूलाई नरम फलफुलको बन्दोबस्त हुन्छ।

दूध, दही, चिया वा अन्य पेय पदार्थ र ताजा फलफुल पनि सेवन गर्न बन्दोबस्त गरिएको हुन्छ। एक-दुईटा स-साना रोटी (गहुँ, जौ, फापर आदि) को रोटी, मह आदि उपलब्ध हुन्छ र चिकित्सक र पोषणविद्को सल्लाहअनुसार ज्येष्ठहरूले ग्रहण गर्छन्।

दिउँसोको खानापछि ज्येष्ठहरू आफ्नै चौरमा डुल्दै पुस्तकालयमा पुग्छन्, पत्रपत्रिका पुस्तकहरू पढ्न आफैं वा सहयोगीहरूसँग सहयोग माग्छन्। लेख्ने इच्छा गर्नेहरूलाई कापी कलमको बन्दोबस्त हुन्छ, बोलेर टिपाउने वा टेप रेकर्ड गराउने दुवै गर्ने व्यवस्था हुन्छ।

१) शुक्रबारको दिन विद्यालयका स-साना नानीहरूसँग भेटघाटको कार्यक्रम हुन्छ - आफ्नै वा अरू परिवारका नानीहरूसँग रमाउने दिन हो,

२) शनिबार - आफन्त र अन्य समाजका पत्रकार, बुद्धिजीवी, अनुसन्धानकर्ता ( रिसर्च गर्ने) हरूसँग एक्लाएक्लै र सामूहिक भेटघाट हुन्छ।

३) देश र विदेशका राष्ट्रिय दिवस, मई दिवस, अक्टोबर दिवस या त्यस्तै महत्त्वपूर्ण अन्तर्राष्ट्रिय दिवसको दिन सम्बन्धित संस्थाहरूका प्रतिनिधिहरू आएर प्रवचन, संभाषण, गीत र सङ्गीत प्रस्तुत गर्छन् वा चित्र प्रदर्शनसमेत गर्न आउँछन्।

आ-आफ्ना विषयका ज्येष्ठ नागरिकहरूले पनि आ-आफ्ना विचारहरू प्रकट गर्छन् वा टीकाटिप्पणीहरू गर्छन्।

४) ज्येष्ठ महिला नागरिकहरूको 'आदर निकेतन'मा महिला संस्थाका महिला, युवती र छात्राहरू गाएर अभिवादन गर्छन्, महिलाहरूको वैचारिक प्रगति र भौतिक सुख सुविधा एवं समाजमा महिलाहरूप्रति देखिएको आदर र समानताको भावनाबारे बताउँदै महिला र पुरुषहरूको वर्गीय र बौद्धिक योगदानबारे चर्चा गर्छन्।

५) मङ्गलबार, बुधबार र बिहीबार पनि आपसमा वा बाहिरबाट आएका पाहुनाहरूसँग प्रेम, विवाह, साहित्य, कला, युद्ध, अन्तर्राष्ट्रिय सम्बन्ध, शान्ति आदिबारे छलफल गर्छन्।

पुँजीवाद, साम्राज्यवाद, समाजवाद र साम्यवादबारे पनि गम्भीर छलफल र विचार आदानप्रदान हुने गर्छन् ।

**देशको सार्वभौमिकता...**

गरी प्रशिक्षित र सचेत हुनुपर्छ भन्नुभयो। पुँजीवादी सरकारमा गएका पार्टीका नेता कार्यकर्ताहरूको भारतीय दलाल मानसिकता र व्यवहारले गर्दा नेपाल दिनानुदिन भारत निर्भर हुँदै गएकोमा चिन्ता व्यक्त गर्दै सांसद सुवालले पुँजीवादमा पक्षपात, भेदभाव, चाकडी, चाप्लुसी र भ्रष्टाचार हुने भएकोले कर्मचारीहरू त्यसबाट सचेत भई आफूलाई मालिक नठानी जनताको सेवक भएर काम गर्न जोड दिनुभयो। कर्मचारीहरूले जनतासँग राम्रो व्यवहार गर्न अध्ययनमार्फत आफ्नो सांस्कृतिक स्तर विकास गर्नुपर्नेमा समेत जोड दिँदै उहाँले कर्मचारीहरूले सदाचार पद्दतिमा विश्वास गर्नुका साथै दमकल र एम्बुलेन्सजस्तै चनाखो र सक्रिय भएर काम गर्नुपर्छ भन्नुभयो।

कर्मचारीहरू रामायण र महाभारतजस्ता काल्पनिक ग्रन्थका कुराहरूमा अल्झिनुहुँदैन भन्दै उहाँले मन्दिरमा मूर्तिलाई पूजा गर्नु अन्धविश्वासको काम भएकोले जनताको सेवा गर्नु नै राम्रो पूजा हुने बताउनुभयो। कर्मचारीहरूले मध्यपान र धूमपानमा लागेर ज्यान गुमाएको बताउँदै उहाँले कर्मचारी अनावश्यक तामझाम र कुलतमा फस्न नहुने भन्नुभयो। पूर्वको कर्मचारीलाई पश्चिम र पश्चिमको कर्मचारीलाई पूर्वमा नपठाई घरबाट पायक पर्नेगरी वा कर्मचारीको जन्मथलोमा नै नियुक्ति भएमा देश विकास गर्न टेवा पुग्ने बताउँदै उहाँले धेरै निवास र सवारी साधनजस्ता धेरै सेवा सुविधा कटौती भएमा देशलाई पनि आर्थिक भार न्यून हुने बताउनुभयो।

अन्तरक्रिया तथा छलफल कार्यक्रममा नेपाल कर्मचारी समाजका अध्यक्ष गौतमप्रसाद लासिवाले विधेयकमा आवास कर्जा लिने कर्मचारीले आफ्नो गृह जिल्लामा मात्र आवास बनाउन पाउने व्यवस्था गरे यसले सम्पत्ति जोड्न गर्ने भ्रष्टाचार नियन्त्रणमा मद्दत पुग्छ भन्नुभयो। उहाँले स्थानीय तहमा कर्मचारी नियुक्ति गर्ने जिम्मा स्थानीय तहलाई दिने व्यवस्था हुनुपर्छ भन्नुभयो। प्रदेश तह र स्थानीय तहका कर्मचारी तत्तत्अनुसार नियुक्ति गर्ने प्रावधान विधेयकमा हुनुपर्ने बताउँदै अध्यक्ष लासिवाले कर्मचारीबिच विभेद आउने गरी सेवा सुविधा फरक फरक गर्नु हुन्न भन्नुभयो।

स्थानीय तहको स्वायत्तताको मर्म विपरीतको प्रावधानहरू हटाउनुपर्नेमा जोड दिँदै अध्यक्ष लासिवाले कर्मचारीहरू सेयर कारोबारमा लाग्न सक्ने र कर्मचारीलाई राजनैतिक अधिकारबाट बञ्चित गर्ने प्रावधान संशोधन हुनुपर्ने आवश्यकता औंल्याउनुभयो।

कानुन अध्ययन समाजका अध्यक्ष रामप्रसाद प्रजापतिले यो विधेयक सङ्घीयताको मर्मविपरीत राजनैतिक पार्टीका नेता र उच्च पदका कर्मचारीको मिलोमतोमा ल्याएको हुनसक्ने बताउँदै उहाँले स्थानीय तहले प्रमुख प्रशासकीय अधिकृत नियुक्ति गर्न सिंहदरबार र प्रदेश धाउनुपर्ने प्रावधान हटाउनुपर्छ भन्नुभयो। उहाँले एकदुई जना भ्रष्ट कर्मचारीहरूबाट देश नै जान सक्नेबारे कर्मचारीलाई सचेत गराउने विषय पनि उल्लेख हुनुपर्ने बताउनुभयो।

भनपा वडा नं.६ का वडाध्यक्ष डा. हरिराम सुवालले विकेन्द्रीकरणको सिद्धान्तअनुसार स्थानीय तहले कर्मचारी नियुक्ति गर्ने प्रावधान विधेयकमा हुनु आवश्यक छ भन्नुभयो।

ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले ऐन कानुन निश्चित समूह र वर्गले आफ्नो स्वार्थ अनुकूल बनाउँछ यो विधेयक यसैको एउटा उदाहरण हो भन्नुभयो। उहाँले कानुन बनाउँदा कर्मचारी र जनताबिच भेद आउन दिनु हुन्न, गरिब र पिछडिएका जनताले कर्मचारी हुन पाउने प्रस्ट कानुनी प्रावधान विधेयकमा आवश्यक छ भन्नुभयो।

नेकाशिसङ्घका केन्द्रीय कोषाध्यक्ष चक्रबहादुर चाकतुले पुँजीवादी सरकारले आफ्नो आसेपासेलाई पदमा पुऱ्याउन आफ्नो अनुकूल ऐन कानुन बनाउने बताउँदै कर्मचारीबिच भेद आउन नदिन सबै तहमा कार्यरत कर्मचारीहरूलाई निजामती कर्मचारीभित्र समेटनुपर्ने बताउनुभयो।

कार्यक्रममा नेपाल कर्मचारी समाजका उपाध्यक्ष काजीबहादुर पञ्चले कर्मचारीबिच विभेद हुने खालको प्रावधान संशोधन हुनु आवश्यक छ भन्नुभयो। कर्मचारी राजाराम दुवालले विधेयकमा अधिकार प्रत्यायोजनलाई स्पष्ट पार्नुपर्ने, नेपाल स्वास्थ्य सेवा र नेपाल विज्ञान तथा प्रविधि सेवा विधेयकमा थप्नुपर्ने विषयमा स्पष्ट पार्नुभयो।

नेपाल कर्मचारी समाज र नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नगरपालिका समितिको आयोजनामा भएको समाजका सचिव शिवराम धुख्वा, कर्मचारीहरू अमोद उलक, गणेशलाल फोजू, राजाराम तजले र रामकृष्ण प्रजापतिले तीन तहको सरकारका कर्मचारी र अन्य कर्मचारीबिच विभेद नहुने गरी विधेयक संशोधन हुनु आवश्यक भएको बताउनुभएको थियो।

**देशको...**

पार्टीको मार्गनिर्देशक सिद्धान्तअनुसार बहुमत जनता किसान र मजदुरको पक्षमा राजनीति गर्नुपर्ने उल्लेख गर्दै उहाँले नेमकिपाको सिद्धान्त र विचार कामदारवर्गको हितको निम्ति हो भन्नुभयो।

किसान सङ्घको आन्दोलनले नै जनजीवनमा सहज भएको कुरा नयाँ पुस्तामाझ पुऱ्याउनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले नेमकिपाले भ्रष्टाचारको विरोध, सुस्ता बचाउ आन्दोलनलगायत देशभक्ति आन्दोलन गरिरहेको चर्चा गर्नुभयो।

जमिनदार र पुँजीपतिवर्गले गरिब जनताको सेवा नगर्ने स्पष्ट पार्दै उहाँले भन्नुभयो, "जनताको निम्ति लड्ने कार्यकर्ताहरू शत्रुसामु झुक्दैनन्; ठूला दलका नेताहरूमा राजनीतिक इमानदारिता र नैतिकता छैन।"

वर्गीय सङ्गठनहरू पार्टीको हात खुट्टा भएको हुँदा जहिल्यै क्रियाशील भइरहनुपर्ने उल्लेख गर्दै उहाँले विदेशी दलाल र देशघाती कदमको विरोध गरी धनी र गरिबको भेद हटाउन आन्दोलन गर्नुपर्ने बताउनुभयो।

आयोजक समितिका अध्यक्ष गङ्गाराम ज्याख्वको सभापतित्वमा भएको उक्त उद्घाटन समारोहमा नेमकिपा नगर समिति भक्तपुरका प्रतिनिधि विष्णुराम दुमरु, नेक्राशिसङ्घ नगर समिति भक्तपुरका अध्यक्ष गणेशराम थुसा, नेक्रामजदुरसङ्घ नगर समितिका प्रतिनिधि गणेशप्रसाद सुवालले पनि शुभकामना मन्तव्य दिनुभएको थियो।

उद्घाटन समारोहमा नेक्रायुसङ्घ नगर समितिका अध्यक्ष जगतराम धुख्वा, नेक्रामसङ्घ नगर समितिका प्रतिनिधि मीरा दुगु र नेक्राविसङ्घ नगर समितिका प्रतिनिधि उज्ज्वल ह्योंगोजुले पनि शुभकामना मन्तव्य दिनुभएको थियो।

सहिदप्रति १ मिनेट मौनधारण गरिएको सो कार्यक्रममा आयोजक समितिका सदस्य राम प्रजापतिले स्वागत मन्तव्य दिनुभएको थियो।

उक्त भेलामा पुराना अग्रज किसान कार्यकर्ता र जनआन्दोलनका योद्धाहरूको पनि उपस्थिति रहेको उक्त सम्मेलनमा पार्टीका केन्द्रीय सचिव प्रेम सुवाल, केन्द्रीय सदस्यद्वय सुनिल प्रजापति र सुरेन्द्रराज गोसाइले प्रशिक्षण गर्नुभएको थियो। सम्मेलनले गङ्गाराम ज्याख्वको अध्यक्षतामा सत्र सदस्यीय नगर समिति चयन गरेको छ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३